# स्थानीय राजपत्र

भिमाद नगरपालिकाद्वारा प्रकाशित

खण्ड १०) भिमाद भाद्र २ गते, २०८३ साल (संख्या २

## भाग २

## भिमाद नगरपालिकाको सूचना

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर सभाले बनाएको तल लेखिए बमोजिमको एकिकृत सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**बाल अधिकार संरक्षण तथा सम्वर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८३**

**प्रस्तावनाः** नगरपालिकाभित्र रहेका बालबालिकाको हक, हित तथा अधिकारको संरक्षण, सम्मान, संवर्द्धन, प्रवर्द्धन, प्रचलन र परिपूर्तिको सुनिश्चितता गर्न, नेपालको संविधान तथा प्रचलित बाल अधिकार सम्बन्धी कानूनद्वारा प्रत्याभूत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्न गराउन, बाल बचाउ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिताको अधिकारको सुनिश्चितता गर्दै बालबालिकाको सर्वोत्तम हितलाई प्रवर्द्धन गर्ने तथा बालमैत्री स्थानीय शासनको संस्थागत विकास र सुदृढीकरण गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भिमाद नगरपालिकाको नगर कार्यपालिकाले यो **"बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८३"** जारी गरेको छ।

### परिच्छेद-१

**प्रारम्भ**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८३"** रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भइ स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) **"प्रमुख"** भन्नाले भिमाद नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(ख) **"नगरपालिका"** भन्नाले भिमाद नगरपालिका सम्झनुपर्छ।

**(ग)** **"उपप्रमुख"** भन्नाले भिमाद नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ।

**(घ)** **"ऐन"** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्छ।

**(ङ)** **"स्थानीय ऐन"** भन्नाले भिमाद नगरपालिका बालबालिका सम्बन्धी ऐन, २०७९ सम्झनुपर्छ।

**(च)** **"नियमावली"** भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनुपर्छ।

**(छ)** **"परिषद्"** भन्नाले ऐनको दफा ५९ बमोजिम गठन भएको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनुपर्छ।

**(ज)** **"बालगृह"** भन्नाले ऐनको दफा ५२ तथा नियमावलीको नियम ६२ बमोजिम स्थापना वा सञ्चालन भएको तथा ऐनको दफा ६९ बमोजिम अस्थायी संरक्षण सेवा प्रदान गर्ने उद्देश्यले नगरपालिकाभित्र सञ्चालनमा रहेका बालगृह वा संस्थालाई सम्झनुपर्छ।

**(झ)** **"बाल समूह"** भन्नाले यस कार्यविधि बमोजिम समुदाय, वडा तथा विद्यालयमा रहेका अठार वर्ष उमेर पूरा नगरेका बालबालिकाहरूको भेलाबाट गठन भएका समुदायस्तरीय बाल सञ्जाल, विद्यालयस्तरीय बाल क्लब, वडास्तरीय बाल सञ्जाल तथा नगरस्तरीय बाल मञ्च सम्झनुपर्छ।

**(ञ)** **"बाल कोष"** भन्नाले विशेष संरक्षणका आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण, पुनःस्थापना तथा क्षतिपूर्ति उपलब्ध गराउने लगायतका प्रयोजनका लागि ऐनको दफा ६३ बमोजिम नगरपालिकामा स्थापना गरिएको बाल कोष सम्झनुपर्छ।

**(ट)** **"बालबालिका"** भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनुपर्छ।

(ठ) **"मन्त्रालय"** भन्नाले नेपाल सरकारको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ।

**(ड)** **"बाल कल्याण अधिकारी"** भन्नाले ऐनको दफा ६१ बमोजिम नगरपालिकामा नियुक्त वा तोकिएको बाल कल्याण अधिकारी सम्झनुपर्छ।

(ढ) **"विशेष संरक्षणका आवश्यकता भएका बालबालिका"** भन्नाले ऐनको दफा ४८ बमोजिमका नगरपालिकाभित्र रहेका बालबालिका सम्झनुपर्छ।

**(ण)** **"समाजसेवी तथा बाल मनोविज्ञ"** भन्नाले ऐनको दफा ६२ बमोजिम नगरपालिकामा सूचीकृत भएका वा सूचीकृत भई नियुक्त भएका समाजसेवी तथा बाल मनोविज्ञ सम्झनुपर्छ।

**(त)** **"समिति"** भन्नाले स्थानीय बाल अधिकार समिति सम्झनुपर्छ।

**(थ)** **"संस्था"** भन्नाले बाल अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका क्षेत्रमा प्रचलित कानूनबमोजिम दर्ता भई नगरपालिकाभित्र बालबालिकासम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ, संस्था, सँगठन, सञ्जाल वा सामुदायिक संस्था सम्झनुपर्छ।

**(द)** **"सेवा प्रदायक निकाय"** भन्नाले बालबालिकासम्बन्धी सेवा प्रदान गर्ने सरकारी निकाय, गैरसरकारी संस्था, निजी क्षेत्र, विद्यालय, स्रोत केन्द्र, नेपाल प्रहरी, प्रहरी चौकी, एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC), अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बालगृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा, बाल हेल्पलाइन सेवा तथा अन्य सम्बन्धित सेवा प्रदायक निकाय वा संस्था सम्झनुपर्छ।

(ध) **"अनाथ बालबालिका"** भन्नाले प्रचलित कानूनबमोजिम अनाथको रूपमा परिभाषित बालबालिका सम्झनुपर्छ।

(न) **"कार्यविधि"** भन्नाले "बाल अधिकार संरक्षण तथा संवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८३" सम्झनुपर्छ।

**(ऩ)** **"संरक्षक शिक्षक"** भन्नाले विद्यालयमा बाल क्लब वा अन्य बाल संस्थालाई आवश्यक सहयोग, संरक्षण तथा सहजीकरण गर्न विद्यालयले तोकेको शिक्षक सम्झनुपर्छ।

## परिच्छेद-२

## बालबालिकाको विशेष अधिकार तथा संरक्षण

३. **जन्मदर्ता तथा कानुनी संरक्षणः** नगरपालिका भित्रका ५ वर्ष मुनिका सबै बालबालिकाको जन्मदर्ता हुने व्यवस्था गरिनेछ। यसका लागि प्रत्येक वर्षको वैशाख महिनाको पहिलो हप्तालाई घटना दर्ता सप्ताह को रूपमा सञ्चालन गरिनेछ।

४. **पोषण तथा खोपको अधिकारको संरक्षण तथा प्रवर्द्धनः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सबै बालबालिकालाई तोकिए बमोजिमका खोपहरू सुनिश्चित गर्नेछ।

(२) उपदफा (१) बमोजिमको खोप व्यवस्थापनका लागि नगरपालिकाले सबै वडामा खोपको प्रकार र लगाउनुपर्ने तालिका उल्लेख भएको जानकारी बोर्डको व्यवस्था गर्नेछ।

(३) नगरपालिका भित्रका बालबालिकाको खण्डीकृत सूचना व्यवस्थापन गरी खोप लगाएका वा नलगाएका बालबालिकाको पहिचान गरिनेछ।

(४) तालिका बमोजिम खोप नलगाएका बालबालिकालाई वडा कार्यालयहरू मार्फत खोपका लागि पारिवारिक परामर्श तथा सहजीकरण गरिनेछ।

(५) नगरपालिकाले बालबालिकाको पोषणको अवस्थाबारे वडा कार्यालयहरू मार्फत प्रत्येक ६/६ महिनामा तथ्याङ्क तथा जानकारी सङ्कलन र अद्यावधिक गर्नेछ।

(६) पोषण नपुगेका बालबालिकालाई उचित पोषणको व्यवस्थाका लागि आवश्यकता अनुसार नगरपालिकाले पारिवारिक परामर्श, पारिवारिक सहयोग तथा पोषण सामग्री सहयोग उपलब्ध गराउनेछ।

(७) अति शीघ्र कुपोषित बालबालिकाको पहिचान गरी उचित परामर्श, तयारी उपचार खाना (उपलब्धताका आधारमा) प्रदान गर्नुका साथै प्रेषण (Referral) को व्यवस्था गरिनेछ।

५. **सडक बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापनः** (१) नगरपालिका भित्र रहेका सडक बालबालिकाको उद्धार गरी बालबालिकाको प्रकृति अनुसार संरक्षण तथा व्यवस्थापन गरिनेछ।

(२) नगरपालिकाले नगर प्रहरी परिचालन गरी सडक बालबालिका बस्ने वा बस्न सक्ने सम्भावित स्थान तथा क्षेत्रहरूको पहिचान, नक्साङ्कन र अनुमानित सङ्ख्या यकिन गर्नेछ।

(३) उपदफा (२) बमोजिम स्थान तथा बालबालिकाको पहिचान भए पश्चात, बाल अधिकार परिषद् एवम् बालबालिका खोजतलास सेवा (१०४) सँगको समन्वय र सहकार्यमा सडक बालबालिकालाई बालमैत्री ढङ्गले उद्धार गरिनेछ।

(४) उद्धार गरिएका सडक बालबालिकालाई यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवा केन्द्रमा संरक्षणको व्यवस्था मिलाइनेछ।

(५) सडक बालबालिकामुक्त नगरपालिका निर्माणका लागि रेकी (सङ्केत पहिचान), अनुगमन तथा उद्धार कार्य नियमित रूपमा सञ्चालन गरिनेछ।

(६) अस्थायी संरक्षण सेवा केन्द्रमा रहेका बालबालिका र तिनको परिवारको अवस्था लेखाजोखा गरी उपयुक्त ठहरिएका बालबालिकालाई परिवारमा पुनर्मिलन गराइनेछ।

(७) परिवारमा पुनर्मिलन हुन नसकेका बालबालिकाका लागि वैकल्पिक हेरचाहको व्यवस्था गरिनेछ।

(८) परिवारमा पुनर्मिलन, सामाजिक तथा संस्थागत पुनःस्थापना भएका बालबालिकाको कम्तीमा दुई वर्षसम्म प्रत्येक ६/६ महिनाको अन्तरालमा नियमित आवधिक अनुगमन गरी सोको प्रतिवेदन समिति र परिषद्लाई उपलब्ध गराइनेछ।

६. **बालश्रम रोकथाम र निषेधः** (१) नगरपालिकालाई बालश्रममुक्त बनाउनका लागि स्थानीय बाल अधिकार समितिले बालश्रममुक्त नगरपालिका अभियान सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको अभियानका लागि नगरपालिका भित्रका होटल, घर, रेष्टुरेन्ट, कारखाना, उद्योग, सार्वजनिक स्थान, सडक लगायतका क्षेत्रमा कसैले कानून विपरित बालश्रम प्रयोग गरिरहेको भए त्यस्ता कार्य तत्काल रोक्न र ती बालबालिकालाई सम्बन्धित परिवारमा पुनर्मिलन गराउन एक पटकका लागि ३० दिने सार्वजनिक सूचना जारी गरिनेछ।

(३) उपदफा (२) बमोजिमको सूचनाको अवधि समाप्त भएपश्चात देहायको प्रक्रिया अपनाई बालश्रममा रहेका बालबालिकाको उद्धार गरिनेछ ।

(क) नगरपालिका क्षेत्रमा भएका बालश्रमयुक्त क्षेत्रको पहिचानका लागि नगर प्रहरी परिचालन गरी रेकी गर्ने,

(ख) रेकीबाट पहिचान भएका बालश्रमयुक्त क्षेत्रहरूको नक्साङ्कन गरी त्यस्ता क्षेत्रहरूमा रहेका बालबालिकाको सङ्ख्या पहिचान गर्ने,

(ग) पहिचान भएका बालबालिकालाई उद्धार गर्नका लागि श्रम कार्यालयसँग समन्वय गर्ने,

(घ) उद्धार कार्य गर्नुपूर्व, उद्धार पश्चात बालबालिकालाई राख्न नगरपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा वा नजिकको बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय गर्ने,

(ङ) श्रम कार्यालयको नेतृत्वमा स्थानीय बाल अधिकार समिति, बालबालिका खोजतलास सेवा (१०४) तथा स्थानीय प्रहरीको अनिवार्य संलग्नतामा बालबालिकाको उद्धार गर्ने,

(च) उद्धार गरिएका बालबालिकालाई यस कार्यविधि बमोजिम सूचीकृत अस्थायी संरक्षण सेवा वा नजिकको बाल हेल्पलाइन (१०९८) मा संरक्षण गर्ने,

(छ) पारिवारिक खोजी तथा लेखाजोखा गरी पारिवारिक पुनर्मिलन गर्ने वा परिवारमा पुनर्मिलन हुन नसकेमा वैकल्पिक हेरचाहको व्यवस्था गर्ने।

(४) अनुगमन टोलीले नगरपालिका भित्रका क्षेत्रहरूमा बालश्रम रहे/नरहेको विषयमा त्रैमासिक रूपमा अनुगमन गर्नुपर्नेछ।

(५) नगरपालिकाले बालश्रम निवारणका लागि निजी क्षेत्रको सामाजिक उत्तरदायित्व (CSR) सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ।

(६) सडकमा जोखिमपूर्ण अवस्थामा वस्तु विनिमय (सामान बिक्री) मा संलग्न तथा माग्ने बालबालिकाको उद्धार, संरक्षण तथा व्यवस्थापन गरिनेछ।

(७) नगरपालिका भित्र सञ्चालित प्रत्येक होटल, रेष्टुरेन्ट, कारखाना, उद्योग लगायतका स्थानहरूमा "बालश्रममुक्त होटल/प्रतिष्ठान" लेखिएको बोर्ड राख्नुपर्नेछ।

(८) बालश्रम सम्बन्धी कानुनी व्यवस्थाहरूबारे नियमित रूपमा प्रचारप्रसार एवम् जनचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(९) बालबालिकालाई जोखिमपूर्ण श्रममा संलग्न गराउने व्यक्ति, परिवार वा संस्थालाई कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ।

७. **बालविवाह रोकथाम तथा निषेधः** नगरपालिकामा बालविवाह अन्त्य गर्नका लागि स्थानीय बाल अधिकार समितिले बालविवाहमुक्त नगरपालिका बनाउन देहाय बमोजिमका कार्यहरू गर्नेछ ।

(क) नगरपालिकाले स्थानीय पाठ्यक्रममा बालविवाह सम्बन्धी कानुनी व्यवस्था र बालविवाहको असर सम्बन्धी विषयवस्तु समावेश गरी लागू गर्ने,

(ख) नगर बाल अधिकार समिति, प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, बालकल्याण अधिकारी, धार्मिक गुरुहरू, र नगरपालिकामा सूचीकृत समाजसेवी तथा बालमनोविज्ञको क्षमता अभिवृद्धि गर्ने,

(ग) विद्यालयमा बाल संरक्षण मापदण्ड निर्माण गरी बालविवाहको जोखिम तथा हिंसामा परेका बालबालिकालाई मनोसामाजिक विमर्श (Counseling) सेवा प्रवाह गर्ने,

(घ) बालविवाहको जोखिममा रहेका तथा प्रभावित बालबालिकाको घटना व्यवस्थापन (Case Management) को प्रक्रिया अनुरूप योजना बनाई कार्यान्वयन गर्ने,

(ङ) नगरपालिकामा बालविवाह लगायत बालबालिका सम्बन्धी अन्य खण्डीकृत सूचना व्यवस्थापनका लागि बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (CSIMS) को स्थापना र सुदृढीकरण गर्ने,

(च) विद्यालयमा बालिकामैत्री र गुणस्तरीय शिक्षा, लैङ्गिक संवेदनशीलता, तथा पक्षपातरहित वृहत यौनिकता शिक्षा सुनिश्चित गर्ने,

(छ) विद्यालयमा बालमैत्री वातावरण र त्यसको प्रभावकारी व्यवस्थापन तथा जवाफदेहिता सुनिश्चित गर्न शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको अवधारणागत स्पष्टताका साथ क्षमता अभिवृद्धि गर्ने,

(ज) सेवा प्रदायकको जवाफदेहिता र क्षमता अभिवृद्धि गरी आवश्यकता अनुसार तत्काल र गुणस्तरीय सेवा प्रवाहका लागि समन्वय र प्रेषण प्रणालीको विकास गर्ने,

(झ) बालविवाह सम्बन्धी कानून कार्यान्वयन गर्ने अधिकारी, न्यायिक र अर्धन्यायिक निकाय लगायत अन्य सरोकारवाला निकायको क्षमता अभिवृद्धि गर्ने,

(ञ) बालविवाहसँग सम्बन्धित कसूरमा सूचना प्राप्त भएपश्चात प्रहरी लगायत अन्य पक्षबाट कानुनी दायरामा ल्याउने अभ्यासलाई प्रोत्साहित गर्ने।

८. **जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान, उद्धार तथा संरक्षणः** (१) बाल अधिकार समितिले नगरपालिका भित्र जोखिम अवस्थामा रहेका बालबालिकाको पहिचान गरी आवश्यक सेवा प्रवाह गर्नेछ।

(२) उपदफा (१) बमोजिमको जोखिममा परेका बालबालिकाको पहिचान तथा सोको अभिलेखीकरणका लागि बाल अधिकार समितिले समाजसेवीहरूलाई जिम्मेवारी दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समाजसेवीले पहिचान गरेका जोखिमी अवस्थामा रहेका बालबालिकालाई आवश्यक सेवाहरू तथा बालबालिकाको सर्वोत्तम हित सम्बन्धी विषयहरू समेत खुलाई समाजसेवीले सोको प्रतिवेदन बालकल्याण अधिकारी समक्ष पेस गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको प्रतिवेदनको अध्ययन गरी बालकल्याण अधिकारीले आफ्नो सुझावसहित उक्त प्रतिवेदन स्थानीय बाल अधिकार समिति समक्ष पेस गर्नुपर्नेछ।

(५) स्थानीय बाल अधिकार समितिको निर्णयले त्यस्ता बालबालिकालाई घटना व्यवस्थापन प्रक्रिया (Case Management) अनुसार संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेछ।

(६) नगरपालिका भित्र कुनै स्थानमा अनाथ, बेवारिसे वा स्याहार-संरक्षण गर्ने बाबु-आमा नभएका बालबालिका फेला परेमा जुनसुकै व्यक्तिले अनुसूची-१ बमोजिम सूचना दिनुपर्नेछ र उक्त बालबालिकाको संरक्षणको आवश्यक व्यवस्था स्थानीय बाल अधिकार समितिले गर्नेछ।

९. **मदिरा तथा सुर्तीजन्य पदार्थ नियन्त्रणः** (१) कुनै पनि बालबालिकालाई मदिरा तथा सुर्तीजन्य पदार्थ किनबेच, ओसारपसार वा ओसारपसार कार्यमा संलग्न गराउन पूर्ण रूपमा बन्देज गरिनेछ।

(२) विद्यालय, कलेज, अस्पताल, स्वास्थ्य संस्था, सरकारी तथा निजी कार्यालय, सार्वजनिक यातायात, बसपार्क, होटल, रेष्टुरेन्ट, सिनेमा हल जस्ता सार्वजनिक स्थलको २०० मिटर क्षेत्रभित्र मदिरा तथा सुर्तीजन्य पदार्थ किनबेच तथा सेवन गर्न प्रतिबन्ध गरिनेछ।

१०. **अपाङ्गता भएका बालबालिकाको विशेष संरक्षणः** (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्ने नगरपालिका भित्रका सबै सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत-सम्भार गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री हुने गरी निर्माण गर्ने व्यवस्था मिलाइनेछ।

(२) अपाङ्गता भएका बालबालिकाको गम्भीरता र आवश्यकताका आधारमा दिवा सेवा र दिवा सेवा केन्द्रमार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

११. **हिंसा, शोषण र दुर्व्यवहारबाट संरक्षणः** (१) कुनै पनि बालबालिकालाई शारीरिक, मानसिक, भावनात्मक वा यौनिक रूपमा यातना दिन, दुर्व्यवहार गर्न वा अमानवीय व्यवहार गर्न पाइने छैन। विद्यालय, परिवार, संस्थागत हेरचाह तथा सार्वजनिक स्थानमा बालबालिका माथि हुने शारीरिक दण्ड, अपमानजनक सजाय तथा डर देखाउने कार्य पूर्ण रूपमा निषेध गरिनेछ। यस्तो कार्यमा संलग्न व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारबाही गर्न सहजीकरण गरिनेछ।

(२) बालबालिका माथि हुने सबै प्रकारका हिंसा, शोषण र दुर्व्यवहारबाट जोगाउनका लागि सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

(३) बालबालिका माथि कुनै किसिमको हिंसा, शोषण र दुर्व्यवहार भएमा जोखिमको अवस्था हेरी तत्काल उद्धार तथा संरक्षण गरिनेछ । यसका लागि बाल हेल्पलाइन सेवा (१०९८), बालबालिका खोजतलास सेवा (१०४), नेपाल प्रहरीको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, सम्बन्धित वडा कार्यालय तथा अन्य सरोकारवाला सङ्घसंस्थाहरूसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

१२. **मनोसामाजिक परामर्श तथा मानसिक स्वास्थ्य सेवाः** विद्यालय, स्वास्थ्य संस्था लगायतका सम्बन्धित निकायहरूको समन्वय र सहकार्यमा मनोसामाजिक विमर्श सेवा प्रवाह गरी बालबालिकाको मनोसामाजिक एवम् मानसिक स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ । यस्ता सेवाहरूमा मनोसामाजिक विमर्श, पारिवारिक विमर्श तथा पारिवारिक मनोसामाजिक सहयोग, विद्यालय स्तरमा व्यक्तिगत र सामूहिक मनोसामाजिक विमर्श सेवा (विद्यालयमा मनोसामाजिक विमर्शकर्ताको व्यवस्था), स्वयंसेवी विमर्शकर्ताको परिचालन, स्वास्थ्य संस्था र विद्यालयको सहकार्यमा मानसिक स्वास्थ्य प्रवर्द्धनात्मक तथा सचेतनामूलक कार्यक्रम र मानसिक स्वास्थ्य उपचार लगायतका सेवाहरू रहनेछन्।

१३. **बालसंरक्षण मापदण्डः** (१) विद्यालय, बालबालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय, निजी क्षेत्र एवम् सामाजिक सङ्घसंस्थाहरूले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरी माथि तत्काल कारबाही प्रक्रिया अगाडि बढाउन संस्थागत तहमा बालसंरक्षण मापदण्ड बनाई लागू गर्नुपर्नेछ । विद्यालयमा लागू गरिने बालसंरक्षण मापदण्डको नमूना अनुसूची-२ मा समावेश गरिएको छ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बालसंरक्षण मापदण्ड प्रभावकारी रूपमा कार्यान्वयन गर्नु सम्बन्धित विद्यालय, सार्वजनिक निकाय, निजी क्षेत्र एवम् सामाजिक सङ्घसंस्थाका प्रमुखको दायित्व हुनेछ।

## परिच्छेद-३
## बालअधिकार समिति सम्बन्धी व्यवस्था

१४. **स्थानीय बाल संरक्षण समितिको गठनः** भिमाद नगरपालिकामा देहाय बमोजिमको एक स्थानीय बाल संरक्षण समिति रहनेछ ।

(क) नगरपालिकाको प्रमुख -संयोजक

(ख) नगरपालिकाको उपप्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(घ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख -सदस्य

(ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख -सदस्य

(च) बाल अधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको प्रतिनिधि (१ जना) -सदस्य

(छ) नगर प्रमुखले तोकेका वडा अध्यक्षहरू (२ जना) -सदस्य

(ज) नगर प्रमुखले तोकेका कार्यपालिकाका महिला सदस्यहरू (२ जना) -सदस्य

(झ) बालबालिका सम्बन्धी विषय हेर्ने नगरपालिकाको शाखा प्रमुख -सदस्य सचिव

१५. **स्थानीय बाल संरक्षण समितिको काम, कर्तव्य र अधिकारः**

(क) बालबालिकाको हक-हित संरक्षण सम्बन्धी नीति तथा योजना तर्जुमा गरी नगर कार्यपालिकामा पेस गर्ने वा गराउने,

(ख) सङ्घीय र प्रादेशिक कानून अनुरूप स्वीकृत बाल अधिकार सम्बन्धी कार्यक्रमहरू तयार गरी कार्यान्वयन गर्ने।

१६. **स्थानीय बाल अधिकार समितिको गठनः** (१) बाल अधिकारको संरक्षण र सम्बर्द्धनमा टेवा पुऱ्याउने कार्यका लागि नगरपालिकामा देहाय बमोजिमको एक स्थानीय बाल अधिकार समिति रहनेछ ।

(क) उपप्रमुखले तोकेको कार्यपालिकाको सदस्य - संयोजक

(ख) नगरपालिकाको स्वास्थ्य शाखाको कर्मचारी - सदस्य

(ग) बाल अधिकारको क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाको प्रतिनिधि (१ जना) -सदस्य

(घ) नगर बाल मञ्चको अध्यक्ष - सदस्य

(ङ) बालबालिका सम्बन्धी विषय हेर्ने नगरपालिकाको शाखा प्रमुख - सदस्य सचिव

१७. **स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकारः** (१) स्थानीय ऐनमा भएको व्यवस्थाका अतिरिक्त स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दीर्घकालीन नीति, योजना, वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने।

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने।

(ग) स्थानीय तहभित्र सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी प्रतिवेदन पेस गर्ने।

(घ) स्थानीय तहभित्र हुन सक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम, निषेध र नियन्त्रण गर्ने; सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनःस्थापना र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक, हित र अधिकार संरक्षण तथा वैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने।

(ङ) स्थानीय तहभित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गर्ने तथा आवश्यक सहजीकरण गर्ने।

(च) नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सूचकहरू लागू गरी बालमैत्री विद्यालय, बालमैत्री वडा, र बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने/गराउने।

(छ) बाल अधिकार संरक्षण, सम्बर्द्धन तथा प्रवर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने गराउने।

(ज) जोखिममा परेका बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण तथा व्यवस्थापन गर्ने।

(झ) बालबालिका सम्बन्धी भए/गरेका कार्यहरू र बाल अधिकारको अवस्था समेट्ने गरी स्थानीय तहको स्वीकृतिमा 'वार्षिक स्थानीय प्रतिवेदन' प्रत्येक आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सार्वजनिक गर्ने, वेबसाइटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको विषय हेर्ने प्रदेश मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद् र सम्बन्धित मन्त्रालयमा पठाउने।

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क विवरण सङ्कलन, अभिलेखीकरण, अद्यावधिक गरी सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा स्थानीय तहलाई सहयोग गर्ने।

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र/धर्मपुत्री लिन-दिन, संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र जिल्ला अदालतलाई आवश्यक सहयोग गर्ने।

(ठ) बालबालिकाको अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि प्रदेश बाल अधिकार समिति तथा राष्ट्रिय बाल अधिकार परिषद्सँग निरन्तर समन्वय र सहकार्य गर्ने।

(ड) नगरपालिका भित्रका बालबालिकासँग सम्बन्धित वा सरोकार राख्ने सामाजिक संस्था, सार्वजनिक निकाय, विद्यालय र निजी क्षेत्रमा बाल संरक्षण मापदण्ड लागू गराउने।

(२) समितिले उपदफा (१) बमोजिम आफूलाई प्राप्त अधिकारहरू मध्ये केही अधिकार आवश्यकता अनुसार बाल कल्याण अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१८. **वडा स्तरीय बाल अधिकार समिति सम्बन्धी व्यवस्थाः** वडा स्तरीय बाल अधिकार समितिको गठन देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित वडाको वडा अध्यक्षले तोकेको वडा सदस्य — **संयोजक**

(ख) वडामा रहेको स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

(ग) वडा स्तरीय बाल सञ्जालको अध्यक्ष — सदस्य

(घ) सामुदायिक विद्यालयका शिक्षकहरू मध्ये कम्तीमा एक जना महिलासहित वडा अध्यक्षले तोकेका शिक्षकहरू (२ जना) - सदस्य

(ङ) वडा सचिव - सदस्य सचिव

१९. **वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार**ः वडा स्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बाल अधिकारको प्रवर्द्धन तथा संरक्षण, स्थानीय बालमैत्री शासन सञ्चालन र बालबालिकाको क्षेत्रमा आवश्यक कार्य गर्ने।

(ख) बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको कार्ययोजना तयार गर्ने।

(ग) बालमैत्री स्थानीय तह निर्माणका लागि वडा स्तरमा समन्वयकारी भूमिका निर्वाह गर्ने।

(घ) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा सहयोग गर्ने।

(ङ) बालक्लबहरूको गठन तथा तिनीहरूको रचनात्मक परिचालनमा सहयोग गर्ने।

(च) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय, गैरसरकारी संस्था, सामाजिक सङ्घसंस्था र समूहहरू बीच आवश्यक समन्वय र सहकार्य गराउने।

२०. **कार्यकाल सम्बन्धी व्यवस्थाः** बाल संरक्षण समिति र बाल अधिकार समितिका मनोनीत वा तोकिएका सदस्यहरूको कार्यकाल गठन भएको मितिले **३ (तीस) वर्ष**को हुनेछ। *(नोटः पदेन सदस्यहरूको हकमा पद बहाल रहेसम्म पदमै रहनेछन्।)*

## परिच्छेद-४

## बाल क्लब वा संस्था तथा सञ्जाल सम्बन्धी व्यवस्था

२१. **बाल सञ्जाल गठनः** (१) २५ जना वा सोभन्दा बढी बालबालिका भेला भई बालबालिकाका सरोकारहरूमा कार्य गर्ने तथा उक्त क्षेत्रमा बालअधिकारको प्रचार-प्रसार र अनुगमन गर्न गठन गरिएको समुदाय स्तरीय बाल सञ्जाल, वडा स्तरीय बाल सञ्जाल, विद्यालय स्तरीय बाल क्लब र नगरपालिका स्तरीय बाल मञ्चको समूहलाई नै बाल समूह मानिनेछ। वडामा रहेका विद्यालयहरूबाट कम्तीमा १ जना बालिकासहित २ जना बालबालिकाको सामूहिक बालभेलाबाट प्रत्येक वडामा एक 'वडा स्तरीय बाल सञ्जाल' गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन् ।

(क) अध्यक्ष -१ जना
(ख) उपाध्यक्ष -१ जना
(ग) सचिव -१ जना
(घ) कोषाध्यक्ष -१ जना
(ङ) सदस्यहरू -३ जनासम्म

(२) एक वडामा एक बाल सञ्जाल रहनेछ।

(३) विद्यालय र वडामा बाल समूह गठन गर्दा ८ वर्षदेखि १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरू आबद्ध हुनेछन्।

(४) प्रत्येक वडामा गठन गरिएका बाल सञ्जालहरूको प्रतिनिधित्व हुने गरी ८ वर्षदेखि १८ वर्षभन्दा कम उमेरका बालबालिकाहरूको बालभेलाबाट 'नगरपालिका स्तरीय बाल मञ्च' को गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन्ः

(क) अध्यक्ष -१ जना
(ख) उपाध्यक्ष -१ जना
(ग) सचिव -१ जना
(घ) सहसचिव -१ जना
(ङ) कोषाध्यक्ष -१ जना
(च) सदस्यहरू - ४ जना

सल्लाहकारः पूर्व बाल मञ्चको तर्फबाट एक जनासहित बढीमा २ जना

सहजकर्ताः नगरपालिकाको सम्बन्धित शाखाको प्रमुख

(५) प्रत्येक विद्यालयमा रहेका बालबालिकाको भेलाबाट एक विद्यालयमा एक 'बाल क्लब' को गठन गरिनेछ। जसमा देहाय बमोजिमका पदाधिकारीहरू रहनेछन्ः

(क) अध्यक्ष -१ जना
(ख) उपाध्यक्ष -१ जना
(ग) सचिव -१ जना
(घ) सहसचिव -१ जना

(ङ) कोषाध्यक्ष -१ जना

(च) सदस्यहरू -आवश्यकता अनुसार

(६) विद्यालय स्तरीय बाल क्लब न्यूनतम ७ देखि बढीमा १५ सदस्यीय हुन सक्नेछ।

(७) यस निर्देशिका (वा कार्यविधि) बमोजिम गठित सबै बाल समूहहरू सम्बन्धित वडा कार्यालय वा नगरपालिकामा सूचीकृत हुनुपर्नेछ।

२२. **बाल समूहका किसिमः** बाल समूहहरू सामान्यतया देहाय बमोजिमका ५ प्रकारका हुनेछन्:

**(क) समुदायमा आधारित बाल समूहः**

(अ) समुदायमा आधारित बाल समूह निश्चित भूगोल भित्रका बालबालिकालाई समेटेर वा निश्चित भौगोलिक क्षेत्रलाई कार्यक्षेत्र बनाएर गठन भएका हुनेछन्।

(आ) यस्ता बाल समूहहरू कुनै टोल, बस्ती वा वडा भित्रका कुनै स्थानमा गठन गर्न सकिनेछ।

(इ) यस्ता बाल समूहले सम्बन्धित भूगोल भित्रका निश्चित उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(ई) बाल समूहमा उक्त क्षेत्रभित्र सामान्यतया ६ महिना वा सोभन्दा बढी समयदेखि स्थायी वा अस्थायी बसोबास भएका बालबालिका मात्र सदस्य बन्न सक्नेछन्।

(उ) समुदायमा गठन भएको बाल समूहको संरक्षक सम्बन्धित समुदायको टोल विकास संस्थाको अध्यक्ष रहनेछ।

**(ख) विद्यालयमा आधारित बाल समूहः**

(अ) कुनै विद्यालयमा अध्ययनरत बालबालिकाहरूलाई समेटेर उक्त विद्यालयभित्र बालअधिकार संरक्षण तथा प्रवर्द्धन गर्न गठन भएका बाल समूहलाई विद्यालयमा आधारित बाल समूह भनिनेछ, जसलाई यस निर्देशिकामा 'बाल क्लब' भनिएको छ।

(आ) सम्बन्धित विद्यालयभित्रका सबै जातजाति, कक्षा, लिङ्ग र विपन्न तथा अपाङ्गता भएका बालबालिकाको उचित प्रतिनिधित्व र सहभागिता सुनिश्चित गरिएको हुनुपर्नेछ।

(इ) बाल समूहमा सदस्य बन्नका लागि सम्बन्धित बालबालिका उक्त विद्यालयमा अध्ययनरत हुनुपर्नेछ।

(ई) विद्यालयमा गठन भएको बाल समूहको संरक्षक सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहनेछन्।

**(ग) विषयगत बाल समूहः**

(अ) विषयगत रूपमा निश्चित विषयहरू जस्तैः बालिकाहरूको मात्र सबाल, बालविवाह, स्वास्थ्य तथा सरसफाइ, जलवायु परिवर्तन, बालश्रम, एचआईभी तथा एड्स जस्ता विषयहरूमा कार्य गर्न समुदायमा विशिष्ट ढङ्गले विषयगत बाल समूहहरू गठन गर्न सकिनेछ।

(आ) समुदायमा ओझेलमा रहेका वा समुदायमा पर्याप्त रूपमा सम्बोधन हुन नसकेका विशिष्ट विषयहरूमा आधारित रहेर गठन भएका यस्ता बाल समूहलाई विषयगत बाल समूह मानिनेछ।

(इ) विद्यालयभित्र यस्ता बाल समूह गठन भएमा उक्त समूहलाई विद्यालय स्तरीय बाल समूहकै उपसमूह मानिनेछ।

(ई) अन्तर्राष्ट्रिय रूपमा स्थापित स्वयंसेवा अभियान तथा सङ्गठनहरू, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका विशिष्टीकृत निकायले विशेष प्रकृतिका आफ्नो संस्थागत बाल समूह गठन

गर्न सक्नेछन्। यस्ता बाल समूहहरूको गठन र व्यवस्थापन विधि स्वयं यसका महासङ्घ, संरक्षक निकाय तथा स्थापित मान्यता र विधानहरूबाट सञ्चालित हुन सक्नेछन्।

(उ) विषयगत बाल समूहको संरक्षक नगरपालिका प्रमुखले तोकेको सम्बन्धित विषयविज्ञ रहनेछन्। यदि विषयविज्ञ नभएको हकमा सरोकार राख्ने उपयुक्त व्यक्ति संरक्षक रहनेछ।

**(घ) वडा स्तरीय बाल समूहः**

(अ) वडा भित्र रहेका बाल समूहहरूको प्रतिनिधित्व हुने गरी वडा स्तरीय बाल समूह वा सञ्जाल गठन गरिनेछ।

(आ) यसरी वडा स्तरीय बाल सञ्जाल गठन गर्दा वडा स्तरमा रहेका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विषयगत बाल समूहहरूका प्रतिनिधिहरूलाई सम्मिलित गर्न सकिनेछ।

(इ) यस्ता बाल समूह सञ्जालले सम्बन्धित भूगोल भित्रका निश्चित उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(ई) वडा स्तरीय बाल समूहको संरक्षक सम्बन्धित वडा अध्यक्ष रहनेछ।

**(ङ) नगरपालिका स्तरीय बाल समूहः**

(अ) वडा स्तरमा गठन भएका बाल सञ्जालहरू एक आपसमा भेला भई एक-अर्काको काम र अभियानलाई सहयोग गर्ने तथा साझा सरोकारहरूलाई समेट्न नगरपालिका स्तरीय बाल सञ्जाल गठन गर्न सकिनेछ, जसलाई यस निर्देशिका बमोजिम 'बाल मञ्च' भनिएको छ ।

(आ) यस्ता बाल मञ्चले सम्बन्धित भूगोल भित्रका निश्चित उमेर, लिङ्ग, जाति, आर्थिक हैसियत तथा शारीरिक अवस्था कमजोर भएका बालबालिकालाई समेट्ने र उनीहरूको उचित प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(इ) नगरपालिका स्तरीय बाल समूहको संरक्षक नगर प्रमुख रहनेछ।

२३. **बाल समूह गठनका लागि सूचना, भेलाको आयोजना तथा अभिमुखीकरणः** (१) बाल समूह गठनका लागि सूचना जारी गर्दा, भेलाको आयोजना गर्दा तथा अभिमुखीकरण गर्दा सामान्यतया देहायका सिद्धान्त तथा प्रक्रिया पूरा गर्नुपर्नेछः

(क) बाल समूह गठन गर्न चाहने व्यक्ति तथा संस्थाले बाल समूह गठन गर्ने औचित्य र कारणहरू समेत स्पष्ट पारी न्यूनतम सात दिन अगावै सम्बन्धित समुदायका बालबालिका तथा अभिभावकहरूलाई खुला सूचना दिनुपर्नेछ।

(ख) यसरी दिइने सूचना सरल नेपाली भाषामा र आवश्यकता अनुसार स्थानीय समुदायद्वारा बोलिने मातृभाषाहरूमा समेत दिन सकिनेछ।

(ग) सूचना प्रवाहका लागि नगरपालिका वा वडा कार्यालय, टोल विकास संस्था, नागरिक सूचना केन्द्र, सामुदायिक सहकारी तथा बचत समूहका कार्यालयहरू, उपभोक्ता समितिका कार्यालय भवन, प्रहरी चौकी, स्वास्थ्य संस्था, र विद्यालयहरूमा सूचना टाँस गर्ने तथा पहुँचमा आएका बालबालिकालाई मौखिक रूपमा समेत भेलाको जानकारी दिन सकिनेछ।

(घ) बाल समूह गठन गर्ने भेलामा सामान्यतया न्यूनतम २५ जना बालबालिकाको उपस्थिति हुनुपर्नेछ।

(ङ) यस्तो भेला बालबालिकाका लागि सहज पहुँच भएको र सुरक्षित स्थानीय सार्वजनिक स्थल, भवन वा विद्यालयहरूमा आयोजना गर्नुपर्नेछ।

(च) भेलामा छलफलका विषयहरू बालअधिकारको अवधारणा, बाल संरक्षण, बाल सहभागिताको अधिकार, बाल सहभागितामा नेपालका नीतिगत व्यवस्थाहरू, नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरू, नगरपालिकामा बाल समूह गठन गर्नुको कारण र योजना, तथा बाल समूहको मुख्य उद्देश्य र कार्यक्रमहरू रहन सक्नेछन्।

(छ) यस्ता अभिमुखीकरण तथा जानकारीहरू सरल र बालबालिकाले बुझ्ने भाषामा हुनुपर्दछ। यदि बहुसङ्ख्यक सहभागी नेपाली भाषा राम्रोसँग नबुझ्ने भएमा स्थानीय भाषामा अभिमुखीकरण र छलफल चलाउन सकिनेछ।

(ज) भेलामा सहभागी सबै वयस्क तथा बालबालिकाको छुट्टाछुट्टै उमेर, जातजाति र लिङ्ग समेत खुल्ने गरी उपस्थिति अभिलेख राख्नुपर्नेछ।

(झ) विद्यालयमा आधारित बाल समूह गठन गर्दा विद्यालयभित्रका सबै कक्षामा सूचना प्रवाह गरिनुपर्दछ एवम् भेलाको आयोजना विद्यालय परिसरभित्रै प्रधानाध्यापक, संरक्षक शिक्षक वा व्यवस्थापन समितिका अध्यक्षको उपस्थितिमा गर्नुपर्नेछ।

(ञ) विषयगत बाल समूह गठन गर्दा स्थानीय समुदाय वा विद्यालय, जहाँ गठन गर्ने हो सोही अनुरूप सूचना प्रवाह गरी भेलाको आयोजना गर्नुपर्नेछ।

(ट) नगरपालिका स्तरीय बाल समूह गठन गर्दा वडा स्तरीय बाल समूहका प्रतिनिधिहरूलाई सूचना गरी प्रत्येक वडा स्तरीय बाल सञ्जालबाट कम्तीमा ३ जना सहभागी भएको बृहत् भेलाबाट नगरपालिकाको सम्बन्धित शाखामार्फत गठन गर्नुपर्नेछ।

२४. **नेतृत्व चयनः** (१) दफा २२ बमोजिमको भेलामा सहभागी बालबालिकाको सहमतिका आधारमा बाल समूहको नेतृत्व चयन गर्न सकिनेछ। कुन विधिबाट नेतृत्व चयन गर्ने भन्ने निर्णय स्वयं उपस्थित बालबालिका माझ छलफल गरी तय गर्नुपर्नेछ।

(२) बाल समूहको कार्यसमिति सङ्ख्या ७ देखि १५ सदस्यीय हुन सक्नेछ।

(३) बाल समूहले आवश्यकता अनुसार उपसमितिहरू गठन गरी कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछन्। यस्ता उपसमितिमा ३ देखि ५ जनासम्म कार्यसमिति सदस्य रहन सक्नेछन्।

(४) बाल समूहको नेतृत्वमा बालिका, जनजाति, दलित र अपाङ्गता भएका बालबालिकाहरूलाई अनिवार्य समावेश गर्नुपर्नेछ।

(५) बाल समूहको पदाधिकारीमा बालक र बालिकाको सङ्ख्या सकेसम्म बराबरी (लैङ्गिक सन्तुलन) हुने गरी छनोट गर्नुपर्नेछ।

(६) प्रत्येक बाल समूहको कार्यकाल २ वर्षको हुनेछ। कुनै पदाधिकारीको पद रिक्त भएको अवस्थामा जुन प्रक्रियाबाट छनोट भएको हो, सोही प्रक्रियाबाट बाँकी अवधिका लागि पदपूर्ति गरिनेछ।

(७) एकै व्यक्ति बाल समूहको पदाधिकारी (अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष) को रूपमा एक कार्यकाल भन्दा बढी समय बस्न सक्ने छैन। तर कार्यसमितिको सदस्यको रूपमा बस्न बाधा पर्ने छैन।

(८) नेतृत्व चयनका सन्दर्भमा विवाद उत्पन्न भएमा देहाय बमोजिमको अभ्यास गर्न सकिनेछः

(क) नेतृत्व गर्न चाहने सदस्यले आफूले बाल समूहलाई कसरी सक्रिय र बलियो बनाउने भन्ने विषयमा अर्को सदस्यप्रति नकारात्मक धारणा व्यक्त नगरी छोटो प्रस्तुति गर्न सक्नेछन्।

(ख) नेतृत्व गर्न चाहने सदस्यहरू मात्र बसेर छलफल गरी सहमतिमा पुग्न अग्रसर हुने।

(ग) समितिले आवश्यकताको आधारमा उपसमितिहरू निर्माण गरी नेतृत्व गर्ने जिम्मेवारी बाँडफाँड गर्न सक्ने।

(घ) भेलाले आपसी सहमतिमा समिति निर्माण गर्न नसकेमा उम्मेदवारको दाबी गर्नेहरू बीच क्षमताको प्रतिस्पर्धाको आधारमा समिति निर्माण गरिनेछ। सोको सहजीकरण संरक्षक शिक्षक वा सहजकर्ताबाट गरिनेछ।

**२५. आबद्धता तथा दर्ताः** (१) वडा, समुदाय तथा विद्यालयमा गठन भएका बाल समूहहरू नगरपालिका वा वडा कार्यालयमा सूचीकृत हुनका लागि अनुसूची-३ बमोजिमको निवेदनका साथ अनुसूची-४ बमोजिमको बैठकको निर्णय (माइन्युट) र अनुसूची-५ बमोजिमको कार्ययोजना समावेश गर्नुपर्नेछ। वडा कार्यालयमा सूचीकृत भएका बाल समूह वा सञ्जालको विवरण वडा कार्यालयले नियमित रूपमा नगरपालिकामा पठाउनुपर्नेछ।

(२) विद्यालयमा गठन भएका बाल समूहको आबद्धता स्वयं विद्यालयसँग, समुदायमा गठन भएका बाल समूहको दर्ता वडा कार्यालयसँग र वडा स्तरीय बाल समूहको दर्ता नगर कार्यपालिकाको कार्यालयसँग रहनेछ। दर्ता भएका सबै बाल समूहहरूको विवरण वडा कार्यालयमा पठाउनुपर्नेछ।

(३) बाल समूह दर्ता हुँदा समूहको नाम, उद्देश्य, कार्यसमितिका पदाधिकारी तथा सदस्यको नाम (जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिसहित), सहजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम र सम्पर्क ठेगाना खुलाइएको हुनुपर्नेछ।

(४) दर्ता भएका बाल समूहहरू तोकिएको समयमा अद्यावधिक (नवीकरण) गरिनेछ। यसरी अद्यावधिक हुँदा सम्बन्धित समूहले अद्यावधिक गर्ने व्यहोराको निवेदन, बाल समूहको वार्षिक भेलाको उपस्थिति र विद्यमान कार्यसमितिको नामावली (जन्मदर्ता सहित), सहजीकरण गर्ने व्यक्ति वा संस्थाको नाम र सम्पर्क ठेगाना, तथा बाल समूहले अघिल्लो वर्ष सम्पन्न गरेका विभिन्न गतिविधिको अनुसूची-६ बमोजिमको कार्यप्रगति प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

(५) विद्यालयमा आधारित बाल समूह अद्यावधिक गर्नका लागि सम्बन्धित विद्यालयले नै आवश्यक सहजीकरण गर्नुपर्नेछ।

(६) आबद्धता तथा सूचीकरणका लागि बाल समूहको नाम भेलाका सहभागी बालबालिकाले आपसी सहमतिमा राख्न सक्नेछन्। बाल समूहको नाम त्यसै क्षेत्रको अर्को बाल समूहको नामसँग दोहोरिने गरी राख्न पाइने छैन। बाल समूहको भेलाबाट अनुसूची-७ मा तोकिएको ढाँचामा विधान स्वीकृत गर्नुपर्नेछ।

(७) बाल समूहको नामसँग कुनै पनि निजी वा गैरसरकारी संस्थाको नाम जोड्न पाइने छैन।

(८) बाल समूहको दर्ता तथा नवीकरणका लागि सहजीकरण गर्ने व्यक्ति वा संस्था अनिवार्य उपस्थित हुनुपर्नेछ।

(९) नगरपालिका वा वडा कार्यालयमा सूचीकृत हुनका लागि आवश्यक कागजातसहित निवेदन पेस गरेका बाल समूहलाई वडा कार्यालय वा नगरपालिकाले आफ्नो कार्यालयको लेटरप्याडमा अनुसूची-८ बमोजिमको दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ।

(१०) बाल समूहको लोगो गोलाकार घेरामा वरिपरि बाल समूहको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा एक बालक र एक बालिका अंकित लोगो रहनेछ ।

२६. **सहजकर्ता संस्था, निकाय र व्यक्तिहरूः** (१) बाल समूहको गठन, सञ्चालन तथा सहजीकरण गर्न तोकिएको सहजकर्ता वा संस्थाको प्रतिनिधिको उपस्थिति अनिवार्य हुनेछ।

(२) प्रत्येक बाल समूहको एक सहजकर्ता वा संरक्षक हुनुपर्नेछ।

(३) सहजकर्ताले बाल समूहको बैठक, योजना निर्माण, कार्यान्वयन तथा विषयगत छलफललाई सहजीकरण गर्ने, बालबालिकाको सरोकारको क्षेत्रमा उपयुक्त उपायहरू सुझाउने तथा स्रोतहरूमा उनीहरूको पहुँच बढाउन सहयोग गर्नुपर्नेछ।

(४) बाल समूहका गतिविधि र त्यसबाट उत्पन्न परिणामप्रति सहजकर्ताको नैतिक जिम्मेवारी रहनेछ।

(५) समुदाय स्तरको बाल समूहको सहजकर्ता छनोट सम्बन्धित वडा कार्यालयले, विद्यालय स्तरको बाल समूहको सहजकर्ता शिक्षक सम्बन्धित विद्यालयले र वडा स्तरको बाल सञ्जालको सहजकर्ता सम्बन्धित वडा समितिले गर्नुपर्नेछ।

(६) सहयोगी संस्था वा विद्यालयले नियुक्त गरेको अवस्थामा बाहेक सहजकर्ता स्थानीय व्यक्ति हुनुपर्नेछ।

२७. **बाल समूहको सहजकर्ता हुनका लागि चाहिने योग्यताः** (१) बाल समूहको सहजकर्ता हुनका लागि निम्न योग्यता भएको व्यक्ति हुनुपर्दछः

(क) बाल समूहका पूर्व सदस्यहरूलाई प्राथमिकता दिइनेछ।

(ख) बाल अधिकारबारे जानकार, सचेत, संवेदनशील तथा सम्भव भएसम्म तालिम प्राप्त गरेको।

(ग) बालमैत्री व्यवहारबारे सचेत र अभ्यस्त रहेको।

(घ) बालबालिकाप्रति सकारात्मक धारणा राख्ने।

(ङ) बालबालिका विरुद्ध कुनै पनि हिंसा नगर्न प्रतिबद्ध भएको।

(च) कुनै पनि राजनीतिक दल वा राजनीतिक सङ्गठनको सक्रिय जिम्मेवारीमा नरहेको।

(छ) फौजदारी अपराधमा संलग्न नभएको वा सजाय नपाएको।

(ज) स्थानीय समुदायमा स्थायी वा अस्थायी बसोबास भएको।

(झ) मदिरा, सुर्ती, चुरोट वा लागूऔषधको दुर्व्यसनी (अम्मल) नभएको।

२८. **सहजकर्ताको भूमिका र सीमितताः** (१) स्थानीय सहजकर्ता बालअधिकारप्रति प्रतिबद्ध, स्वयंसेवी भावना भएको र दफा २७ मा उल्लेख गरिएको योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ र यस्ता सहजकर्ताले बाल समूहमा देहायका भूमिकाहरू निर्वाह गर्नुपर्नेछः

(क) बाल समूहको बैठक, योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने।

(ख) बाल समूहलाई स्थानीय सरोकारवाला निकायहरूसँग सम्पर्क तथा सम्बन्ध विस्तार गर्न सहजीकरण गर्ने।

(ग) बाल समूहले सञ्चालन गर्ने कार्यक्रमहरूका लागि स्थानीय स्रोतहरू जुटाउन सहयोग गर्ने।

(घ) बाल समूहका सामग्रीहरूको उपयुक्त प्रयोग भए-नभएको अनुगमन गर्ने र सम्पत्तिको संरक्षण गर्ने।

(ङ) बाल समूहका सदस्यहरू माझ उत्पन्न विवादहरूको समाधान गर्न सहयोग गर्ने।

(च) बाल समूह र अन्य समुदाय बीच विवाद उत्पन्न भएमा त्यसको शान्तिपूर्ण समाधानका लागि सहजीकरण गर्ने।

(छ) बाल समूहलाई बालअधिकार एवम् बालविकासका सबाल सम्बन्धी सूचना र सामग्रीहरू उपलब्ध गराउन पहल गर्ने।

(ज) आवश्यकता अनुसार बालअधिकार, बालसहभागिता, र बाल समूह सहजीकरण सम्बन्धी प्रशिक्षण, गोष्ठी तथा तालिमहरूमा सहभागी हुने।

(झ) बाल समूहका सदस्य आफ्नो समुदाय बाहिर अन्य कुनै कार्यक्रममा सहभागी हुनुपर्ने भएमा संरक्षकको भूमिका निर्वाह गर्ने।

(२) सहजकर्ताले बाल समूहको सहजीकरण गर्दा देहायका विषयहरूमा ध्यान दिनुपर्नेछः

(क) बाल समूहको बैठक तथा छलफल स्वयं आफैंले सञ्चालन नगर्ने (बालबालिकालाई नै गर्न दिने)।

(ख) बाल समूहको योजना तर्जुमा र निर्णय प्रक्रियामा कुनै पनि प्रकारको हस्तक्षेप नगर्ने।

(ग) बाल समूहलाई कुनै निश्चित निर्णय गर्न वा निश्चित विषयमा आफ्नो व्यक्तिगत धारणा लाद्र नलगाउने।

(घ) बाल समूहका तर्फबाट निर्णायक तह तथा संयन्त्रहरूमा आफैंले प्रतिनिधित्व नगर्ने।

(ङ) बाल समूहका सदस्यहरूलाई हप्काउने, हिंसा वा दुर्व्यवहार गर्ने वा धम्की दिने कार्य नगर्ने।

(च) बाल समूहका सदस्यहरू माझ जात, धर्म, लिङ्ग, उमेर, भाषा, भूगोल, शारीरिक तथा आर्थिक हैसियत लगायत कुनै पनि आधारमा भेदभाव नगर्ने।

(छ) बाल समूहको सम्पत्ति वा बचत रकम जथाभावी प्रयोग नगर्ने वा व्यक्तिगत हितमा उपयोग नगर्ने।

(ज) बाल समूहका सदस्यहरूलाई एक-अर्का विरुद्ध भड्काउने, कुनै निश्चित व्यक्ति, जाति, समूह, सम्प्रदाय, दल तथा सङ्गठनको पक्ष वा विपक्षमा उभिन तथा गतिविधि गर्न नलगाउने।

(झ) बाल समूहका सदस्यहरूलाई हिंसात्मक गतिविधि, सार्वजनिक धनजनमा क्षति पुग्ने कार्य तथा अलोकतान्त्रिक र घृणा फैलाउने कार्य गर्न प्रोत्साहित नगर्ने।

(ञ) बाल समूहका सदस्यहरूको उचित सुरक्षाको सुनिश्चितता नगरी समुदाय भन्दा बाहिर नपठाउने वा जोखिमपूर्ण कार्यक्रमहरूमा संलग्न नगराउने।

(३) सहजकर्ताले उपदफा (२) मा उल्लेखित आचरण विपरीत व्यवहार वा गतिविधि गरेमा आवश्यक प्रमाणसहित नगर कार्यपालिका, सहयोगी संस्था वा विद्यालयमा सरोकारवाला जो कोहीले उजुरी दिन सक्नेछन्। उल्लेखित आचरण विपरीतका व्यवहार नगर्ने सम्बन्धमा सहजकर्ता नियुक्ति गर्ने संस्थाले त्यस्ता व्यक्तिसँग सम्झौताको समयमै अग्रिम प्रतिबद्धता लिन सक्नेछ।

(४) सहजकर्ता विरुद्ध परेको उजुरी र गुनासोको छानबिन गरी दोषी पाइएमा सम्बन्धित सहजकर्तालाई सचेत गराउने, सहजकर्ताको जिम्मेवारीबाट हटाउने वा आगामी निश्चित अवधिसम्मका लागि सहजकर्ता बन्न रोक लगाउने वा अन्य आवश्यक कारबाही गरी पदबाट हटाउने कार्य नियुक्ति गर्ने संस्था वा निकायले गर्न सक्नेछ।

(५) उजुरीको छानबिन तथा निर्णय प्रक्रियामा सम्बन्धित सहजकर्तालाई आफ्नो भनाइ र स्पष्टीकरण राख्ने उचित अवसरबाट बञ्चित गरिने छैन।

२९. **नियमित बैठक तथा छलफलका विषयहरूः** (१) बाल समूहको बैठकको आयोजना विद्यालय बन्द भएको समयमा र दिनको समयमा, सबै सहभागीहरूका लागि पहुँचका दृष्टिकोणले सुरक्षित र उपयुक्त स्थानमा मात्र सञ्चालन गर्नुपर्नेछ।

(२) बैठकमा सहजकर्ताको उपस्थिति अनिवार्य हुनुपर्नेछ ।

(३) बैठकको निर्णय तथा उपस्थिति बैठक पुस्तिका (माइन्युट) मा उतार गरी राख्नुपर्नेछ

(४) बैठकमा सामान्यतया निम्न प्रस्तावहरूमा छलफल हुन सक्नेछः

(क) अघिल्लो बैठकपछि भएका कार्यक्रम तथा प्रगतिहरूको समीक्षा,
(ख) बाल समूहका बारेमा सदस्य तथा अन्य बालबालिका र व्यक्तिहरूको धारणा,
(ग) स्थानीय बालअधिकार संरक्षणको सबाल र गर्नुपर्ने गतिविधि,
(घ) आगामी कार्यक्रमको मिति, स्थान र समय तय, जिम्मेवारी विभाजन, स्रोत संकलन तथा आवश्यकता अनुसार अन्य विषयहरू ।

३०. **कार्यक्रम योजना निर्माणः** (१) देहायका अवस्थालाई ध्यान दिई बालबालिका सम्बन्धी योजना निर्माण गर्नुपर्नेछः
(क) बाल समूहको बैठक तथा वार्षिक भेलाले योजना निर्माण गर्नेछ । यसरी योजना निर्माण गर्दा त्रैमासिक रूपमा एउटा कार्यक्रम राख्नुपर्नेछ ।
(ख) बाल समूहको कार्यक्रम योजना निर्माण गर्दा स्थानीय पर्व, मौसम, खेतीपातीको क्यालेन्डर र विद्यालयको शैक्षिक क्यालेन्डरसँग नजुध्ने गरी बनाउनुपर्नेछ ।

(२) बाल समूहको कार्यक्रम मूलतः देहायका विषयमा केन्द्रित हुनुपर्नेछः
(क) बालअधिकारको प्रचार-प्रसारः बालबालिकाले स्थानीय तहमा गीत, कविता, खेल, कथा, वक्तृत्वकला, चित्रकला, भित्तेपत्रिका, सडक नाटक, रेडियो कार्यक्रम, पत्रपत्रिकामा लेख आदि माध्यमबाट बालअधिकारका बारेमा प्रचार-प्रसार गर्ने ।
(ख) बालअधिकार अनुगमनः बाल समूहहरूले आफ्नो क्षेत्रका विभिन्न स्थानीय तहमा गुनासो पेटिका राखेर, साथीहरूको समूहमा छलफल गरेर, आफ्नो विद्यालय तथा समुदायको अनुगमन भ्रमण गरेर बालअधिकारको अवस्थाको अनुगमन गर्न सक्नेछन् । बाल समूहले अनुगमनबाट देखेका विषयहरू विद्यालय व्यवस्थापन समिति, नगरपालिकाको कार्यालय, बालमैत्री स्थानीय शासन समिति, शिक्षा समिति, टोल विकास संस्था वा सहयोगी संस्था समक्ष आवश्यक कारबाहीका लागि प्रस्तुत गर्न सक्नेछन् ।

(३) सेवाका लागि सम्प्रेषण र सुझावः बाल समूहहरूले आफ्नो समुदाय तथा विद्यालयमा हिंसा, शोषण, दुर्व्यवहार, शिक्षा तथा स्वास्थ्यबाट वञ्चित भएका बालबालिका फेला पारेमा वा त्यस्ता गुनासोहरू आएमा सेवा प्रदायक संस्थाहरूसँग सम्पर्क गरी सम्बन्धित बालबालिकालाई सेवाको लागि सिफारिस गर्ने लगायत यस्ता बालबालिकाको विकास र संरक्षणमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(४) शैक्षिक तथा व्यक्तित्व विकासका कार्यक्रमहरूः बाल समूहका सदस्यहरूका लागि व्यक्तित्व विकास तथा शैक्षिक विकासका विभिन्न रचनात्मक गतिविधिहरू, खेलकुदका गतिविधिहरू, बाल भित्तेपत्रिका, वक्तृत्वकला, हिज्जे प्रतियोगिता, सडक नाटक, छोटो समयका विभिन्न सीप तथा कलाका प्रशिक्षण कार्यहरू गर्न सकिनेछ ।

(५) सामुदायिक स्वयंसेवाः
(क) बाल समूहका १४ वर्षभन्दा माथिका बालबालिकाले सुरक्षित ढङ्गले वयस्कहरूको साथमा गर्ने सामुदायिक स्वयंसेवाका कार्यहरू यसमा पर्दछन् । तर यस्तो सामाजिक स्वयंसेवा कार्य दैनिक ६ घण्टाभन्दा बढी र लगातार ३ घण्टाभन्दा बढी हुनेछैन ।
(ख) सामुदायिक स्वयंसेवाका कार्यहरूमा बालबालिकाको नैतिक र भौतिक सुरक्षाको सुनिश्चितता हुनुपर्नेछ ।

(ग) प्रचलित कानुनबमोजिम निकृष्ट वा जोखिमयुक्त बालश्रम तथा बालश्रम ठहरिने गतिविधिमा बालबालिकाले स्वयंसेवा गर्न सक्ने छैनन् ।

(६) निर्णय प्रक्रियालाई प्रभावित पार्नेः बाल समूहहरूले सामूहिक रूपमा वा प्रतिनिधि मार्फत बालअधिकारका सरोकारहरूलाई स्थानीय योजना तथा नीतिहरूमा सम्बोधन गराउनका लागि बाल भेला, अन्तरक्रिया, बाल सुनुवाइ, प्रतिनिधिमण्डल भेटघाट जस्ता कार्यक्रमहरू गर्न सक्नेछन् ।

३१. **बाल समूहले सञ्चालन गर्न नसक्ने कार्यक्रमहरूको सीमाः** (१) कुनै राजनीतिक दल वा त्यसको भातृ सङ्गठनको पक्षपोषण वा विरोध गर्न ।

(२) समुदायको सार्वजनिक वा निजी सम्पत्ति दुरुपयोग तथा कसैको जीउज्यानमाथि क्षति पुऱ्याउने कार्य ।

(३) समुदायका निश्चित जातजाति, धर्म, क्षेत्र वा पेसाकर्मीप्रति गलत भावना र दृष्टिकोण सम्प्रेषण गर्ने कार्य ।

(४) हिंसा र दुर्व्यवहार पीडित तथा प्रभावित बालबालिकाको गोपनीयता भङ्ग हुने र पहिचान खुल्ने गतिविधिहरू ।

(५) सांस्कृतिक कारणबाहेक रातको समयमा र आफ्नो विद्यालय वा समुदायभन्दा बाहिर गएर गरिने गतिविधि तथा कार्यक्रमहरू ।

*तर, प्रतिस्पर्धा वा आयोजकहरूले उचित सुरक्षा प्रबन्ध गरेको अवस्थामा भने समुदाय वा विद्यालयभन्दा बाहिर गएर कार्यक्रम गर्न सकिनेछ ।*

(६) उचित सुरक्षाको प्रबन्ध र आवश्यक पूर्वअनुमतिबेगर सहभागीहरूको जीउज्यानमा खतरा पुग्ने साहसिक खेलहरू खेलाउने कार्यहरू ।

(७) बाल समूह कोष निर्माण वा आयआर्जनका लागि बालश्रम तथा कुनै पनि व्यापार, व्यवसाय गर्ने कार्यहरू

(८) सिङ्गो परियोजना सञ्चालन गर्ने वा ठुला र लामो समयका गतिविधिहरू सञ्चालन गर्ने कार्य ।

(९) सामाजिक रूपमा अस्वीकार्य तथा नकारात्मक सामाजिक प्रभाव पार्ने कार्यहरू ।

(१०) सामाजिक शान्ति, सुव्यवस्था तथा सुरक्षामा नकारात्मक असर पर्ने देखिएमा बालअधिकारकर्मी, टोल विकास संस्था तथा बालमैत्री शासन समन्वय समितिको परामर्शमा सुरक्षा निकाय, नगरपालिका वा विद्यालयले निश्चित गतिविधिलाई रोक लगाएका कार्यहरू ।

३२. **आर्थिक व्यवस्थापनः** (१) बाल समूहले सञ्चालन गर्ने कार्यक्रमको आर्थिक स्रोत देहायको रकम रहनेछः

(क) स्वेच्छिक रूपमा उठेको सदस्यहरूको नवीकरण वा मासिक शुल्क,

(ख) चन्दा तथा सहयोग,

(ग) संस्थाहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) विद्यालयबाट प्राप्त हुने आर्थिक सहायता,

(ङ) स्थानीय तहबाट प्राप्त हुने आर्थिक सहायता,

(च) स्थानीय समूह तथा निजी क्षेत्रहरूबाट प्राप्त हुने सहायता,

(छ) व्यक्तिबाट प्राप्त हुने स्वेच्छिक सहायता,

(ज) अन्य आय ।

(२) बाल समूहले आफ्नो गतिविधि सञ्चालन गर्न आफ्नो विद्यालय वा समुदायमा आर्थिक स्रोत सङ्कलनका लागि बालमैत्री कार्यक्रमहरू आयोजना गर्न सक्नेछन् । यस्ता क्रियाकलापमा देउसी-भैलो, सांस्कृतिक कार्यक्रम, खेल प्रतियोगिता जस्ता कार्यक्रमहरू हुन सक्नेछन् । यस्ता कार्यक्रम आयोजना हुँदा आबद्ध निकायको स्वीकृति, सहजीकरण र सुपरिवेक्षण अनिवार्य रहनेछ भने बालसमूहको रकमको आय-व्यय विवरण र आर्थिक व्यवस्थापन

बालक्लबको संरक्षकले गर्नुपर्नेछ । यसरी व्यवस्थापन गर्दा आर्थिक हिसाबकिताब बाल समूहबाट अनुमोदन गराउनुपर्नेछ ।

(३) बाल समूहले सङ्कलन गरेको रकम उनीहरूले आयोजना गर्ने बालमैत्री गतिविधि तथा बालबालिकासँग सम्बन्धित आपत्कालीन अवस्थाहरूमा खर्च गर्न सकिनेछ, तर भौतिक पूर्वाधारहरूको निर्माण तथा मर्मतसम्भार जस्ता कार्यहरूमा खर्च गर्न पाइनेछैन ।

३३. **नगरपालिकासँगको सम्बन्ध र सहकार्यः** (१) सबै बाल समूहहरू आफ्नो वडा कार्यालय वा नगर कार्यपालिकाको कार्यालयमा तोकिएको विधि र प्रक्रियामा सूचीकृत हुनेछन् ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको बाल समूहको विवरण अद्यावधिक गर्ने र सरोकारवाला निकायमा आदानप्रदान गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा बाल समूहका गतिविधि, बाल समूह र सहजकर्ताको प्रशिक्षण तथा बाल समूह प्रतिनिधिको परामर्श जस्ता कार्यक्रमहरू राख्न सक्नेछ ।

(४) बाल समूहले नगरपालिकासँग स्थानीय विकासका क्रियाकलापहरूमा बालबालिका सम्बन्धी योजना तथा कार्यक्रम, सुविधा र उपलब्धिहरूको बारेमा सूचना माग गर्ने, त्यस्ता जानकारीहरू प्रचार-प्रसार गर्ने तथा कार्यक्रम र सेवाहरूको अनुगमन गर्न सक्नेछन् ।

(५) बाल समूहले नगरपालिकासँग आफ्ना कार्यक्रमहरूका लागि आर्थिक सहायता तथा प्राविधिक र सामग्री सहयोगको अनुरोध गर्न सक्नेछ ।

३४. **बालबालिकासँग सम्बन्धित स्थानीय समितिहरूसँगको सम्बन्ध र सहकार्यः** (१) नगरपालिकाभित्र नगरपालिकास्तरीय तथा वडास्तरीय बालमैत्री स्थानीय शासन समिति, टोल विकास संस्था, स्थानीय मानव बेचबिखन नियन्त्रण समिति, शिक्षा समिति, स्थानीय विपद् व्यवस्थापन तथा जोखिम न्यूनीकरण समिति, नगर स्वास्थ्य समिति र स्थानीय खानेपानी तथा सरसफाइ समिति जस्ता बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने विभिन्न समिति हुन सक्नेछन् ।

(२) यी समितिहरूमा बाल समूह वा सञ्जालका प्रतिनिधिहरू सदस्य वा पर्यवेक्षकका रूपमा सहभागी गराउन सकिनेछ ।

(३) यस्ता समितिहरूको वार्षिक कार्यक्रम तथा कार्ययोजनामा बाल परामर्श, बालबालिकाको क्षमता विकास र बालबालिकासँग साझेदारीमा गरिने गतिविधिहरू तय गरी समावेश गर्न सकिनेछ ।

(४) यस्ता समितिहरूले बाल परामर्श तथा विभिन्न समयमा बाल समूह र बालबालिकाबाट प्राप्त हुन आएका गुनासा र सुझावहरूलाई नगरपालिकाको योजना प्रक्रियामा पैरवी गर्न सक्नेछन् ।

(५) बालबालिकाले सम्प्रेषण गरेका तत्काल सम्बोधन गर्नुपर्ने समस्याहरूलाई सम्बोधन गर्न सम्बन्धित निकायहरूबिच समन्वय गर्ने तथा बाल समूहका गतिविधिहरूलाई प्रोत्साहन गर्न उत्कृष्ट बाल समूह पुरस्कार तथा सम्मानका कार्यक्रमहरू गर्न सकिनेछ ।

३५. **बाल सहभागिता प्रवर्धनमा विद्यालय व्यवस्थापन समितिको भूमिकाः** (१) विद्यालयमा रहेका बाल समूहहरू विद्यालय व्यवस्थापन समितिसँग आबद्ध गर्नुपर्नेछ ।

(२) विद्यालयको वार्षिक कार्यक्रम, बजेट तथा कार्ययोजनाको निर्माण गर्दा बालबालिकासँगको परामर्शमा बाल समूहका गतिविधिलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू राख्न सकिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिमा बाल समूहका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा सहभागी गराउन सकिनेछ र यस्ता बैठकहरूमा बालबालिकाका सरोकारका विषयहरू प्रस्तुत गर्न लगाउन सकिनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको बैठकमा छलफल हुने संवेदनशील र विवाद सिर्जना हुन सक्ने विषयहरू (जस्तैः शिक्षक नियुक्ति र कारबाही, निर्माणको ठेक्कापट्टा तथा अनियमितता) जस्ता विषयको छलफलमा बालबालिकालाई प्रत्यक्ष सहभागी बनाइनेछैन ।

(५) विद्यालयमा रहने शिक्षकको व्यावहारिक सीप तथा शैली विकास (बालमैत्री शिक्षण विधि), बालमैत्री भौतिक संरचनाको निर्माण, स्वरूप र गुणस्तरका विषयहरूमा भने बाल समूहका सदस्य र सकेसम्म धेरै बालबालिकाको सुझाव लिन सकिनेछ ।

३६. **अन्य सङ्घसंस्था तथा सेवा प्रदायक निकायहरूको भूमिकाः** (१) नगरपालिकाभित्र क्रियाशील विभिन्न सङ्घसंस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिका प्रत्यक्ष प्रभावित हुने वा उनीहरू लक्षित कार्यक्रम, निर्णय तथा योजना प्रक्रियामा बाल समूहका प्रतिनिधिहरूसँग परामर्श गर्नुपर्नेछ ।

(२) यस्ता संस्था तथा सेवा प्रदायक निकायहरूले बालबालिकाका लागि निःशुल्क उपलब्ध सेवा, सुविधा तथा कार्यक्रमहरूको बारेमा प्रचार-प्रसार गर्न, सेवाको विषयमा सरोकारवालाबिच सञ्चार एवम् कार्यक्रमहरूको प्रभावकारिताको अनुगमन गर्न बाल समूहसँग सहकार्य गर्न सक्नेछन् ।

(३) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्य तथा बाल समूहसँग सहकार्य र परामर्शका कार्यहरू गर्दा उनीहरूको नियमित शिक्षालाई नकारात्मक प्रभाव पार्ने र विद्यालय समयमा असर पार्ने गरी गर्न सक्ने छैनन् ।

(४) सेवा प्रदायक निकायहरूले बाल समूहका सदस्यहरूलाई अनिवार्य सहभागिताको नियम लागू गर्न सक्ने छैनन् ।

(५) सेवा प्रदायक निकायहरूले बालबालिकालाई जोखिमपूर्ण हुने विवादित विषय, फौजदारी अपराधका उजुरी लगायतका विषयमा छलफल गर्न वा उनीहरूको राय वा निष्कर्ष माग्न र त्यस्ता क्षेत्रमा काममा लगाउन सक्ने छैनन् । तर, न्यायिक प्रक्रियामा प्रभावित बालबालिकासँग गरिने परामर्शमा बाधा पर्नेछैन ।

(६) सेवा प्रदायक निकायहरूले बालबालिका सहभागी भएर गरिएका सामुदायिक कार्यको बदलामा भत्ता वा ज्याला प्रदान गर्न सक्ने छैनन् । तर, यातायात खर्च र सहायक सामग्री दिन फरक पर्नेछैन ।

३७. **नगरपालिकाको योजना तर्जुमामा बाल समूहका प्रतिनिधिको व्यवस्थाः** (१) नगरपालिकाबाट हुने योजना निर्माण चक्रमा बाल समूहको प्रतिनिधित्व र सहभागिता अनिवार्य गर्न सकिनेछ ।

(२) बस्ती तथा वडा स्तरमा हुने योजना छलफलमा सहभागी हुन बाल समूहका सदस्य वा प्रतिनिधिहरूलाई निमन्त्रणा गर्न सकिनेछ । भेलामा उनीहरूको सरोकार राख्ने विषयमा धारणा राख्न निश्चित समय प्रदान गरिनेछ ।

(३) नगर वा वडा स्तरमा तोकिएको प्रक्रियामा बाल भेलाको आयोजना गरी स्थानीय योजना निर्माणका लागि बालबालिकासँग परामर्श लिन सकिनेछ ।

३८. **बाल समूहभित्र दलगत राजनीतिक प्रभाव पार्न नहुनेः** (१) बाल समूहभित्र दलगत राजनीतिक प्रभाव हुन नदिनका लागि देहायका उपाय अवलम्बन गर्न सकिनेछः

(क) बाल समूहका सदस्यहरू तथा सहजकर्ता कुनै पनि राजनीतिक दल वा दलका भातृ सङ्गठनको नेतृत्वमा नरहेको व्यक्ति चयन गर्ने ।

(ख) बाल समूह तथा यसका सदस्यहरूले विभिन्न राजनीतिक दलहरूसँग बालअधिकार प्रवर्धन र संरक्षणका विषयमा खुला अन्तरक्रिया तथा छलफल कार्यक्रम आयोजना गरेर ।

(ग) बाल समूहले कुनै एक राजनीतिक दल वा सङ्गठनसँग संयुक्त कार्यक्रमहरू आयोजना नगरेर।

(घ) बाल समूहले सार्वजनिक पदमा निर्वाचित वा नियुक्त राजनीतिक व्यक्तिबाहेक अन्य राजनीतिक दलका प्रतिनिधि वा व्यक्तिलाई कार्यक्रममा प्रमुख अतिथि, अतिथि वा स्रोत व्यक्ति नबनाएर ।

(ङ) बाल समूहले कुनै राजनीतिक दलको पक्ष वा विपक्षमा हुने गरी कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

(च) बाल समूहले राजनीतिक दल वा भातृसङ्गठनका बारेमा विशेष जानकारी दिने वा उसको सदस्य बन्न प्रेरित गर्ने कार्यक्रम तथा गतिविधिहरू सञ्चालन नगरेर ।

३९. **बाल समूहभित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्धनः** (१) बाल समूहभित्र सद्भाव, सद्व्यवहार र सुरक्षित अभ्यास प्रवर्धन गर्न देहाय अनुसार गर्नुपर्नेछः

(क) बाल समूहले आफ्नो सङ्गठन निर्माण, व्यवस्थापन तथा कार्य प्रक्रियाका सम्बन्धमा आचारसंहिता निर्माण गर्नुपर्नेछ ।

(ख) बाल समूह तथा यसका सदस्यहरूले सामाजिक कुरीति, भेदभावको अभ्यास र गलत प्रचलनहरूका विषयमा बोल्न र त्यस्ता अभ्यासहरू नगर्न सदस्यहरूलाई प्रशिक्षित गर्नुपर्नेछ।

(ग) बाल समूहका सदस्यहरूलाई सामाजिक सद्भाव प्रवर्धन गर्न सबै धर्म, जातजाति र समुदायबिच सम्मान गर्न, उनीहरूको असल संस्कृति र अभ्यासहरूका बारेमा बुझ्न विभिन्न समयमा विविध सांस्कृतिक कार्यक्रमहरू आयोजना गर्न सकिनेछ ।

(घ) समुदाय वा विद्यालयमा रहेको बाल समूहको नेतृत्वमा विभिन्न समुदायको प्रतिनिधित्व हुन सक्ने व्यवस्था गर्न सकिनेछ ।

(ङ) बाल समूहको बैठकमा 'सांस्कृतिक छलफल'को प्रस्ताव नै बनाएर नियमित रूपमा सदस्यहरूले पालैपालो आफ्नो धर्म, संस्कृति र असल कुराहरूका बारेमा प्रस्तुति र छलफल गर्ने नियम बनाउन सकिनेछ ।

४०. **बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासनः** (१) बाल समूहका गतिविधि, पारदर्शिता तथा आन्तरिक सुशासन सम्बन्धमा देहाय अनुसार गर्नुपर्नेछः

(क) बाल समूहले आयोजना गर्ने सबै गतिविधिहरूले बालबालिका तथा समुदायको हित प्रवर्धन गर्न सक्छन्, त्यस्ता बाल समूहका गतिविधिहरूको बारेमा गुनासो र प्रतिक्रिया दिने व्यवस्था गर्न सकिनेछ ।

(ख) बाल समूहका गतिविधिहरूका बारेमा प्रतिक्रिया दिन वा गुनासो व्यक्त गर्न सम्बन्धित संस्था, विद्यालय, वडा कार्यालय र नगरपालिकामा सुझाव पेटिकाको स्थापना र सञ्चालन गर्न सकिनेछ ।

(ग) सुझाव पेटिका मासिक रूपमा खोल्ने र प्राप्त सुझावहरूलाई लिखित रूपमा उल्लेख गरी रजिष्टरमा अभिलेखीकरण गर्नुपर्नेछ

(घ) प्राप्त सुझावहरूलाई सहजकर्ता र बाल समूहका प्रतिनिधिहरू बसी छलफल तथा प्राथमिकीकरण गरी सुझावका आधारमा बाल समूहका गतिविधिहरूमा सुधार गर्नुपर्नेछ । तर, सुझाव वा गुनासोको आधारमा मात्रै बाल समूह विघटन गर्ने वा बाल समूहका गतिविधिहरूलाई निषेध गर्ने वा रोक्ने कार्य गर्न सकिने छैन ।

(ङ) विद्यालयमा आधारित बाल समूहका गतिविधिहरूका बारेमा समुदाय तथा अभिभावकहरूले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई प्रत्यक्ष भेटेर पनि सुझाव दिन सक्नेछन् ।

## परिच्छेद-५

## बाल संरक्षण सेवा सम्बन्धी व्यवस्था

४१. **बाल संरक्षण सेवा व्यवस्थापनका लागि सार्वजनिक सूचना जारी गर्नेः** (१) नगरपालिकाले बाल संरक्षण सम्बन्धी सेवाहरूको व्यवस्थापनका लागि देहाय बमोजिमका संयन्त्रहरूको सूचीकरणका लागि ३५ (पैंतीस) दिनको सार्वजनिक सूचना जारी गर्नेछः

(क) बालबालिकालाई वैकल्पिक हेरचाहमा संरक्षण सेवा प्रदान गर्न चाहने व्यक्ति वा परिवार,

(ख) परिषद्बाट सञ्चालन अनुमति प्राप्त परिवारमा आधारित हेरचाह गर्ने संस्था, बालगृह र अस्थायी संरक्षण सेवा,

(ग) नेपाल सरकारको स्वीकृतिमा परिषद्बाट सञ्चालन अनुमति प्राप्त पुनःस्थापना केन्द्र।

(२) उपदफा (१) बमोजिमका संयन्त्रहरूको सूचीकरणका लागि नगरपालिकाले राष्ट्रिय पत्रपत्रिका, स्थानीय पत्रपत्रिका, वेबसाइट वा सूचना पाटीमार्फत सूचना जारी गर्न सक्नेछ।

४२. **निवेदन दिनुपर्नेः** (१) दफा ४१ को खण्ड (क) अनुसारका व्यक्ति वा परिवारले नगरपालिकामा सूचीकृत हुनका लागि अनुसूची-९ बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरू संलग्न गरी निवेदन दिनुपर्नेछः

(क) सूचीकृत हुनका लागि निवेदन,

(ख) नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) पारिवारिक सदस्यहरूको विवरण,

(घ) घर तथा जग्गा-जमिन सम्बन्धी विवरण,

(ङ) वार्षिक आम्दानी, खर्च र बचतको विवरण,

(च) आम्दानीको स्रोत,

(छ) घरेलु हिंसा, बालबालिका विरुद्धको कसूर तथा नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी नठहरिएको स्व-घोषणापत्र,

(ज) शारीरिक र मानसिक समस्या नभएको, दीर्घकालीन उपचार गर्नुपर्ने वा सरुवा रोगबाट सङ्क्रमित नभएको र लागू पदार्थ दुर्व्यसन वा अन्य कुलतमा नलागेको खुल्ने गरी मान्यता प्राप्त चिकित्सकबाट जारी गरिएको सिफारिसपत्र।

(२) दफा ४१ को सूचना अनुसार सोही दफाको उपदफा (१) को खण्ड (ख) र (ग) बमोजिमका संयन्त्रहरूले नगरपालिकामा सूचीकरण हुनका लागि अनुसूची-१० बमोजिमको ढाँचामा देहाय बमोजिमका कागजातहरू संलग्न गरी निवेदन दिनुपर्नेछः

(क) सूचीकृत हुनका लागि निवेदन,

(ख) संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्र,

(ग) परिषद्बाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरणको प्रमाण,

(घ) पुनःस्थापना केन्द्रको हकमा निर्णयसहित परिषद्बाट जारी भएको सञ्चालन अनुमतिपत्र र नवीकरण,

(ङ) संस्थाको बालबालिका संरक्षण गर्न सक्ने क्षमता र हाल संरक्षणमा रहेका बालबालिकाको विवरण।

(३) उपदफा (२) बमोजिम अस्थायी संरक्षण सेवा प्रदायकले आफ्नो विशिष्टीकृत क्षमता अनुसार देहाय बमोजिमका वर्गीकरणको आधारमा निवेदन दिनुपर्नेछः

(क) लागू पदार्थ दुर्व्यसनी उपचारसहित सडक बालबालिकालाई अस्थायी संरक्षण सेवा,

(ख) बालबालिका विरुद्धको यौनहिंसा तथा दुर्व्यवहारबाट पीडित र प्रभावित बालबालिकालाई अस्थायी संरक्षण सेवा,

(ग) वेवारिसे फेला परेका बालबालिकाको अस्थायी संरक्षण सेवा,

(घ) जोखिमपूर्ण श्रममा संलग्न रहेका बालबालिकाको उद्धारपछिको अस्थायी संरक्षण सेवा,

(ङ) बाह्य देशबाट उद्धार गरिएका, बेचबिखन तथा ओसारपसारमा परेका बालबालिकालाई उद्धारपछिको अस्थायी संरक्षण सेवा,

(च) मापदण्ड विपरीत सञ्चालनमा रहेका वैकल्पिक स्याहारबाट उद्धार गरिएका बालबालिकाको पुनःस्थापना नभएसम्मका लागि अस्थायी संरक्षण सेवा।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन दर्ता गर्दा नगरपालिकाले आवश्यक शुल्क लिन सक्नेछ।

४३. **बाल संरक्षण संयन्त्रको सूचीकरणः** (१) बाल कल्याण अधिकारीले यस कार्यविधिको दफा २६ को उपदफा (१) र (२) बमोजिम प्राप्त निवेदनहरूको लेखाजोखा गरी उपदफा (३) बमोजिमको वर्गीकरणको आधारमा कुन किसिमको सूचीकरण गर्न उपयुक्त हुने वा नहुने व्यहोरा खुलाई स्थानीय बाल अधिकार समिति समक्ष लेखाजोखा प्रतिवेदन पेस गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका आधारमा स्थानीय बाल अधिकार समितिको निर्णयले निवेदक बाल संरक्षण संयन्त्रहरूको सूचीकरण गर्नेछ।

(३) स्थानीय बाल अधिकार समितिमा सूचीकृत भएपश्चात नगरपालिकाले अनुसूची-११ बमोजिमको ढाँचामा सूचीकृत संस्थालाई सूचीकरणको पत्र उपलब्ध गराउनेछ।

**स्पष्टीकरणः** भिमाद नगरपालिकामा कार्यरत बालगृह, अस्थायी संरक्षण सेवा प्रदायक संस्था वा बालगृह सङ्घ वा प्रदेशमा सूचीकृत भएको भए सोही पत्रको प्रतिलिपि राखी नगरपालिकाले सोझै सूचीकृत गर्न सक्नेछ।

४४. **बाल संरक्षण सेवाको सूची वार्षिक रूपमा अद्यावधिक गरिनेः** (१) दफा २७ बमोजिम सूचीकृत भएका बाल संरक्षण सेवा प्रदायकहरूमध्ये प्रत्येक आर्थिक वर्षको असार ३० गतेभित्र आगामी आर्थिक वर्षका लागि नगरपालिकामा सूचीकरण नवीकरण/अद्यावधिक हुन चाहनेहरूका लागि परिपत्र, इमेल वा सूचनामार्फत दफा २६ को उपदफा (२) बमोजिमका कागजात संलग्न गरी आवेदन माग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको आवेदनको आधारमा यस कार्यविधिको दफा ३३ बमोजिमको अनुगमन टोलीले अनुगमन गरी सिफारिससहितको अनुगमन प्रतिवेदन स्थानीय बाल अधिकार समिति समक्ष पेस गर्नेछ।

(३) उपदफा (२) बमोजिमको अनुगमन प्रतिवेदनको सिफारिस र बाल अधिकार समितिको निर्णयका आधारमा नगरपालिकाले बाल संरक्षण संयन्त्रहरूको सूचीकरण अद्यावधिक गर्नेछ।

४५. **अस्थायी संरक्षण सेवाका लागि अनुदान उपलब्ध गराउन सक्नेः** (१) दफा २७ बमोजिम सूचीकृत भएका अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग नगरपालिकाले वार्षिक कार्यसम्पादन सम्झौता गरी नगरपालिकाले उद्धार गरी अस्थायी संरक्षण लगायतका सेवाका लागि सिफारिस गरेका बालबालिकालाई नियमावलीको नियम ६८ को

उपदफा (३) बमोजिमको सेवा प्रदान गरेबापत प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा रु. ३,०००।- (तीन हजार) उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान उपलब्ध गराउँदा नगरपालिकाले त्यस्ता सेवा प्रदायक संस्थाले प्राप्त गर्ने अनुदानमा सङ्घ वा प्रदेशबाट समेत अनुदान प्राप्त भए/नभएको सम्बन्धमा दोहोरोपन नभएको यकिन गर्नुपर्नेछ।

४६. **समाजसेवी तथा बाल मनोवैज्ञानिकको सूचीकरण र नियुक्ति गर्नेः** (१) समाजसेवी तथा बाल मनोवैज्ञानिकको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ।

(२) नियमावलीको नियम ८३ बमोजिम नियुक्त समाजसेवी तथा बाल मनोवैज्ञानिकको सेवाका सर्तहरू देहाय बमोजिम हुनेछन्ः

(क) अधिकारबाट वञ्चित भएका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, हेरचाह तथा पालनपोषणको वर्तमान अवस्था र सम्भाव्य स्थितिको आधारमा बालबालिकाको उचित सहायता र व्यवस्थापनका लागि प्रतिवेदन पेस गर्ने,

(ख) बालबालिकालाई प्रदान गर्नुपर्ने संरक्षण सेवा प्रवाहमा उच्चतम हित लेखाजोखा सम्बन्धी प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारी समक्ष पेस गर्ने,

(ग) वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्ने क्रममा इच्छुक परिवारका सदस्य वा नातेदार तथा व्यक्तिको लेखाजोखा गरी सामाजिक लेखाजोखा प्रतिवेदन पेस गर्ने,

(घ) बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थापनका क्रममा बालबालिकाको सर्वोत्तम हित हुने गरी बाल कल्याण अधिकारीलाई राय/परामर्श उपलब्ध गराउने,

(ङ) बालबालिकाको पारिवारिक पुनर्मिलन गराउने क्रममा पारिवारिक लेखाजोखा सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने,

(च) नगरपालिकाले तोकेका अन्य कार्यहरू सम्पादन गर्ने।

(३) नगरपालिकाले नियुक्त गरेका समाजसेवी तथा बाल मनोवैज्ञानिकलाई उपदफा (२) बमोजिमको कार्यसम्पादनका लागि घटनाको प्रकृति तथा घटना व्यवस्थापन गर्न लाग्ने अनुमानित समयको आधारमा प्रति घटना रु. ३,०००।- (तीन हजार) देखि रु. ५,०००।- (पाँच हजार) सम्म बाल अधिकार समितिले निर्णय गरी उपलब्ध गराउन सक्नेछ।

४७. **बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गरिनेः** (१) बालबालिका विरुद्धको हिंसाबाट पीडित तथा प्रभावित भएका र जोखिममा परेका बालबालिकाको उद्धार, अस्थायी संरक्षण, मनोविमर्श तथा कानुनी सहयोगका लागि नगरपालिकाले नजिकको बाल हेल्पलाइन सेवा (१०९८) सँग समन्वय र सहकार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिमको बाल हेल्पलाइन सेवासँग समन्वय र सहकार्यका लागि बाल अधिकार समितिले सूचना पाटी, वेबसाइट वा परिपत्रमार्फत बाल हेल्पलाइन सेवा सञ्चालन अनुमति प्राप्त संस्थाबाट सहकार्यका लागि देहायका कागजातहरू संलग्न गरी सूचनामार्फत आवेदन माग गर्न सक्नेछः

(क) सहकार्यका लागि निवेदन,

(ख) परिषद्बाट जारी भएको बाल हेल्पलाइन सेवा सञ्चालन अनुमतिपत्रको प्रतिलिपि,

(ग) संस्था दर्ता र नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,

(घ) गत दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

(३) उपदफा (२) बमोजिमको सूचना जारी गर्दा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माण प्रक्रिया सुरु हुनुभन्दा पहिले नै ३५ (पैंतीस) दिनको म्याद दिई सूचना जारी गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम प्राप्त आवेदनका आधारमा नगरपालिकाले बाल हेल्पलाइन सेवाको सबलीकरणका लागि वार्षिक कार्यक्रम तथा बजेटको व्यवस्था गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम व्यवस्था गरिएको कार्यक्रम तथा बजेटमार्फत बाल हेल्पलाइन सेवा सञ्चालक संस्थासँग वार्षिक कार्यसम्पादन सम्झौता गरी नगरपालिकाले उद्धार गरेका उपदफा (१) मा उल्लेख भए बमोजिमका बालबालिकाको अस्थायी संरक्षण लगायतको सेवा व्यवस्थापनका लागि प्रति बालबालिका प्रति महिना प्रमाणित हाजिरीको आधारमा नगरपालिकाले देहायका प्रयोजनका लागि रु. ३,०००।- (तीन हजार) उपलब्ध गराउन सक्नेछः

(क) खाद्यान्न, औषधि उपचार र ग्याँस,
(ख) तत्काल राहत सहयोग,
(ग) मनोविमर्श सेवा,
(घ) कानुनी परामर्श सेवा,
(ङ) लत्ताकपडा, सिरक र डस्ना,
(च) घरभाडा,
(छ) बालबालिकाको पारिवारिक पुनर्मिलन तथा लेखाजोखाको क्रममा लाग्ने दैनिक भ्रमण तथा यातायात खर्च।

४८. **बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गरिनेः** (१) हराएका, वेवारिसे फेला परेका, बेचबिखन तथा ओसारपसारमा परेका, सडकमा आश्रित तथा जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाको खोजी, उद्धार, संरक्षण तथा व्यवस्थापन सम्बन्धी कार्यका लागि बाल अधिकार समितिले बालबालिका खोजतलास सेवा (१०४) सँग समन्वय र सहकार्य गर्नेछ।

(२) बालबालिका खोजतलास सेवाको सबलीकरणका लागि काठमाडौँमा सञ्चालनमा रहेको बालबालिका खोजतलास समन्वय केन्द्र (१०४) को प्रभावकारिता अभिवृद्धिका लागि वार्षिक कार्यक्रममार्फत सहकार्य गर्न सकिनेछ।

४९. **अनुगमन टोली गठनः** (१) नगरपालिकामा संरक्षण सेवा प्रदान गरिरहेका बाल संरक्षण संयन्त्र तथा सेवा प्रवाहको अवस्था अनुगमनका लागि बाल अधिकार समिति अन्तर्गत रहने गरी देहाय बमोजिमको **पाँच सदस्यीय** अनुगमन टोली रहनेछः

(क) संयोजकः उपप्रमुख
(ख) सदस्यः सामाजिक विकास समितिको संयोजक
(ग) सदस्यः सम्बन्धित वडाको वडा अध्यक्ष
(घ) सदस्यः शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति
(ङ) सदस्यः बाल कल्याण अधिकारी

(२) उपदफा (१) बमोजिमको अनुगमन टोलीमा आवश्यकता अनुसार घटनाको प्रकृति एवम् गाम्भीर्यताका आधारमा विषय विज्ञ एक जनालाई संयोजकको अनुमति लिई सामेल गराउन सकिनेछ।

**५०. अनुगमन गर्ने अवधि र समयः** (१) अनुगमन टोलीले अनुगमन योजना बनाई नियमित रूपमा नगरपालिकाभित्र सञ्चालनमा रहेका बाल संरक्षण संयन्त्रहरूको अनुगमन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन योजना बनाउँदा यस कार्यविधिको परिच्छेद-५ बमोजिम सूचीकृत भएका संयन्त्रहरूको एक आर्थिक वर्षमा कम्तीमा तीन पटक अनुगमन गर्ने गरी बढीमा ४ महिनाभित्रमा एक चरणको अनुगमन सम्पन्न गर्ने गरी बनाउनुपर्नेछ । **तर** कुनै विशेष परिस्थिति वा उजुरी वा सूचनाका आधारमा आवश्यकता अनुसार तत्काल जुनसुकै अवधि र समयमा अनुगमन टोलीले अनुगमन गर्न सक्नेछ ।

(३) बाल संरक्षण संयन्त्रहरूको अनुगमन गर्दा सकेसम्म बिहान वा बेलुकीको समयमा गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयमा अनुगमन गर्न सम्भव नभएमा सेवा प्रदायक संस्था र संरक्षण सेवा लिइरहेका बालबालिकासँग भेट हुने गरी समय मिलाई अनुगमन गर्नुपर्नेछ ।

**५१. अनुगमन गरिने बाल संरक्षण संयन्त्र तथा सेवाहरूः** (१) अनुगमन टोलीले देहायका बाल संरक्षण संयन्त्रहरूमा रहेका बालबालिका र मापदण्डको कार्यान्वयन सम्बन्धी अवस्थाको अनुगमन गर्नेछः

(क) वैकल्पिक हेरचाह सेवा प्रदान गरिरहेका बालबालिकाको आफन्त वा नातेदार र नगरपालिकामा सूचीकृत व्यक्ति वा परिवार

(ख) नगरपालिकामा सूचीकृत परिवारमा आधारित हेरचाह गर्ने संस्था तथा बालगृह

(ग) नगरपालिकामा सूचीकृत अस्थायी संरक्षण सेवा

(घ) नगरपालिकासँग सहकार्यरत बाल हेल्पलाइन सेवा (१०९८)

(२) उपदफा (१) मा उल्लेखित संयन्त्रहरूमा संरक्षणमा रहेका बालबालिका बाहेक बालसुधारगृह भित्र सञ्चालनमा रहेको विद्यालय सहित नगरपालिकाभित्र सेवा प्रदान गर्ने विद्यालय, स्वास्थ्य संस्था लगायतका संयन्त्रहरूबाट प्रवाह भएको सेवाहरू बालमैत्री रहे/नरहेको अनुगमन अनुगमन टोलीले गर्नुपर्नेछ ।

**५२. अनुगमनका लागि पूर्वसूचना दिनुपर्नेः** (१) बाल संरक्षण सेवाहरूको अनुगमन गर्दा अनुगमन पूर्व सम्बन्धित सेवा प्रदायकहरूलाई अनुगमन गरिने मिति र समयको बारेमा कुनै पनि सञ्चार माध्यमबाट पूर्वसूचना दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुगमन टोलीले कुनै उजुरी वा सूचनाको आधारमा जानकारी नदिई नै आकस्मिक अनुगमन गर्न सक्नेछ ।

**५३. अनुगमन गरिने मुख्य विषयहरूः** (१) यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था अनुगमन गर्दा देहाय बमोजिमका विषयहरूको अनुगमन गर्नुपर्नेछः

(क) बालबालिकासँग पारिवारिक सदस्यहरूको व्यवहार

(ख) बालबालिकाको मनोसामाजिक सहित स्वास्थ्य अवस्था

(ग) बालबालिकाको संरक्षणको अवस्था

(घ) पारिवारिक वातावरण सौहार्द रहे/नरहेको

(ङ) पारिवारिक आर्थिक अवस्था

(च) बालबालिकाको शैक्षिक अवस्था

(छ) बालबालिका खुसी रहे/नरहेको

(ज) अनुगमन टोलीले आवश्यक ठानेका अन्य आवश्यक विषयहरू

(२) यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमका विषयहरूको अनुगमन गर्नुपर्नेछः

(क) नियमावलीको नियम ६४ तथा परिषद्बाट जारी भएको *बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९* अनुसारका देहाय बमोजिमका मापदण्ड पुरा गरे/नगरेको:

(अ) भौतिक पूर्वाधार तथा संरचना सम्बन्धी मापदण्ड

(आ) आवश्यक जनशक्तिको व्यवस्था सम्बन्धी मापदण्ड

(इ) आर्थिक स्रोतको व्यवस्था सम्बन्धी मापदण्ड

(ई) बालबालिकाको भर्ना प्रक्रिया सम्बन्धी मापदण्ड

(उ) बालबालिकाको भोजन तथा पोषण सम्बन्धी मापदण्ड

(ऊ) बालबालिकाको स्वास्थ्य र सरसफाइ सम्बन्धी मापदण्ड

(ऋ) शिक्षा, तालिम र अतिरिक्त क्रियाकलाप सम्बन्धी मापदण्ड

(ऌ) बाल संरक्षण, बालमैत्री वातावरण र आत्मसम्मानको सुनिश्चितता सम्बन्धी मापदण्ड

(ऍ) बाल क्लब गठन, सञ्चालन र बाल सहभागिता सम्बन्धी मापदण्ड

(ख) संरक्षणमा रहेका बालबालिका ऐनको दफा ४९ बमोजिमको वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिका रहे/नरहेको ।

(३) यस कार्यविधिको दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको अवस्था तथा संस्थाको मापदण्ड अनुगमन गर्दा देहाय बमोजिमका विषयहरूको अनुगमन गर्नुपर्नेछः

(क) नियमावलीको नियम ६८ को उपदफा (३) बमोजिमका सेवाहरूमध्ये बालबालिकाको घटनाको प्रकृति र समाजसेवी तथा बालमनोविज्ञको प्रतिवेदनले अस्थायी संरक्षण सेवा प्रबन्ध गर्ने क्रममा सिफारिस गरेका आवश्यकता अनुसारका सेवाहरू बालबालिकाले प्राप्त गरे/नगरेको ।

(ख) परिषद्बाट जारी भएको बालगृह सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७९ अनुसारको बालमैत्री भौतिक पूर्वाधार, जनशक्तिको व्यवस्था, आर्थिक स्रोतको व्यवस्था, बालबालिकाको भर्ना प्रक्रिया सम्बन्धी विषयहरू ।

(४) अनुगमन गर्दा संरक्षणमा रहेका बालबालिकाको जन्मदर्ता वा नागरिकता भए/नभएको र नभएको भएमा सोका लागि सहजीकरण गरे/नगरेको, बालबालिकाको व्यक्तिगत घटना फाइलहरू छुट्टाछुट्टै राखी व्यवस्थित अभिलेखीकरण गरे/नगरेको विषय अनिवार्य समावेश गर्नुपर्नेछ ।

५४. **विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्था अनुगमनः** (१) अनुगमन टोलीले कार्ययोजना बनाई नगरपालिकामा रहेका वैकल्पिक हेरचाहको आवश्यकता नभएका तर विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको अवस्थाको बारेमा अनुगमन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमका बालबालिकाको अनुगमन गर्दा बालबालिकाले उचित संरक्षण नपाएको देखिएमा देहाय बमोजिमका सेवाहरूको सुनिश्चितताका लागि बाल अधिकार समितिले सहजीकरण गर्नेछः

(क) प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षाको दायरामा पर्ने बालबालिकाको सामाजिक सुरक्षाको व्यवस्था

(ख) पारिवारिक परामर्श तथा सहयोग गर्नुपर्ने बालबालिकाको लागि सोको व्यवस्था

(ग) पहिचानको अधिकारबाट वञ्चित भएका बालबालिकाको अधिकार कार्यान्वयनको लागि सहयोग

(घ) अनुगमनका क्रममा तत्काल उद्धार गर्नुपर्ने अवस्था देखिएमा स्थानीय प्रहरीसँगको सहकार्यमा उद्धार गरी अस्थायी संरक्षण सम्बन्धी व्यवस्था

(ङ) अनुगमन टोलीले पहिचान गरेका अन्य सहयोगको व्यवस्था

**५५. बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमनः** (१) अनुगमन टोलीले यस कार्यविधि बमोजिम सहकार्यमा रहेको बाल हेल्पलाइन सेवा (१०९८) को अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन गर्दा मन्त्रालयबाट स्वीकृत भई जारी भएको बाल हेल्पलाइन सञ्चालनसँग सम्बन्धित कार्यविधिमा उल्लेख भएको सेवाको शर्त र मापदण्ड अनुसार सञ्चालनमा रहे/नरहेको र यस कार्यविधिको दफा ४७ बमोजिमको नगरपालिकासँगको वार्षिक कार्यसम्पादन सम्झौता अनुसार कार्यसम्पादन गरे/नगरेको अनुगमन आवश्यकता अनुसार अनुगमन टोलीले गर्नेछ ।

**५६. दिशान्तर प्रक्रियामा रहेका बालबालिकाको सुधारको अवस्था अनुगमनः** (१) अनुगमन टोलीले ऐनको दफा २९ को उपदफा (१) को खण्ड (च) बमोजिम बाल कल्याण अधिकारीको सुपरीवेक्षण र निर्देशनमा रहने गरी दिशान्तर गर्दा छाडिएका बालबालिकाको सुधार सम्बन्धी देहायका विषयहरूको प्रत्येक चार-चार महिनाको तुलनात्मक अवस्था अनुगमन गर्नेछः

(क) मनोसामाजिक लगायत स्वास्थ्यको अवस्था

(ख) व्यवहार

(ग) कम्तीमा विगत तीन महिनाको दैनिक कार्यतालिका

(घ) खानपान

(ङ) औपचारिक वा अनौपचारिक शिक्षाको अवस्था

(च) सीपमूलक तालिम

(छ) बालबालिकाको भावी योजना

(२) उपदफा (१) बमोजिमको तुलनात्मक अनुगमनको अवस्थाको आधारमा नगरपालिकाभित्र दिशान्तर प्रक्रिया अन्तर्गत पुनःस्थापनाका लागि छाडिएका बालबालिकाको व्यवहार र सुधारको अवस्था सम्बन्धी प्रतिवेदन अनुगमन टोलीले स्थानीय बाल अधिकार समिति समक्ष पेस गर्नेछ ।

**५७. अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिताः** (१) समितिले अनुगमन टोली गठन गर्दा अनुगमन टोलीले पालना गर्नुपर्ने आचारसंहिता समेत स्वीकृत गरी लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको न्यूनतम आचारसंहिता देहाय बमोजिम हुनेछः

(क) बालबालिकालाई बालसंवेदनशील प्रक्रिया र व्यवहार (बोली, व्यवहार, शैली र विधिहरू) अपनाउने ।

(ख) बालबालिकासँग कुराकानी गर्दा के विषयमा कुरा गर्न लागेको हो सोको जानकारी गराउने तथा सहमति लिने ।

(ग) बालबालिकालाई त्रास, भय, मानसिक तथा शारीरिक पीडा रहित वातावरणको सुनिश्चितता गर्ने।

(घ) अनुगमनका क्रममा देखिएका वा सङ्कलन गरिएका कानुनी प्रमाण र सम्बन्धित तथ्यलाई सुरक्षित राख्ने ।

(ङ) सानो उमेरका, शारीरिक तथा मानसिक अपाङ्गता भएका, बिरामी र घाइते अवस्थाका बालबालिकासँग छलफल गर्दा उनीहरूको विशेष र थप संवेदनशीलतालाई ख्याल गर्नुपर्ने ।

(च) बालबालिकाको गोपनीयता कायम गर्न उच्च सतर्कता अपनाउने ।

(छ) अनुगमनको क्रममा सञ्चार माध्यमहरूमा आउने वा आउन सक्ने समाचारहरूमा बालसंवेदनशीलताको सुनिश्चितता गर्न विशेष ध्यान दिने ।

(ज) अनुगमनसँग सम्बन्धित आवश्यक प्रमाणहरूको लागि बालबालिका तथा संरक्षकको सहमतिमा फोटो, भिडियोहरू खिचेर सुरक्षित गर्ने ।

(झ) अनुगमनको क्रममा बालबालिकालाई कुटपिट, गाली, दुर्व्यवहार वा असहज हुने कुनै पनि कार्य नगर्ने ।

(ञ) बालबालिकासँग यौनजन्य शब्दको प्रयोग, इसारा, वार्तालाप वा क्रियाकलाप नगर्ने ।

(ट) बालबालिकाको इच्छा विपरीत हात मिलाउने, उनीहरूलाई छुने लगायतका व्यवहार वा कार्य नगर्ने ।

(ठ) बालबालिकासँग तोकिएको सुरक्षित स्थान बाहेक अनुगमनको क्रममा एक्लाएक्लै भेटघाट नगर्ने तथा एकान्तमा नबस्ने ।

(ड) कुनै पनि परिस्थितिमा बालबालिकाको सम्पत्ति, पारिवारिक अवस्था, चरित्र, निज बालबालिका वैकल्पिक स्याहारमा आउनु पर्नाका कारण र निजलाई हिनताबोध वा ग्लानी हुने खालका विवरण कुनै पनि माध्यमबाट सार्वजनिक नगर्ने, नगराउने ।

(ढ) बाल अधिकार समितिले आवश्यक ठानेका अन्य विषयहरू ।

**५८. अनुगमन खर्च व्यवस्थापनः** यस कार्यविधि बमोजिमको अनुगमन कार्यका लागि अनुगमनकर्ताको भ्रमण भत्ता, खाना, खाजा र यातायात खर्चको व्यवस्थापन नगरपालिकाको वार्षिक कार्यक्रम मार्फत गरिनेछ।

**५९. अनुगमन कार्य प्रक्रियाः** (१) बाल अधिकार समिति वा अनुगमन टोलीले यस कार्यविधि बमोजिमको अनुगमन कार्य गर्दा देहाय बमोजिमको प्रक्रिया मार्फत अनुगमन गर्न सक्नेछः

(क) सम्बन्धित संयन्त्रहरूबाट प्राप्त आवधिक प्रतिवेदन अध्ययन (मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक)

(ख) सूचना प्रणाली

(ग) प्रत्यक्ष अनुगमन भ्रमण

(घ) सञ्चार मार्फत अनुगमन

(२) प्रत्यक्ष भ्रमण गरी अनुगमन कार्य गर्दा सम्बन्धित भौतिक संरचनाको निरीक्षण, सेवा प्रदायक व्यक्ति वा संस्थाका सञ्चालकहरूसँगको छलफल, बालबालिकासँगको प्रत्यक्ष कुराकानी, छिमेकी वा समाजसेवीसँगको छलफल लगायतका प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

६०. **अनुगमन प्रतिवेदन र कारबाहीः** (१) यस कार्यविधि बमोजिम अनुगमन गरिएका बाल संरक्षण सेवाहरूको अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी र उक्त प्रतिवेदनमा हस्ताक्षर गरी बाल अधिकार समिति समक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदन अध्ययन गरी बाल अधिकार समितिले प्रतिवेदनले सुझाएका विषयहरूको सम्बोधन गर्नेछ ।

(३) प्रतिवेदनमा परिवारमा आधारित संस्था वा बालगृह वा अस्थायी संरक्षण सेवा वा बाल हेल्पलाइन सेवाले मापदण्ड पुरा नगरेको पाइएमा बढीमा २ महिनासम्मको अवधि दिई मापदण्ड पुरा गर्नका लागि बाल अधिकार समितिले निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निर्देशन पालना भए/नभएको विषयको अनुगमनका लागि तोकिएको अवधि सम्पन्न भए पश्चात अनुगमन टोली वा बाल अधिकार समिति आफैंले अनुगमन गर्न सक्नेछ र उक्त अवधिमा समेत निर्देशन पालना नभएको पाइएमा त्यस्ता बाल संरक्षण सेवा प्रदायकहरूको सञ्चालन अनुमति खारेजीका लागि देहाय बमोजिमका कागजातहरू संलग्न गरी परिषद्मा सिफारिस गर्नेछः

(क) सञ्चालन अनुमति खारेजीका लागि सिफारिस पत्र

(ख) बाल अधिकार समितिको निर्णयको प्रतिलिपि

(ग) अनुगमन प्रतिवेदन

(५) उपदफा (१) बमोजिमको अनुगमन प्रतिवेदनका आधारमा बाल संरक्षण सेवा प्रदायकमा बालबालिका विरुद्धको कसूर भएको पाइएमा अनुगमन प्रतिवेदनले गरेको सिफारिस समेतका आधारमा त्यस्ता व्यक्ति वा संस्थालाई कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा स्थानीय बाल अधिकार समितिले उजुरी दिन सक्नेछ ।

(६) यस दफा बमोजिमको अनुगमन प्रतिवेदनहरूको आधारमा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको संरक्षण, हेरचाह, शिक्षा तथा स्वास्थ्यको अवस्था लगायतका विषयहरू समावेश भएको एकीकृत प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक चार-चार महिनामा बाल अधिकार समिति, प्रदेश बाल अधिकार समिति, परिषद् तथा मन्त्रालयमा पठाउनुपर्नेछ

(७) उपदफा (६) बमोजिम बाल अधिकार समितिले प्राप्त गरेको एकीकृत प्रतिवेदनका आधारमा कुनै बालबालिकाले वैकल्पिक स्याहार प्रदायकबाट उचित संरक्षण नपाएको देखिएमा नियमावलीको नियम ६१ बमोजिम सम्बन्धित व्यक्ति वा संस्थालाई कारबाहीका लागि वा संरक्षक परिवर्तनका लागि सम्बन्धित निकायमा निवेदन दिनेछ ।

**६१. स्थानीय बालबालिका उत्तरदायी वजेट संङ्केत सहजिकरण समितिः** (१) बालबालिका उत्तरदायी बजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा सहजीकरणका लागि तपसिल बमोजिकको सहजिकरण समिति रहनेछ।

संयोजकः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः लेखा प्रमुख

सदस्यः बालकल्याण अधिकारी

(२) बालबालिका उत्तरदायी वजेट सङ्केतको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनका लागि बालकल्याण अधिकारी उत्तरदायी बजेट सम्पर्क व्यक्ति रहनेछ ।

**६२. प्रारम्भिक बाल विकास संचालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्थाः** (१) कुनै व्यक्ति तथा निकायले नगरपालिकाको अनुमति नलिई नगरपालिका भित्र प्रारम्भिक बाल विकास केन्द्र/ शिशु स्याहार केन्द्र संचालन गर्न पाईनेछैन ।

(२) प्रारम्भिक बाल शिक्षा केन्द्र/शिशु विकास केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन सम्वन्धी व्यवस्था अनुसूची १२ मा अनुसार हुनेछ ।

## परिच्छेद-८

## बाल कोष सम्बन्धी व्यवस्था

**६३. बालकोषको स्थापनाः** (१) नगरपालिका क्षेत्रभित्र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन तथा पुनःस्थापना गराउने कामका लागि ऐनको दफा ६२ बमोजिमको एक 'बालकोष' स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम रहनेछः

(क) सङ्घ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाले कोषका लागि विनियोजन गरेको रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(घ) स्वदेशी सङ्घसंस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ङ) न्यायिक समितिबाट बालबालिकाविरुद्धका हिंसाका घटनामा गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

(च) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम रकम प्राप्त गर्न प्रचलित कानुन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(४) कोषको रकम देहायका कामका लागि उपयोग गरिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न वा गराउन,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्न,

(ग) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई संरक्षण गर्न वा अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्न,

(घ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको शैक्षिक प्रबन्ध, स्वास्थ्य उपचार तथा मनोसामाजिक सहयोग गर्न वा गराउन,

(ङ) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन तथा पुनःस्थापना गर्न वा गराउन,

(च) अदालतको आदेशानुसार स्थानीय तहभित्रका बालबालिकालाई क्षतिपूर्ति दिन,

(छ) खण्ड (क) देखि (च) मा उल्लेखित कार्यसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्न वा गराउन ।

(५) समितिको बैठक भत्ता, खाजा, भ्रमण, मसलन्द, छपाई, पत्रपत्रिका, विज्ञापन लगायतका कुनै पनि प्रशासनिक कार्यका निमित्त कोषको रकम खर्च गर्न पाइने छैन ।

**तर,** उपदफा (४) बमोजिमको कार्य सम्पादन गर्न लाग्ने यातायातको प्रयोग लगायतका अत्यावश्यक कार्यमा रकम खर्च गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन ।

**६४. कोष सञ्चालक समितिः** (१) बालकोष सञ्चालनका लागि देहायबमोजिमको एक 'स्थानीय बालकोष सञ्चालन समिति' रहनेछः

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उपप्रमुख - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सामाजिक विकास, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

(ङ) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(छ) स्थानीय बालअधिकार समितिको संयोजक -सदस्य

(ज) बालमैत्री स्थानीय शासन नगर समितिको सदस्य मध्ये संयोजकले तोकेको १ जना शिक्षक -सदस्य

(झ) नगरपालिकास्तरीय बालमञ्चको अध्यक्ष - सदस्य

(ञ) स्थानीय बाल संरक्षण समितिका सदस्यमध्ये समितिले तोकेको गै.स.स.प्रतिनिधि १ जना - सदस्य

(ट) बाल कल्याण अधिकारी / महिला तथा बालबालिका शाखा प्रमुख - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको बालकोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा आवश्यकतानुसार सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ ।

**६५. बालकोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) बालकोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्योपचार गर्ने, पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक क्रियाकलापहरू सञ्चालन गर्ने,

(ख) कोषको रकमको संरक्षण गर्ने

(ग) कोष वृद्धिका लागि स्रोतको खोजी गर्ने, आवश्यक रचनात्मक तथा प्रवर्द्धनात्मक क्रियाकलापहरू सञ्चालन गर्ने,

(घ) आर्थिक-सामाजिक सहायताको मोडालिटी (Modality) तयार गर्ने,

(ङ) सहयोगको आवश्यकता भएका बालबालिकालाई यसै कार्यविधिको दफा ६८ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्ने,

(च) बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय गर्ने,

(छ) बालकोष सञ्चालन समितिबाट गरिने क्रियाकलापको अनुगमन गर्ने वा गराउने,

(ज) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका निम्ति बालकोष सञ्चालक समितिले आवश्यक ठानेको अन्य उपयुक्त कार्य गर्ने वा गराउने ।

(झ) आफ्नो काम, कर्तव्य तथा अधिकारको परिपालना गर्दा बालकोष सञ्चालन समितिले नगरपालिकाको नगर बाल अधिकार समिति, वडा बाल अधिकार समिति एवम् बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा काम गरिरहेका वा गर्न इच्छुक सङ्घसंस्था वा व्यक्तिसँग समन्वय एवम् सहकार्य गर्न सक्नेछ ।

**६६. बालकोष सञ्चालक समितिको बैठकः** (१) बालकोष सञ्चालन तथा व्यवस्थापन समितिको बैठक कम्तीमा ३ महिनामा एक पटक बस्नेछ ।

(२) बालकोष सञ्चालन समितिको बैठक अध्यक्ष (संयोजक) ले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) बालकोष सञ्चालन समितिको बैठक बस्नुभन्दा कम्तीमा २४ घण्टा अगाडि समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची (एजेन्डा) सहितको सूचना सबै सदस्यहरूलाई दिनुपर्नेछ ।

(४) बालकोष सञ्चालन समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक संख्या (कोरम) पुगेको मानिनेछ ।

(५) बालकोष सञ्चालन समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।तर, कुनै कारणवश संयोजक उपस्थित हुन नसकेमा बालकोष सञ्चालन समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) बालकोष सञ्चालन समितिले सर्वसम्मतिका आधारमा निर्णय गर्नेछ र सर्वसम्मति हुन नसकेमा बहुमतको निर्णय मान्य हुनेछ ।तर, सदस्यहरूको मत बराबर भएमा संयोजकले निर्णायक मत (Casting Vote) दिनेछ ।

(७) बैठकमा आमन्त्रित व्यक्ति वा विशेषज्ञको मताधिकार हुनेछैन ।

(८) बालकोष सञ्चालन समितिको निर्णय समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नुपर्नेछ ।

(९) बालकोष सञ्चालक समितिको बैठक सम्बन्धी अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

**६७. बालकोष परिचालन सम्बन्धी मापदण्डः** (१) नगरपालिका भित्र विशेष संरक्षणको आवश्यकता भएका र सहयोग गर्नुपर्ने बालबालिकाको बारेमा थाहा पाउने जो कोहीले नगर बाल अधिकार समिति समक्ष निवेदन दिन वा मौखिक रूपमा जानकारी गराउन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएपछि नगर बाल अधिकार समितिले आवश्यक सोधपुछ गरी यथार्थ विवरण पत्ता लगाउनेछ ।

(३) उपदफा (२) बमोजिमको प्रक्रिया पूरा गरेपछि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई सहयोग आवश्यक देखिएमा नगर बाल अधिकार समितिले बालकोष सञ्चालक समितिमा जानकारी गराउनेछ।

(४) उपदफा (३) बमोजिम जानकारी प्राप्त भएमा वा सहयोगको सिफारिस भई आएमा बालकोष सञ्चालन समितिको बैठक बोलाउन सकिनेछ ।

(५) उपदफा (४) बमोजिमको बैठकबाट बालबालिकालाई कुन किसिमको सहयोगको आवश्यकता हो यकिन गरी दफा ६८ बमोजिमको खर्चको सीमाको आधारमा सहयोग गर्न सकिनेछ ।

**स्पष्टीकरणः** नगरपालिकामा आएका विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई स्थानीय बालकोष सञ्चालन समितिको निर्णयबाट सहयोग उपलब्ध गराइनेछ ।

**६८. बालकोष रकमको खर्च सीमाः** (१) बालकोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष सञ्चालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको घरफिर्ती तथा स्वास्थ्य उपचार सेवाका लागि वार्षिक एक पटक अधिकतम रु. १०,०००/- (दश हजार) सम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षणसहित मनोविमर्श, यातायात तथा कानुनी सहायतामा लाग्ने खर्चबापत सूचीकृत अस्थायी संरक्षण सेवा प्रदायक संस्थासँग कार्यसम्पादन सम्झौता गरी प्रति बालबालिका प्रतिमहिना मासिक रु. ५,०००/- (पाँच हजार) सम्म,

(ग) विशेष संरक्षणको आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवम् सामाजिक संरक्षणबापत वार्षिक एक पटक अधिकतम प्रति बालबालिका रु. ५,०००/- (पाँच हजार) सम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेशानुसार तोकिएको क्षतिपूर्ति रकम,

(ङ) गम्भीर प्रकृतिको रोग लागेका बालबालिकाको उपचारका लागि बालकोष सञ्चालक समितिको निर्णयले अधिकतम रु. १०,०००/- (दस हजार) सम्म ।

(२) सहयोग रकम नगद वा जिन्सीका रूपमा दिन सकिनेछ र नगद सहयोग गर्दा सम्भव भएसम्म डिजिटल माध्यमबाट भुक्तानी गरिनेछ ।

(३) स्थानीय बालकोषबाट सामान्यतः एक बालक वा बालिका वा उनको परिवारलाई एक पटक मात्र सहयोग गरिनेछ ।**तर,** विशेष परिस्थितिमा भने समितिको निर्णयले थप दुई पटकसम्म सहयोग गर्न सकिनेछ।

(४) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई तत्काल उद्धार, संरक्षण वा उपचार नगरेमा मानवीय क्षति वा गम्भीर परिणाम हुने देखिएमा र तत्काल बालकोष सञ्चालन समितिको बैठक बस्न सम्भव नभएमा, उपलब्ध समितिका सदस्यहरूमध्ये दुई जनासँग परामर्श गरी निजहरूको सिफारिसमा संयोजकले कोषबाट तत्काल सम्बन्धित बालबालिकाका निमित्त रु. ५,०००/- (पाँच हजार) सम्म सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कोषबाट रकम उपलब्ध गराइएकोमा त्यसपछि लगत्तै बस्ने समितिको बैठकबाट सो खर्चको अनुमोदन गराउनुपर्नेछ ।

(६) यस दफामा माथि जुनसुकै कुरा लेखिएको भए तापनि गम्भीर स्वास्थ्य समस्या भएका बालबालिकाको स्वास्थ्य उपचारका लागि अन्यत्रबाट व्यवस्थापन हुन नसक्ने देखिएमा, पारिवारिक आर्थिक पृष्ठभूमि कमजोर रहेको वा वेवारिसे बालबालिका रहेको पाइएमा तथा सहयोगबाट वञ्चित हुँदा बालबालिकाको जीवन नै जोखिममा पर्ने अवस्था देखिएमा, बालकोष सञ्चालक समितिले बालबालिका उपचाररत रहेको सरकारी अस्पतालको कागजात र बिल भर्पाईको आधारमा आवश्यक खर्च उपलब्ध गराउन सक्नेछ ।

६९. **खाताको सञ्चालनः** (१) स्थानीय बालकोषको रकम नगरपालिकाको विविध खाता अन्तर्गत वाणिज्य बैंकको कुनै पनि शाखामा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम खाताको सञ्चालन नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखत (सङ्घीय स्वीकृत सञ्चालन प्रणाली) बाट हुनेछ ।

७०. **कोषको लेखा र लेखापरीक्षणः** स्थानीय बालकोषको आय-व्ययको लेखा नगरपालिकाले अपनाएको प्रचलित कानुन बमोजिम दुरुस्त राखिनेछ ।

७१. **रकम फ्रिज नहुनेः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय बालकोषमा आर्थिक वर्षको अन्त्यसम्म खर्च नभई बाँकी रहेको बक्यौता रकम फ्रिज हुनेछैन (आगामी आर्थिक वर्षमा सर्नेछ) ।

७२. **प्रतिवेदन प्रकाशन गर्नुपर्नेः** (१) स्थानीय बालकोष सञ्चालन समितिले आफूले गरेको कामको प्रतिवेदन अर्धवार्षिक रूपमा नगर कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनहरूको आधारमा नगर कार्यपालिकाले वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्नेछ ।

७३. **बालकोषको सचिबालयः** (१) स्थानीय बालकोषको सचिबालय नगरपालिकाको महिला तथा बालबालिका विकास उपशाखामा रहनेछ ।

## परिच्छेद-१०

## बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी व्यवस्था

७४. **बालमैत्री स्थानीय शासन लागू गर्नेः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रभित्र बालमैत्री स्थानीय शासन लागू गर्नेछ ।

(२) नगरपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा सङ्घ तथा प्रदेश सरकारले लागू गरेका बालबालिका सम्बन्धी प्रचलित कानुनसँग नबाझिने गरी लागू गर्नेछ ।

(३) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि ५ वटा विषयक्षेत्रहरूः **बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता** र **बाल अधिकारका लागि संस्थागत विकास**मा तोकिएको उपलब्धि हासिल गर्न कार्य गरिनेछ ।

(४) नगरपालिकाले बालमैत्री स्थानीय शासन लागू गर्दा अनुसूची १३ मा उल्लेख गरिएका सूचकहरू प्राप्तिका लागि प्रत्यक्ष योगदान गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

**७५. बालमैत्री स्थानीय शासन नगर समितिः** (१) नगरपालिकाले बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका निर्माणका लागि तपसिलबमोजिमको एक 'बालमैत्री स्थानीय शासन नगर समिति' गठन गर्नेछः

(क) प्रमुख, नगरपालिका -अध्यक्ष

(ख) उपप्रमुख, नगरपालिका -उपाध्यक्ष

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) वडा अध्यक्षहरू (सबै) -सदस्य

(ङ) नगर कार्यपालिका सदस्यहरू (सबै) -सदस्य

(च) महाशाखा/शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैरसरकारी संस्था समन्वय) -सदस्य

(छ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संस्थामध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको १ जना महिलासहित २ जना -सदस्य

(ज) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरूमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि १/१ जना -सदस्य

(झ) नगरपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि १ जना -सदस्य

(ञ) नगरपालिका स्तरीय बाल सञ्जालका प्रतिनिधि (कम्तीमा १ जना बालिका) २ जना -सदस्य

(ट) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय सामुदायिक संस्था वा समूहमध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको प्रतिनिधि १ जना -सदस्य

(ठ) नगरपालिका क्षेत्रभित्र रहेको प्रहरी कार्यालयका प्रमुख १ जना -सदस्य

(ड) सामाजिक विकास शाखा/महाशाखा प्रमुख -सदस्य-सचिव

**द्रष्टव्यः** *समितिले आवश्यकताअनुसार अन्य व्यक्ति वा सङ्घसंस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रूपमा बैठकमा बोलाउन सक्नेछ ।*

(२) बालमैत्री स्थानीय शासन नगर समितिको काम, कर्तव्य र अधिकार *बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८* र *बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९* मा भएको व्यवस्था अनुसार हुनेछ ।

**७६. बालमैत्री स्थानीय शासन वडा समितिः** (१) वडाले बालमैत्री स्थानीय शासनयुक्त वडा निर्माणका लागि तपसिल बमोजिमको एक 'बालमैत्री स्थानीय शासन वडा समिति' गठन गर्नेछः

(क) वडा अध्यक्ष -अध्यक्ष

(ख) वडा समितिका सदस्यहरू (सबै) -सदस्य

(ग) स्थानीय स्वास्थ्य संस्थाका प्रमुख (१ जना) - सदस्य

(घ) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी सङ्घसंस्था, सामुदायिक संस्था वा टोल विकास संस्थामध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि २ जना -सदस्य

(ङ) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समितिमध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि ३ जना -सदस्य

(च) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

(छ) वडास्तरीय बाल सञ्जालका प्रतिनिधि (कम्तीमा १ जना बालिका) २ जना —सदस्य

(ज) वडा सचिव -सदस्य-सचिव

(२) बालमैत्री स्थानीय शासन वडा समितिको काम, कर्तव्य र अधिकार *बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८* र *बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७१* मा भएको व्यवस्था अनुसार हुनेछ ।

**७७. बालमैत्री स्थानीय शासन समुदाय समितिः** (१) वडाले आफ्नो वडाभित्रका विभिन्न समुदायलाई बालमैत्री स्थानीय शासनयुक्त समुदाय निर्माण गर्नका लागि देहायबमोजिमको 'बालमैत्री स्थानीय शासन समुदाय समिति' गठन गर्नेछः

(क) वडा समितिले तोकेको वडा सदस्य -अध्यक्ष

(ख) गाउँ/नगरपालिका वडा समितिमा सूचीकृत टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू -सदस्य

(ग) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू - सदस्य

(घ) समुदायमा रहेका बाल समूहका अध्यक्षहरू -सदस्य

(२) बालमैत्री स्थानीय शासन समुदाय समितिको काम, कर्तव्य र अधिकार *बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८* र *बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७१* मा भएको व्यवस्था अनुसार हुनेछ ।

**७८. बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समितिः** (१) भिमाद नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका निर्माणका लागि तपसिल बमोजिमको एक 'बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समिति' रहनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख) सामाजिक विकास शाखा प्रमुख -सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख -सदस्य

(घ) शिक्षा शाखा प्रमुख -सदस्य

(ङ) योजना तथा अनुगमन शाखा प्रमुख -सदस्य

(च) कानुन तथा फैसला कार्यान्वयन शाखा प्रमुख -सदस्य

(छ) खानेपानी, सरसफाइ तथा विपद् व्यवस्थापन शाखा प्रमुख -सदस्य

(ज) साझेदार गैसस (NGO) प्रतिनिधि - सदस्य

(झ) स्थानीय बालक्लब सञ्जालका प्रतिनिधि (१ बालक र १ बालिका) ‘ २ जना -सदस्य

(ज) स्थानीय बाल कल्याण अधिकारी -सदस्य

(ट) बालक्लबका पूर्व सदस्यहरूमध्येबाट संयोजकले तोकेको १ जना प्रतिनिधि -सदस्य

(ठ) बालक्लब सञ्जालको संयोजक - सदस्य

(ड) स्थानीय विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट संयोजकले तोकेको १ जना -सदस्य

(ढ) महिला तथा बालबालिका शाखा प्रमुख वा बालमैत्री सम्पर्क शाखा प्रमुख -सदस्य सचिव

(२) बालमैत्री स्थानीय शासन कार्यान्वयन सहजीकरण समितिको काम, कर्तव्य र अधिकार *बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि, २०७९* मा भएको व्यवस्था अनुसार हुनेछ ।

७९. **बालमैत्री स्थानीय शासन सहजीकरणः** नगरपालिकामा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि सहजीकरण नगरपालिकामा गठन भएको बाल अधिकार समिति र बालमैत्री स्थानीय शासन नगर/वडा र समुदाय समितिहरूले गर्नेछन् ।

८०. **बालमैत्री स्थानीय शासन कार्यान्वयनको योजना तयार गर्नेः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि रणनीतिक तथा वार्षिक योजना तर्जुमा गर्नेछ ।

(२) बालमैत्री स्थानीय शासनका लागि अलग्गै रणनीतिक योजना तयार गरी लागू गर्नुपर्नेछ, साथै यसलाई नगरपालिकाको आवधिक विकास योजनामा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(३) बालमैत्री स्थानीय शासनको वार्षिक योजना नगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेछ ।

८१. **बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि जनशक्ति व्यवस्थाः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक जनशक्तिको व्यवस्था गर्नेछ ।

(२) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि आवश्यक थप जनशक्ति व्यवस्थापन हुन नसकेमा पालिकाका मौजुदा कर्मचारीलाई थप जिम्मेवारी दिई काममा लगाउन सकिनेछ ।

८२. **क्षमता विकासको व्यवस्थाः** नगरपालिकाले बालमैत्री स्थानीय शासनको प्रभावकारी कार्यान्वयनका लागि नगरपालिकाका जनप्रतिनिधि, कर्मचारी र सम्बन्धित समितिहरूको क्षमता विकासका लागि तालिम तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमको व्यवस्था गर्नेछ ।

८३. **बालमैत्री स्थानीय शासनको आचारसंहिताः** नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगरपालिका बनाउनका लागि एक विशेष आचारसंहिता बनाई लागू गरिनेछ ।

८४. **बालमैत्री स्थानीय तह वा वडा घोषणा गर्नेः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरी अनुसूची १४ बमोजिमका सूचकहरूमा भएको प्रगति मापनका आधारमा 'बालमैत्री स्थानीय तह' वा 'वडा' घोषणा गर्नेछ ।

(२) बालमैत्री स्थानीय तह वा वडा घोषणापश्चात् सोको दिगोपनका लागि अलग्गै रणनीतिक योजना तर्जुमा गरी लागू गर्नुपर्नेछ ।

८५. **बालमैत्री स्थानीय शासनका सूचकको वार्षिक मापनः** (१) नगरपालिकाले आफ्नो भौगोलिक क्षेत्रमा बालमैत्री स्थानीय शासन कार्यान्वयन गरेपश्चात् हरेक वर्ष सूचकहरूमा भएको प्रगति मापन गरी सुधार तथा दिगोपनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमका सूचकहरू मापन तथा कार्ययोजना तयार गर्दा विज्ञता तथा निष्पक्षता कायम गर्न सम्बन्धित विषयमा अनुभवी बाह्य परामर्शदाता (External Consultant) को सहयोग लिन सकिनेछ ।

८६. **बालमैत्री स्थानीय शासन सम्बन्धी वस्तुस्थिति विवरण र स्थितिपत्र तयार गर्ने:** (१) नगरपालिकाले बालमैत्री स्थानीय शासन सम्बन्धी हरेक वर्ष अनुसूची १५ बमोजिमको वस्तुस्थिति विवरण तथा अनुसूची १६ अनुसार स्थितिपत्र तयार गर्नुपर्नेछ ।

८७. **बालमैत्री स्थानीय शासन सम्बन्धी प्रतिवेदन पेश गर्नुपर्ने:** (१) नगरपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन सम्बन्धी प्रतिवेदन त्रैमासिक रूपमा नगर कार्यपालिकामा र वार्षिक रूपमा प्रदेश सरकार समक्ष पेश गर्नुपर्नेछ ।

## परिच्छेद-११

## बालबालिकाको तथ्याङ्क व्यवस्थापन तथा स्थिति प्रतिवेदन

८८. **बालबालिकाको खण्डिकृत तथ्याङ्क व्यवस्थापन:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका बाल अधिकार तथा बालबालिकासँग सम्बन्धित विषयमा देहायबमोजिमको खण्डिकृत (Disaggregated) सूचना सङ्कलन तथा व्यवस्थापन गर्नेछः

(क) बाल अधिकारको कार्यान्वयनका लागि कानुनी तथा नीतिगत व्यवस्थाहरूको सूचना सङ्कलन,

(ख) बाल अधिकार संरक्षण सम्बन्धी संयन्त्रहरूको सूचना,

(ग) चालू आर्थिक वर्षको बजेट वक्तव्यमा बालबालिकाका लागि भएको व्यवस्था सम्बन्धी विवरण,

(घ) बालबालिकाको खण्डिकृत जनसाङ्ख्यिक विवरण,

(ङ) बालबालिकाको नागरिक अधिकार र स्वतन्त्रता सम्बन्धी विवरण,

(च) बालबालिकाविरुद्धको हिंसा तथा दुर्व्यवहार सम्बन्धी विवरण,

(छ) बालबालिकाको पारिवारिक संरक्षण सम्बन्धी विवरण,

(ज) अपाङ्गता भएका बालबालिका सम्बन्धी विवरण,

(झ) बाल स्वास्थ्य सम्बन्धी विवरण,

(ञ) बालबालिकाको शिक्षा सम्बन्धी विवरण,

(ट) ऐनको दफा ४८ बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका बालबालिका सम्बन्धी विवरण,

(ठ) वैकल्पिक स्याहारमा (Alternative Care) रहेका बालबालिकाको विवरण,

(ड) स्थानीय तहमा रहेका बालगृह, पुनःस्थापना केन्द्र र अस्थायी संरक्षण सेवा केन्द्रहरू तथा त्यहाँ आश्रित बालबालिकाको विवरण,

(ढ) सडक बालबालिका सम्बन्धी विवरण,

(ण) श्रमिक बालबालिकाको विवरण,

(त) बालबालिका लक्षित लागुपदार्थ दुर्व्यसनी उपचार तथा पुनःस्थापना केन्द्र एवम् त्यसबाट लाभान्वित बालबालिकाको विवरण,

(थ) विपद्बाट पीडित तथा प्रभावित बालबालिकाको विवरण ।

(२) उपदफा (१) बमोजिमको सूचना सङ्कलन तथा व्यवस्थापनका लागि बाल कल्याण अधिकारीलाई जिम्मेवार बनाइनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना सङ्कलन तथा व्यवस्थापनका लागि नगरपालिकाको सम्बन्धित विषयगत शाखा तथा महाशाखा, नेपाल प्रहरी र राष्ट्रिय बाल अधिकार परिषद् लगायतका सरोकारवालाहरूसँग समन्वय गरिनेछ ।

(४) उपदफा (१) बमोजिमको सूचना तथा तथ्याङ्क व्यवस्थित अभिलेखीकरणका लागि परिषद्ले निर्माण गरेको 'बाल अधिकार सूचना व्यवस्थापन प्रणाली' (CRIMS) को प्रयोग गर्न सकिनेछ ।

(५) उपदफा (१) बमोजिमका तथ्याङ्कहरू प्रत्येक आर्थिक वर्षको माघ मसान्तभित्र र असार मसान्तभित्र गरी वर्षको दुई पटक अद्यावधिक (Update) गरिनेछ ।

(६) बाल कल्याण अधिकारीले यस दफाबमोजिम सङ्कलन गरिएको तथ्याङ्कहरूको एकीकृत प्रतिवेदन प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

८९. **बाल संरक्षण घटना व्यवस्थापन सम्बन्धी तथ्याङ्क व्यवस्थापनः** (१) नगरपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरूको व्यवस्थापन र सोसँग सम्बन्धित सूचनाहरूको अभिलेखीकरण गरिनेछ।
(२) उपदफा (१) बमोजिमका घटनाहरूको व्यवस्थापन प्रक्रियालाई अनलाइन माध्यमबाट अभिलेखीकरण गर्नका लागि परिषद्ले निर्माण गरेको 'बाल संरक्षण घटना व्यवस्थापन सूचना प्रणाली' (CPIMS) को प्रयोग गर्न सकिनेछ ।

(३) नगरपालिकामा आएका बाल संरक्षण सम्बन्धी घटनाहरू बाल कल्याण अधिकारी समक्ष प्राप्त हुनेबित्तिकै त्यस्ता बालबालिकाको घटना व्यवस्थापन प्रक्रिया (Case Management) सम्बन्धी देहायबमोजिमका सूचनाहरूको अभिलेखीकरण गरिनेछः

(क) बालबालिकाको व्यक्तिगत विवरण,
(ख) बालबालिकाको पारिवारिक विवरण,
(ग) घटना सम्बन्धी विवरण,
(घ) बालबालिका तथा पारिवारिक लेखाजोखा (Assessment) सम्बन्धी विवरण,
(ङ) बालबालिकालाई प्रदान गरिएको सेवा प्रवाह सम्बन्धी विवरण,
(च) सहयोगका लागि सिफारिस गरिएका संयन्त्र तथा सेवाहरूको विवरण,
(छ) फछ्र्यौट वा समापन गरिएका घटनाहरूको विवरण ।

(४) उपदफा (३) बमोजिमको विवरणका आधारमा प्रतिवेदन तयार गरी बाल कल्याण अधिकारीले प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नुपर्नेछ ।

९०. **बालबालिका सम्बन्धी स्थानीय स्थिति प्रतिवेदन प्रकाशन गरिनेः** (१) दफा ८८ तथा दफा ८९ बमोजिम स्थानीय बाल अधिकार समितिमा प्राप्त तथ्याङ्कहरूको आधारमा समितिले नगरपालिकामा बालबालिका तथा बाल अधिकारको समग्र अवस्था समेट्ने गरी बालबालिका सम्बन्धी 'स्थानीय स्थिति प्रतिवेदन' प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्रमा प्रकाशन गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन प्रकाशन गर्नुपूर्व नगर कार्यपालिकाको स्वीकृति लिनुपर्नेछ ।

## परिच्छेद-१२

## विविध

**९१. स्रोतको व्यवस्थापनः** नगरपालिका तथा वडाले बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्य सञ्चालन गर्न आवधिक योजना निर्माण गरी सो योजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नेछन् ।

**९२. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा संवर्द्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, सञ्जाल तथा सङ्घसंस्थाहरूलाई नगरपालिकाले उचित पुरस्कार तथा सम्मान प्रदान गरी प्रोत्साहन गर्न सक्नेछ ।

**९३. व्याख्या गर्ने वा बाधा अडकाउ फुकाउने अधिकारः** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा अस्पष्टता हुन गएमा सोको व्याख्या गर्ने वा बाधा अडकाउ फुकाउने अन्तिम अधिकार नगर कार्यपालिकाको हुनेछ ।

**९४. संशोधन गर्न सक्नेः** (१) यस कार्यविधिलाई समयसापेक्ष रूपमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

**९५. खारेजी र बचाउः** (१) बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा गण्डकी प्रदेश सरकारको कानुनसँग यो कार्यविधि बाझिन गएमा, बाझिएको हदसम्म यो कार्यविधि अमान्य हुनेछ ।

(२) यसभन्दा अगाडि जारी भएको भिमाद नगरपालिकाको *'बाल समूह (बालक्लब, बाल सञ्जाल, बालमञ्च) गठन तथा सहजीकरण निर्देशिका, २०८२'* खारेज गरिएको छ ।

(३) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि यस नगरपालिका क्षेत्रभित्र गठन भएका बाल समूहहरू यसै कार्यविधि बमोजिम गठन भएको मानिनेछ ।

(४) यसभन्दा अगाडि जारी भएको भिमाद नगरपालिकाको 'बालकोष संचालन कार्यविधि, २०८३' खारेज गरिएको छ ।

(५) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अगाडि भिमाद नगरपालिकामा स्थापना भएको स्थानीय बालकोष यसै कार्यविधि बमोजिम स्थापना भएको मानिनेछ ।

**९६. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** (१) नगरपालिकाले यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानुनमा भएका बाल अधिकार संरक्षण र संवर्द्धन प्रक्रियाहरू अवलम्बन गर्न कुनै बाधा पर्नेछैन ।

## अनुसूची १

### कार्यविधिको दफा ८ (६) सँग सम्वन्धित

अनाथ वेवारिसे वा स्याहार संरक्षण गर्ने बाबु आमा नभएको बालबालिका सम्बन्धी सूचना

श्री बाल कल्याण अधिकारी/ .................. प्रहरी कार्यालय,

......................... नगरपालिका, .......... जिल्ला ।

**विषयः** वेवारिसे अवस्थामा बालबालिका फेला परेकोले उद्धार तथा संरक्षणार्थ प्रस्तुत गरेको ।

महोदय,

............. जिल्ला ............ ...........पालिका वडा नं ... मिति ................. बारका दिन ....... बजेको समयमा बेवारिसे अवस्थामा रहेको देहाय बमोजिमको विवरणको बालक/ बालिका फेला परेको हुनाले निजको तत्काल उद्धार तथा संरक्षणको व्यवस्था गरिदिन हुन यो निवेदन पेश गरेको छु ।

तपसिल

| क्र. सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | फेला परेको बालक/बालिकाको नाम थर | |
| २ | हुलिया | |
| ३ | उचाइ | |
| ४ | उमेर | |
| ५ | लिङ्ग | |
| ६ | शारीरिक अवस्था | |
| ७ | सक्षमता | |
| ८ | बालक/बालिका सम्बन्धी थाह हुन आएको अन्य कुरा | |

फेला पार्ने व्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं

हस्ताक्षरः

## अनुसूची २

कार्यविधिको दफा १३ (१) सँग सम्वन्धित

## विद्यालयका लागि बाल संरक्षण मापदण्ड, २०८३

प्रस्तावनाः गण्डकी प्रदेश तनहुँ जिल्ला भिमाद नगरपालिका वडा नं....... मा रहेको श्री ...................... ................................................ ............. ....... ......... विद्यालयले बालबालिका विरूद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्नको लागि बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५७ ले दिएको अधिकार प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले देहायको बाल संरक्षण मापदण्डहरू बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी मापदण्डहरुको नाम "................ विद्यालयको बाल संरक्षण मापदण्ड, २०८३" रहेको छ ।

(२) यो मापदण्ड विद्यालयको व्यवस्थापन समितिले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) “अनुसन्धान” भन्नाले कसूरजन्य कार्यको अुसन्धान गर्न प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय तथा अधिकारीले गर्ने सोधपुछ तथा जाँचबुझ सम्बन्धी समग्र प्रक्रिया सम्झनु पर्छ।

(ख) “उजूरी” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धित अधिकारी वा निकायमा लिखित वा मौखिक रूपमा सूचना तथा जानकारी दिने कार्य सम्झनु पर्छ ।

(ग) “उजुरीकर्ता” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धित अधिकारी वा निकायमा यस मापदण्ड वा प्रचलित कानून बमोजिम उजूरी दिने व्यक्ति सम्झनु पर्छ ।

(घ) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ङ) “कसूरजन्य कार्य” भन्नाले ऐनको दफा ६६ को उपदफा (२) र (३) बमोजिमको बालबालिका विरुद्धको कसूर सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम हुने फौजदारी कसूर समेतलाई जनाउ’छ ।

(च) “जाँचबुझ” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार र अन्य दुर्व्यवहार सम्बन्धी घटना सम्बन्धी उजूरी परेपछि विद्यालयले तोकेको व्यक्ति वा समितिबाट उक्त घटना सम्बन्धी सूचना एवम् प्रमाण सङ्कलन गर्न गरिने अनुगमन, मूल्याङ्कन तथा सोधपुछ गर्ने र बयान लिने जस्ता कार्यको एकीकृत स्वरुप सम्झनु पर्छ ।

(छ) “नियमावली” भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

(ज) “पीडित तथा प्रभावित” भन्नाले बालबालिका विरुद्धको हिंसा, बाल—यौन दुर्व्यवहार र अन्य दुर्व्यवहारका कारणले शारीरिक चोटपक, घाउ तथा दुखाइ भएका वा मानसिक यातनामा परेका बालबालिका सम्झनु पर्छ ।

(झ) “बालबालिका” भन्नाले अठार वर्ष उमेर पूरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

(ञ) “बालबालिका विरुद्धको हिंसा” भन्नाले ऐनको दफा ६६ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ट) “बाल यौन दुर्व्यवहार” भन्नाले ऐनको दफा ६६ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ठ) “बाल हेल्पलाइन सेवा” भन्नाले नियमावलीको नियम ९० बमोजिमको सेवा सम्झनु पर्छ ।

(ड) “अन्य दुर्व्यवहार” भन्नाले बालबालिकालाई शारीरिक, मानसिक र भावनात्मक रुपले पार्ने नकारात्मक असर सम्झनु पर्छ । सो शब्दल ेसूचना प्रविधिको माध्यमबाट अनलाइन वा अफलाइन गरिने अमर्यादित, अमानवीय र अपमानजक व्यवहार, यातना, वेवास्ता, हेपाई, भेदभाव, बेचविखन, गैरकानुनी ओसारपसार, जोखिमपूर्ण श्रम तथा व्यवसायजन्य कार्य समेतलाई जनाउ’छ ।
स्पष्टीकरणः यस मापदण्डमा ’दुर्व्यवहार÷लाई बालबालिकामाथि हुने कुनै पनि प्रकारका हानिलाई समेट्ने बृहत् अवधारणाको रूपमा प्रयोग गरिएको छ, जसले भेदभाव, दुर्व्यवहार, शोषण, अपहेलना, यातना, हिंसा र बेवास्ता वा हेलचेक्रयाइँसमेत सबै प्रकारका हानिलाई बुझाउँदछ ।

(ढ) “बाल कल्याण अधिकारी” भन्नाले ऐनको दफा ६१ बमोजिम नियुक्ति गरिएको वा तोकिएको अधिकारी सम्झनु पर्छ ।

(ण) “बाल बालिकाको खोजतलास सेवा” भन्नाले नियमावलीको नियम ८९ बमोजिमको सेवा सम्झनु पर्छ।

(त) “समिति” भन्नाले यस मापदण्डको दफा ११ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

(थ) “संरक्षक” भन्नाले बालबालिकाको वैकल्पिक हेरचाह गर्न प्रचलित कानून बमोजिम नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा प्रचलित कानून बमोजिम दर्ता भएर बालबालिकालाई पालन पोषण तथा हेरचाह गर्न अनुमति प्राप्त गरेको संस्था सम्झनु पर्छ ।

(द) “न्यायिक निकाय” भन्नाले प्रचलित कानून बमोजिम न्याय सम्पादनका लागि स्थापित निकाय सम्झनु पर्छ । सो शब्दले अनुसन्धान गर्ने, अभियोजन गर्ने, न्याय निरूपण गर्ने न्यायिक तथा अर्ध न्यायिक निकाय समेतलाई जनाउ’छ ।

(ध) “विद्यालय” भन्नाले माध्यमिक तहसम्म अध्ययन अध्यापन हुने सामुदायिक, संस्थागत तथा निजी विद्यालय सम्झनु पर्छ । सो शब्दले प्रारम्भिक बाल विकास केन्द्रलाई समते जनाउछ।

(न) “बाल संरक्षण सम्पर्क शिक्षक” भन्नाले यस मापदण्डको दफा १३ को उपदफा (१) बमोजिम तोकिएको शिक्षक सम्झनु पर्छ ।

## परिच्छेद- २

## औचित्य, उद्देश्य, सिद्धान्त तथा लक्षित समूह

३. **औचित्यः** यस मापदण्डको औचित्ये देहाय बमोजिम रहेको छः

(क) नेपालको संविधानको धारा ३१ को उपधारा (२) ले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक प्रत्याभूत गरेको र धारा ३९

को उपधारा (७) ले कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन नपाइने संवैधानिक व्यवस्था गरेको,

(ख) ऐनको दफा ५७ बमोजिम बालबालिकामाथि हुने वा हुनसक्ने बालबालिका विरुद्धको हिंसा र बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्न संस्थागत तहमा विद्यालयले बाल संरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्ने कानुनी व्यवस्था रहेको,

(ग) संविधान र ऐनमा भएको व्यवस्थालाई प्रत्येक विद्यालयले संस्थागत तहमा लागू गरी बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारबाही गर्ने संस्ृथागत प्रणाली स्थापना गरी बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बद्र्धन सुनिश्चित गर्न गराउन बाल संरक्षण मापदण्ड निर्माण गरी लागू तथा कार्यान्वयन गर्न आवश्यक भएको ।

४. **उद्देश्यः** यस मापदण्डका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको जोखिम पहिचान गर्नु र सोको रोकथामका उपाय अपनाउनु,

(ख) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी उजूरीको तत्काल कारबाही गरी सम्बोधन गर्न विद्यालयमा एक बाल संरक्षण संयन्त्र स्थापना गरी क्रियाशील गराउनु,

(ग) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकाको संरक्षण एवम् अत्यावश्यक सेवा उपलब्ध गराउन समन्वय गर्नु,

(घ) प्रत्येक विद्यालयको संस्थागत तहमा बाल संरक्षण सुनिश्चित गर्नका लागि कार्यविधि तथा प्रक्रिया सहतिको मापदण्ड तथा आचारसंहिता लागू गर्नु,

(ङ) बालबालिका विरूद्धको हिंसा, बाल यौनदुर्व्यवहार तथा अन्य दुर्व्यवहार विरूद्ध विद्यालयका सरोकारवालाको सचेतना बढाएर तथा आचारसंहिता लागू गरेर विद्यालयमा भय रहित वातावरणमा शिक्षण सिकाइ गर्नु तथा बाल अधिकारको सम्मान र संरक्षण सुनिश्चित गर्नु ।

५. **सिद्धान्तः** बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, शीघ्र तथा तत्काल कारबाही गर्दा देहायका सिद्धान्त अवलम्बन गर्नु पर्नेछः

(क) बालबालिकाको सर्वोत्तम हितः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथामको कार्य गर्दा, उजूरी लिँदा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने ।

(ख) भेदभाव रहितताः बाल संरक्षण कार्य गर्दा कुनै बालबालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, व्यवसाय, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने ।

(ग) शून्य सहनशीलताः कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार र हानि विरूद्ध शून्य सहनशीलताको सिद्धान्त अनुरूप कारबाही गर्ने ।

(घ) गोपनीयताको हकः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको उजूरी लिँदा, शीघ्र तथा तत्काल कारबाही गर्दा बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्यमा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्ने।

(ङ) बालबालिकाको विचार र भावनाको कदरः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिविरूद्ध बाल संरक्षण कार्य गर्दा पीडित तथा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिइने तथा निजको बढ्दो उमेर एवम् परिपक्वता अनुरूप व्यक्त गरेको विचार र भनाइको उचित कदर गर्ने ।

(च) आधारभूत सेवाको प्रत्याभूतिः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोबास, मनोविमर्श, कानुनी सेवा लगायत आधारभूत सेवाको प्रत्याभूति गर्न विद्यालयले स्थानीय तहमा क्रियाशील बाल संरक्षण संयन्त्र तथा निकायसँग समन्वय गरी सेवाको सुनिश्चितता गर्ने ।

(छ) बालमैत्री व्यवहारः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्यमा बालमैत्री व्यवहार गर्ने ।

(ज) सम्बन्धित निकाय, संयन्त्र तथा सेवा प्रदायकसँगको समन्वय र सहकार्यः बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, तत्काल कारवाही र पीडित तथा प्रभावित बालबालिकाको उद्धार, संरक्षण एवम् पुनःस्थापना लगायतका बाल संरक्षण कार्यमा विद्यालयले राज्यका निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।

६. **बाल संरक्षण मापदण्ड लागू हुनेः** यो मापदण्ड देहाय बमोजिमका शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिको हकमा लागू हुनेछः—

(क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी,

(ख) विद्यालय व्यवस्थापन समितिले गठन गरेको समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी तथा विज्ञ/विशेषज्ञ वा सल्लाहकार,

(ग) विद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, सहयोगी, स्वयम् सेवक, सवारी चालक, क्यान्टिनका सञ्चालक तथा कर्मचारी, प्रशिक्षक, स्रोत व्यक्ति,

(घ) विद्यालयको अनुगमन तथा निरीक्षण गर्न एवम् अनुसन्धानका लागि आउने पदाधिकारी, कर्मचारी, व्यक्ति, अन्य सम्बद्ध व्यक्ति, सेवा प्रदायक र वस्तु तथा सेवाको आपूर्तिकर्ता,

(ङ) बालबालिकाका बाबुआमा वा सौतने बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक वा अभिभावक,

(च) विद्यालयमा अध्ययनरत बालबालिका र उनीहरूस’ग काम विशेष वा भेटका लागि आउने जोसुकै अन्य व्यक्ति वा नातेदारहरु ।

## परिच्छेद- ३

## विद्यालयको दायित्व, बालबालिकासँग गर्न नहुने कार्य र बाल संरक्षण तथा सुरक्षणका उपाय

७. **बाल संरक्षण सुनिश्चित गर्नु विद्यालयको दायित्व हुनेः** विद्यालयमा बालबालिकाको अधिकार तथा हक हितको सम्मान, संरक्षण र सम्बर्धन गर्नका लागि बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम, संरक्षण र कारबाही सुनिश्चित गर्न विद्यालयले देहायको दायित्व निर्वाह गर्नु पर्नेछः-

(क) विद्यार्थी जीवनको अनुभव तथा भोगाइ हरेक बालबालिकाको लागि जीवनपर्यन्त अत्यन्तै महत्वपूर्ण हुने हुनाले त्यसलाई सदैव सकारात्मक बनाउन प्रयत्न गर्ने,

(ख) विद्यालयको ख्याति वा बालबालिकाको प्रतिभा प्रस्फूटन गराउने भनी विद्यार्थीलाई शारीरिक वा मानसिक दबाब दिई सीप—कौशल नसिकाउन वा त्यसमा आवश्यक भन्दा बढी समय दिन बाध्य नपार्ने तथा स्वीकृति नलिई सामाजिक सञ्जालमा निजको फोटो, भिडियो नराख्ने,

(ग) बालबालिकामाथि हुनसक्ने बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका जोखिम घटाउने जिम्मेवारी वहन गर्ने,

(घ) यस मापदण्ड र गुनासो सुनुवाइ कार्यविधि, २०७४ को कार्यविधि लागू गरी प्राप्त उजूरी तथा गुनासोको तत्काल कारबाही गरी घटना व्यवस्थापन गर्ने,

(ङ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारी, शिक्षक, प्रशिक्षक तथा कर्मचारी लगायत सम्बन्धित सबैलाई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी अभिमूखीकरण तथा तालीम दिएर घटनाको रोकथाम तथा कारबाही गर्न आवश्यक ज्ञान, सीप र प्रक्रियाबारे क्षमता अभिवृद्धि गर्ने,

(च) विद्यालयका सबै विद्यार्थी अभिभावकलाई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धीे सचेत रहन तथा कुनै घटना भएमा त्यसबारे विद्यालयको बाल संरक्षण संयन्त्र लगायत सम्बन्धित अन्य निकायमा उजूरी तत्काल गर्न सक्ने बनाउन अभिमूखीकरण गर्ने र यसको लागि विद्यालमा गठन भई क्रियाशील रहेको बालसमूहलाई समेत सहभागी तथा परिचालन गर्ने,

(छ) विद्यालयमा बालबालिकामाथि भएका बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिको कारबाही गर्दा शून्य सहनशीलताको सिद्धान्त अवलम्बन गर्ने,

(ज) विद्यालयमा बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, गराउने ।

८. **बालबालिकासँग गर्न नहुने कार्यः** (१) दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिले बालबालिकासँग देहाय बमोजिमका कार्य तथा व्यवहार गर्नु गराउनु हुँदैनः-

(क) बालबालिकाको उमेर, वर्ग, जात, जातियता, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, वर्ण, शारीरिक, मानसिक तथा आर्थिक अवस्थाको आधारमा भेदभावजन्य हुने बोली, व्यवहार, कार्य एवम् गतिविधि,

(ख) बालबालिकालाई दोषारोपण गर्ने, होच्याउने, निन्दा गर्ने, हेप्ने, कलंकित गर्ने वा अपहेलित तुल्याउने, कमजोर ठान्ने तथा लाञ्छना लगाउने कार्य,

(ग) सामाजिक सञ्जाल, वेबसाइट, आमसञ्चारका माध्यम, लिखत तथा दस्तावेजमा बालबालिकाको व्यक्तिगत परिचय खुल्नेगरी रेखाचित्र, तस्वीर, श्रव्यदृश्य सामग्री सम्प्रेषण गरी निज तथा निजको परिवारलाई जोखिममा पार्ने तथा लज्जित एवम् कलंकित बनाउने कार्य,

(घ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार एवम् बालबालिका विरूद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक लगायतका हिंसा, दुर्व्यवहार र यातना गर्ने, त्यस्तो हिंसा, दुर्व्यवहार र यातना गर्न दुरूत्साहन गर्ने एवम् उत्तेजित पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य,

(ङ) बालबालिका तथा निजको परिवारको आत्म-सम्मान, मान-मर्यादा र सामाजिक हैसियतमा नकारात्मक असर पार्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य,

(च) बालबालिकालाई शारीरिक चोटपटक लगाउने वा मानसिक असर पु ¥याउने, आतंकित पार्ने वा धम्क्याउने, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा तथा तनाव दिने कार्य,

(छ) बालबालिकासँग यौन आशय झल्कने, नराम्रो छुवाई तथा स्पर्श, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार गर्ने कार्य,

(ज) बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्ने वा यौन सम्पर्क गर्ने कार्य,

(झ) बालबालिकालाई प्रचलित कानून विपरीत श्रममा लगाउने र निजको क्षमताभन्दा बढी काममा लगाउने कार्य,

(ञ) आर्थिक लाभ लिने उद्देश्यले बालबालिकाको रचना, कलाकृति, प्रतिभाको दुरूपयोग गर्ने कार्य,

(ट) बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियोको दुरूपयोग गरी निजको शोषण गर्ने कार्य,

(ठ) बालबालिकालाई जोखिममा पार्ने, हिंसा, दुर्व्यवहार तथा शोषण लगायतका हानिमा पार्ने तथा पुनःर्पीडित हुनसक्ने अवस्था, क्रियाकलाप, गतिविधि एवम् कार्य,

(ड) बालबालिकालाई वेवास्ता गरी निजलाई जोखिमका सम्मुख पर्न दिने तथा पीडित हुन दिने तथा बालबालिका वेवास्तामा परेको, जोखिममा रहको तथा पीडित हुनसक्ने अवस्थाबारे जानकारी पाएपछि सम्बन्धित निकायमा खबर नगरी त्यसै बस्ने कार्य,

(ढ) बालबालिकालाई निजको सर्वोत्तम हितको लागि प्रचलित कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले बाहेक निजको परिवार, समुदाय तथा निजका दाजुभाइ दिदीबहिनीबाट अलग गर्ने कार्य,

(ण) बालबालिकालाई पारिवारसँग सम्पर्क राख्ने, निजको उमेर, रूचि र परिपक्वता अनुरूप सहभागी हुने, फूर्सदको समयमा उमेर, रूचि तथा परिपक्वता अनुसार खेल्न तथा मनोरञ्जनबाट बञ्चित गर्ने कार्य,

(त) प्रचलित कानून बमोजिम गैरकानुनी ठहरिने, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिले वर्जित गरेका र समुदायको परम्परागत मूल्य—मान्यताले स्वीकार नगर्ने बोली, व्यवहार गर्ने कार्य,

(थ) बालबालिकालाई कसूरजन्य कार्य गर्न सिकाउने, तालीम दिने वा त्यस्तो कार्यमा लगाउने कार्य,

(द) बालबालिकालाई धूमपान, मद्यपान, वा जुवा तास जस्ता कूलतका संलग्न गराउने कार्य,

(२) दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र वयस्क व्यक्तिले उपदफा (१) बमोजिम गर्न नहुने कार्यहरु नगर्नुका साथै आचारसंहिता पालना गर्नु पर्ने, आचारसंहिता पढीबुझी सहिछाप गरी विद्यालयको अभिलेखमा राख्न दिनु पर्नेछ र सो अभिलेख विद्यालयले सुरक्षित राख्नु पर्नेछ ।

९. **जोखिम लेखाजोखा तथा सुरक्षणका उपाय अपनाउनु** पर्नेः (१) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, विद्यालय लगायत सबै शिक्षक, प्रशिक्षक तथा कर्मचारीले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा बालबालिकाको संरक्षण सुनिश्चित गर्न देहाय बमोजिमका सुरक्षणका उपायहरु अपनाउनु पर्नेछः—

(क) बालबालिका सहभागी हुने कार्यक्रम सञ्चालन हुने स्थान तथा समय बाल संरक्षण तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त छ, छैन सोको लेखाजोखा गर्नु पर्ने,

(ख) बालबालिका सहभागी हुने कार्यक्रम स्थलमा आकस्मिक सेवा, प्राथमिक उपचार बाकस लगायतका सेवा, सुविधा उपलब्ध भए नभएको यकीन गर्नु पर्ने

(ग) बालबालिकालाई आफूले बसोबास गरिरहेको थातथलोभन्दा अन्यत्र लामो दूरीको यात्रा गरी कार्यक्रममा सहभागी गराउँदा सामूहिक दूर्घटना बीमा गर्नु पर्ने,

(घ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा सकभर समान लिङ्गीय वयस्क हेरालु/ संरक्षकको साथ पठाउने व्यवस्था गर्नु पर्ने,

(ङ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउँदा निज स्वयम् र निजका बाबुआमा, वा परिवारका अन्य सदस्य वा संरक्षक अभिभावकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(च) कार्यक्रम अवधिभर बालबालिकाको आत्म—सम्मान, मान—मर्यादा, शारीरिक, सामाजिक, साँस्कृतिक, भावनात्मक, मनोवैज्ञानिक, धार्मिक अवस्थामा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्नु गराउनु नहुने ।

(२) उपदफा (१) बमोजिम बालबालिका सम्बन्धी कुनै कार्यक्रम कार्यान्वयन गर्दा जोखिम लेखाजोखा तथा सुरक्षा जाँचका विधिको प्रयोग नगरेको पाइएमा त्यसलाई यस मापदण्ड बमोजिम वेवास्ता वा अवज्ञा गरेको मानिनेछ र सो कार्य संस्थागत अनुशासनको दायराभित्र रहेको मानी विद्यालय व्यवस्थापन समिति, स्थानीय बाल अधिकर समिति तथा बाल कल्याण अधिकारीले निर्देशन दिई सुधार गर्न सचेत गराउनु पर्नेछ ।

१०. **बालबालिकाको गोपनीयता कायम गर्नु पर्नेः** (१) विद्यालयले तोकिएका कार्य सम्पादन गर्दा गराउँदा एवम् दफा ६ मा उल्लिखित विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र वयस्क व्यक्तिले बालबालिकासँग काम गर्दा बालबालिकाको गोपनीयता देहाय बमोजिम कायम गर्नु पर्नेछः

(क) बालबालिकालाई ग्लानी हुने, लाज हुने तथा अप्ठ्यारो महसुश हुने खालका व्यक्तिगत विवरण, कथा/घटना विवरण, तस्वीर, भिडियो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य कुनै सूचना जानकारी सङ्कलन गर्दा निज स्वयम् र निजका बाबुआमा, वा परिवारका अन्य सदस्य वा संरक्षक वा अभिभावकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्ने,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी प्रचलित कानून बमोजिम गोप्यो राख्नु पर्ने र त्यो सार्वजनिक गर्नु गराउनु नहुने,

(ग) एउटा प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जानकारी अन्य प्रयोजनका लागि प्रयोग गर्नु नहुने,

(घ) बालबालिकालाई थप जोखिम तथा हानि हुनेगरी कुनै पनि सूचना जानकारी बताउन वा सार्वजनिक गर्न दबाब दिने, प्रलोभनमा पार्ने, शक्ति प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुरूउत्साहित गर्ने कार्य गर्नु गराउनु नहुने ।

(२) यस मापदण्ड र प्रचलित कानुनी प्रक्रिया बमोजिम उजूरी सुनुवाइ, जाँचबुझ, अनुसन्धान, अभियोजन तथा मुद्दा चलाउने लगायतको उजूरी सम्बन्धी सम्पूर्ण प्रक्रियामा पीडित तथा प्रभावित र साक्षी तथा उनीहरूको परिवार एवम् कसूरको आरोप लागेका बालबालिकाको समेत गोपनीयताको सम्मान गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गोपनीयता कायम गर्द देहायका कार्य गर्नु पर्नेछः—

(क) न्यायिक निकाय तथा अख्तियार प्राप्त बाल संरक्षण संयन्त्रबाट अन्तिम निर्णय नभएसम्म वा भएपछि समेत घटनाको बारेमा सञ्चार माध्यम, सामाजिक सञ्जाल, वेबसाइटमा प्रभावित बालबालिकाको पहिचान खुल्ने जानकारी प्रकाशन गर्नु तथा अन्य व्यक्तिलाई दिनु हुँदैन,

(ख) प्रभावित बालबालिका तथा निजको परिवारलाई सेवा, सुविधा प्रदान गर्दा तथा बालबालिकाको पुनःस्थाना गर्दा गराउँदा पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण गोप्य राख्नु पर्नेछ,

(ग) बाल सुरक्षण तथा बाल संरक्षणबारे सचेतना अभिवृद्धि गर्न तथा उजुरी गर्न प्रेरित गर्ने उद्देश्यले बालबालिका विरूद्धको हिंसा, बाल—यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायत हानिका घटनामा बालबालिकाको उमेर र लिङ्ग मात्र खुलाई जानकारी दिनु पर्नेछ,

(घ) पीडित तथा प्रभावित बालबालिकालाई शिक्षा, स्वास्थ्य, कानुनी सहयोग/परामर्श, मनोसामाजिक सहयोग, जीवनोपयोगी सीपका लागि र निजको परिवारलाई अत्यावश्यक सेवाको प्रबन्ध गर्दा तथा सोका लागि सिफारिस गर्दा घटनाबारे आवश्यक मात्र जानकारी दिनु पर्नेछ,

(ङ) खण्ड (घ) बमोजिम आफूलाई प्राप्त बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको सूचना जानकारीको गोपनीयता कायम गर्न सेवा प्रदायक निकाय तथा संस्थालाई सिफारिस पत्रमा नै उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद-४

## बालबालिका विरूद्धको कसूर सम्बन्धी उजूरी तथा कारबाही संयन्त्र

**११.** बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुनुवाइ समितिः (१) विद्यालयमा यस मापदण्डको कार्यान्वयन गर्न गराउन, बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी उजूरीको दर्ता र छानबिन एवम् कारबाही गर्न गराउन देहाय बमोजिमको एक बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुनुवाइ समिति रहनेछः

(क) प्रधानाध्यापक —संयोजक,

(ख) प्रधानाध्यापकले तोकेको महिला शिक्षक —सह-संयोजक

(ग) शिक्षक अभिभावक सङ्घले तोकेको प्रतिनिधि एक जना —सदस्य

(घ) विद्यालयमा गठित बाल समूहको अध्यक्ष —सदस्य

(ङ) विद्यालय व्यवस्थापन समितिले तोकेको बाल संरक्षण सम्पर्क शिक्षक -सदस्य-सचिव

(२) प्रारम्भिक बाल विकास केन्द्रमात्र सञ्चालन भएको हकमा उपदफा (१) बमोजिमको समितिको संयोजक केन्द्र प्रमुख र बढीमा अन्य दुई सदस्य रहने गरी संयोजकले समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिका सदस्य स्वयम्ले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेमा सो सम्बन्धी उजूरीको दर्ता, छानबिन र कारबाही गर्न विद्यालय व्यवस्थापन समितिको अध्यक्षको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिले तोकेका अन्य दुई जना सदस्य रहने गरी गठन गरिएको विशेष समितिले छानबिन तथा कारबाही गर्नु पर्नेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्षले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेमा सो सम्बन्धी उजूरीको दर्ता, छानबिन र कारबाही गर्न विद्यालय व्यवस्थापन समितिको जेष्ठ सदस्यको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिका सबै सदस्य रहेको समितिले कारबाही गर्नु पर्नेछ ।

१२. समितिको काम, कर्तव्य र अधिकारः (१) यस मापदण्डमा अन्यत्र उल्लेख गरिएको अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालयको बाल संरक्षण मापदण्डको कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय, रेखदेख, प्राविधिक सहयोग तथा अनुगमन गर्ने गराउने,

(ख) दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिलाई बाल संरक्षण मापदण्ड सम्बन्धी तालीम र अभिमूखीकरण कार्यक्रम सञ्चालन गरी सचेतना एवम् क्षमता अभिवृद्धि गर्ने गराउने,

(ग) यस मपदण्ड बमोजिम बालबालिका तथा अन्य सम्बन्धित व्यक्तिको उजूरी लिने र त्यस्तो उजूरीलाई यथाशीघ्र कारबाही गर्न तत्काल छानबिन गरी आवश्यक प्रक्रिया अगाडि बढाउने,

(घ) खण्ड (ग) बमोजिमको कारबाहीका लागि प्रक्रिया अघि बढाउँदा समितिको बैठक राखी÷बसाइ निर्णय भए बमोजिमको कार्य गर्ने, कार्यको अनुसरण गर्ने गराउने र सोको गोपनीयता कायम गर्ने गराउने,

(ङ) घटनाको प्रकृति तथा समितिको प्रारम्भिक छानबिनको निष्कर्ष मुताविक आरोपित व्यक्तिसँग स्पष्टीकरण लिने, आन्तरिक कारबाहीका लागि विद्यालय व्यवस्थापन समिति समक्ष र थप कारबाहीका लागि सम्बन्धित निकाय/संयन्त्रमा सिफारिस गर्ने,

(च) समितिको प्रारम्भिक छानबिनले प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिको भएमा सम्बन्धित स्थानीय प्रहरी कार्यालयलाई कारबाहीका लागि सिफारिस गर्ने र सोको जानकारी बाल कल्याण अधिकारीलाई गराउने,

(छ) पीडित र प्रभावित बालबालिका तथा निजको परिवारलाई आवश्यक सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन सरकारी निकाय, सेवा प्रदायक तथा संस्थासँग समन्वय एवम् सहजीकरण गर्ने,

(ज) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अद्र्धवार्षिक रूपमा विद्यालय व्यवस्थापन समिति र वार्षिक रुपमा बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष प्रतिवेदन पेश गर्ने ।

(२) दफा ११ को उपदफा (३) र (४) बमोजिम गठित विशेष समितिको काम, कर्तव्य र अधिकार उपदफा (१) को खण्ड (ग) देखि खण्ड (छ)सम्मको हुनेछ ।

(३) समिति आफ्नो कामको लागि विद्यालय व्यवस्थापन समितिप्रति उत्तरदायी हुनेछ भने बालबालिकाको अधिकारको सम्मान, संरक्षण, सम्बद्र्धन र परिपूर्तिका लागि सम्बन्धित स्थानीय तह र स्थानीय बाल अधिकार समिति प्रति जिम्मेवार रहनेछ ।

१३. बाल संरक्षण मापदण्ड कार्यान्वयन तथा गुनासो सुन्ने सम्पर्क शिक्षक तोक्नु पर्नेः (१) समितिको काममा सहयोग पुर्याउन, यस मापदण्ड बमोजिम विद्यालयले गर्नु पर्ने कामको पहिलो सम्पर्क तथा गुनासो सुन्ने व्यक्तिको रूपमा रही काम गर्न र बाल संरक्षण मापदण्ड कार्यान्वयन सुनिश्चित गर्न विद्यालय व्यवस्थापन समितिले विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई प्राथमिकता दिइ एक जना बाल संरक्षण सम्पर्क शिक्षक(फोकल टिचर) तोक्नु पर्नेछ ।

(२) यस मापदण्डमा अन्यत्र उल्लेख भएको अतिरिक्त बाल संरक्षण सम्पर्क शिक्षक(फोकल टिचर)को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः—

(क) विद्यालयको बाल संरक्षण मापदण्ड तथा आचारसंहिता लागू गर्न गराउन समितिलाई सघाउने,

(ख) विद्यालयको बाल संरक्षण मापदण्ड सम्बन्धी विद्यालयका शिक्षक, अभिभावक, प्रशिक्षक तथा विद्यार्थी, पदाधिकारी एवम् कर्मचारीको सचेतना अभिवृद्धि गर्ने गराउने,

(ग) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे कुनै सरोकार भएमा उजूरी गर्न बालबालिकालाई सहज हुनेगरी उजूरी प्रणालीस’ग परिचित तथा सम्बद्ध गराउने,

(घ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानि सम्बन्धी आएका उजूरीको अभिलेखीकरण गर्ने र त्यसको तत्काल कारबाहीका लागि समितिलाई सहयोग गर्ने,

(ङ) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानि सम्बन्धी उजूरीकर्ता र पीडित तथा प्रभावित बालबालिकाको सुरक्षा एवम् संरक्षण गर्न एवम् पुनः पीडित नहुने अवस्था सिर्जना गर्न समितिसँग परामर्श गरी आवश्यक व्यवस्था मिलाउने,

(च) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिका र निजको परिवारलाई स्थानीय तह वा सेवा प्रदायकसँग समन्वय गरी तत्काल आवश्यक सेवा, सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने,

(छ) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी अद्र्धवार्षिक रूपमा समिति र वार्षिक रुपमा बाल कल्याण अधिकारी मार्फत स्थानीय बाल अधिकार समिति समक्ष प्रतिवेदन तयार गर्न समितिलाई सघाउने ।

१४. उजूरी वा निवेदन दिने सञ्चार प्रक्रियाः (१) विद्यालयसँग सम्बन्धित कुनै शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिले बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार गरेको आशंका भएमा जो कसैले पनि बाल संरक्षण सम्पर्क शिक्षक (फोकल टिचर) वा समितिलाई तुरून्त कुनै पनि माध्यमबाट मौखिक वा लिखित उजूरी वा निवेदन दिन सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम उजूरी प्राप्त गरेपछि बाल संरक्षण सम्पर्क शिक्षक(फोकल टिचर)ले त्यसलाई रजिस्ट्रमा अभिलेखीकरण गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको रजिस्ट्रमा उजूरी वा निवेदन परेको मिति, समय, स्थान, उजूरीकर्ता (व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्था) को विवरण, शंकास्पद वा आरोपित व्यक्ति, प्रभावित तथा कारबाहीको अवस्था लगायतको जानकारी समावेश गर्नु पर्नेछ ।

(४) बालबालिका विरुद्धको कसूर सम्बन्धी उजूरी वा निवेदन लिखित वा मौखिक रूपमा प्राप्त नभएमा बाल संरक्षण सम्पर्क शिक्षक वा समितिले प्रतिकार्य गर्न बाध्य पारिएको मानिने छैन ।

(५) बाल संरक्षण सम्पर्क शिक्षक वा समितिले बालबालिका विरूद्धको कसूर सम्बन्धी उजूरी उपर कुनै कारबाहीको प्रक्रिया अघि नबढाएमा, ढिलासुस्ती गरेमा वा सन्तोषजनक कार्य सम्पादन नगरेमा वा उजूरीकर्तालाई कारबाहीबारे जानकारी नदिएमा उजूरीकर्ताले सिधै प्रधानाध्यापक समक्ष उजूरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम पनि कारबाही हुन नसकेमा नजिकको प्रहरी कार्यालयमा उजूरी गरी सोको जानकारी विद्यालय व्यवस्थापन समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति र न्यायिक समितिलाई लिखित रुपमा दिनु पर्नेछ ।

**१५.** उजूरी र कारबाहीको दायित्व र प्रक्रियाः (१) विद्यालय तथा विद्यालयसँग सम्बन्धित व्यक्ति, पदाधिकारी वा सदस्य तथा संस्थाले देहाय बमोजिम दिएको बाल संरक्षण सम्बन्धी उजूरी, आरोप तथा सरोकारको आधारमा बाल संरक्षण सम्पर्क शिक्षकले आरोप पहिचान गरी यस मापदण्ड बमोजिम सोको कारबाही अगाडि बढाउनु पर्नेछः—

(क) विद्यालयले सञ्चालन गरेका कुनै पनि कार्यक्रमका सहभागी बालबालिका, अभिभावक, शिक्षक, प्रशिक्षक, पदाधिकारी, समुदायका व्यक्ति वा अन्य जो कोहीबाट प्राप्त उजूरी

(ख) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, प्रशिक्षक, कर्मचारी, स्वयम् सेवक

(ग) तथा आगन्तुकबाट प्राप्त उजूरी,

(घ) स्थानीय अभिभावकबाट प्राप्त उजूरी,

(ङ) विद्यालयको आधार क्षेत्र (क्याचमेन्ट एरिया) वा समुदायका बाल संरक्षण सम्बन्धी सबालबारे (समाजिक सञ्जाल तथा आमसञ्चारका माध्यमबाट प्राप्त सूचना वा जानकारी ।

(२) उजुरीका प्रकार, कारबाही गर्ने दायित्व तथा विधिहरू देहाय बमोजिम हुनेछन्ः—

(क) दफा ६ बमोजिमका विद्यालयसँग सम्बन्धित शिक्षक, कर्मचारी, पदाधिकारी, अभिभावक र व्यक्तिका विरूद्ध आएको उजूरीलाई सम्बोधन गर्न विद्यालयको प्रधानाध्यापक पूर्ण रूपमा जिम्मेवार हुनु पर्नेछ भने दफा ११ को उपदफा (३) बमोजिम आवश्यकता भै गठित भएको विशेष समितिमा परेका उजूरी तथा कारबाहीको हकमा विद्यालय व्यवस्थापन समिति अध्यक्ष जिम्मेवार हुनु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिमको उजूरीको कारबाही प्रक्रिया अगाडि बढाउदा देहाय बमोजिमका चरण एवम् प्रक्रिया अवलम्बन गर्नु पर्नेछः—

(अ) विद्यालयमा उजूरी प्राप्त गर्ने र सोको अभिलेखीकरण गर्ने,

(आ) उजूरीबारे थप जानकारी लिने, उजूरीकर्तासँग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारबाहीको पहिचान गर्ने,

(इ) एक हप्ताभित्र यस मापदण्ड बमोजिम उजूरीको कारबाहीलाई किनारा गर्ने वा स्थानीय तहका सम्बन्धित अधिकारी तथा विज्ञ वा बाल संरक्षण संयन्त्रबाट आरोपबारे प्रारम्भिक अनुसन्धान गर्ने गराउने,

(ई) यदि शङ्का/आरोप प्रमाणित भएमा वा प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिका घटनामा समितिबाट निर्णय गरी प्रहरी कार्यालयमा कारबाहीको लागि सिफारिस गर्ने,

(उ) पीडित तथा प्रभावित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानुनी, मनोविमर्श, मानवीय तथा अन्य संरक्षण सहयोग प्रदान गर्न स्थानीय तह वा सेवा प्रदायकसँग समन्वय र सहजीकरण गर्ने,

(ऊ) आरोपित व्यक्तिलाई पद तथा जिम्मेवारीबाट निलम्बन गर्ने,

(ऋ) परिवार तथा समुदायमा पुनःस्थापना नहुञ्जेलसम्म पीडित तथा प्रभावितलाई पुनःस्थापना केन्द्रमा अस्थायी संरक्षण सेवा प्रदान गर्न, निजको परिवारको अनुगमन गरी पारिवारिक परामर्श प्रदान गर्न तथा आवश्यक अन्य सहयोगका लागि समन्वय तथा सहजीकरण गर्ने ।

(३) बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार सम्बन्धी प्राप्त भएका उजूरीको कारबाही गर्दा विद्यालयले आवश्यकतानुसार स्थानीय तहको बाल संरक्षण संयन्त्र, वडा बाल अधिकार समिति, बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समिति, न्यायिक समिति, बालबालिका खोजतलास सेवा (निःशुल्क टेलिफोन नं. १०४), बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नं. १०९८), अस्थायी संरक्षण सेवा केन्द्र, नेपाल प्रहरीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र र नेपाल प्रहरी लगायतका स्थानीय संस्थागत संयन्त्रहरुस’ग समन्वय र सहजीकरण गर्नु पर्नेछ र त्यस्ता निकाय तथा संस्थाले आवश्यक सहयोग गराउनु वा गर्नु पर्नेछ ।

**१६.** प्रतिवेदन पेश गर्नु पर्नेः (१) बालबालिका विरूद्धको कसूरको उजूरीमाथि भएको कारबाहीको प्रतिवेदन बाल संरक्षण सम्पर्क शिक्षक (फोकल टिचर)ले प्रत्येक शैक्षिक सत्रको छ÷छ महिनामा विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनलाई विद्यालय व्यवस्थापन समितिले उजूरी तथा कारबाही कार्यान्वयन प्रगतिको समग्र वार्षिक समीक्षा गरी अन्तिम रुप दिइ वार्षिक प्रतिवेदन तयार गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको वार्षिक प्रतिवेदनलाई विद्यालयको प्रधानाध्यापकले शैक्षिक सत्र सकिएको अर्को एक महिनाभित्र वा प्रत्येक वर्षको वैशाख मसान्तभित्र बाल कल्याण अधिकारी मार्फत सम्बन्धित स्थानीय तह र स्थानीय बाल अधिकार समितिमा पेश गर्नु पर्नेछ ।

(४) विद्यालयले यस मापदण्ड बमोजिम विद्यालयमा घटेका घटनाहरु बाल संरक्षण सूचना व्यवस्थापन प्रणाली (CPIMS)मा प्रविष्टी गर्दै जानु पर्नेछ ।

## परिच्छेद-५

## आर्थिक व्यवस्थापन र विविध

१७. बाल संरक्षण मापदण्ड कार्यान्वयनका लागि आर्थिक व्यवस्थापनः (१) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्न नियमित रुपमा प्रत्येक वर्ष निश्चित कार्यक्रम वजेट विनियोजन गर्नु पर्नेछ । तर विद्यार्थीहरुबाट शुल्क उठाएर विनियोजन गर्नु हु'दैन ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम वजेट रकमलाई विद्यालयले बाल संरक्षण जोखिम न्यूनीकरण गर्न, बालबालिका सहभागी हुने कार्यक्रममा सामुहिक बीमा (दूर्घटना, मृत्यू, घाइते, बलात्कार, दुर्व्यवहार)गर्न, प्रभावितलाई तत्काल संरक्षण सहयोग प्रदान गर्न, स्वास्थ्य, कानुनी सहयोग, पुनःस्थापना, मुद्दा चलाउन तथा क्षतिपूर्ति, अभिमूखीकरण, तालीम तथा सचेतामूलक कार्यका लागि उपयोग गर्न सक्नेछ ।

(३) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्नका लागि आवश्यकतानुसार सम्बन्धित स्थानीय तहबाट वजेट माग गर्न सक्नेछ ।

(४) विद्यालयले यस मापदण्ड कार्यान्वयन गर्नका लागि सम्बन्धित स्थानीय तहमा स्थापना भएको बाल कोषको रकम माग गरी उपयोग गर्न सक्नेछ ।

(५) उपदफा (३) र (४) बमोजिम प्राप्त भएको रकम स्थानीय तहको नियमानुसार वा मौजुदा स्थानीय आर्थिक कानून बमोजिम खर्च गर्नु पर्नेछ ।

१८. व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकारः (१) यस मापदण्डको कुनै व्यवस्थाको थप व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ ।

(२) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा विद्यालय व्यवस्थापन समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१९. अनुसूची तथा ढाँचा लागू गर्न सक्नेः यस मापदण्ड बमोजिम बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहारको रोकथाम गर्न, संरक्षण सुनिश्चित गर्न र तत्काल उजूरीको कारबाही गर्न आवश्यक हुने बालबालिकाको विवरण, प्रतिवेदन लगायतका ढाँचा, फाराम र अनुसूचीहरु गुनासो सुनुवाइ कार्यविधि, २०७४ (नमूना) मा भएका व्यवस्था अनुरुप परिमार्जन गरी विद्यालयले लागू गर्नु पर्नेछ ।

२०. गुनासो पेटिका प्रयोग गर्नेः (१) यस मापदण्ड बमोजिमको उजूरी पेटिकाको रुपमा सुनासो सुनुवाइको लागि राखिएको गुनोसो पेटिका नै प्रयोग गर्नु पर्नेछ ।

२१. संशोधन गर्न सक्नेः यस मापदण्डलाई आवश्यकतानुसार विद्यालय व्यवस्थापन समितिले संशोधन एवम् परिमार्जन गर्न सक्नेछ ।

२२. प्रचलित कानून बमोजिम हुनेः (१) यस मापदण्डमा व्यवस्था भएका कुनै कुरा प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

२३. यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका विषयको हकमा भने प्रचलित कानून बमोजिम हुनेछ ।

**(आचारसंहिता)**

श्री ........................................................................ विद्यालयको बाल संरक्षण मापदण्ड बमोजिम– (क) विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, (ख) विद्यालय व्यवस्थापन समितिले गठन गरेको समिति, उपसमिति वा कार्यटोलीका पदाधिकारी तथा विज्ञ/विशेषज्ञ, (ग) विद्यालयमा कार्यरत शिक्षक, बाबुआमा, अभिभावक, प्रशिक्षक, कर्मचारी, सहयोगी, स्वंयसेवक, सवारी चालक, क्यान्टेनका सञ्चालक तथा कर्मचारी र स्रोत व्यक्ति (घ) विद्यालयको अनुगमन गर्न एवम् अनुसन्धानका लागि आउने व्यक्ति, अन्य सम्बद्ध व्यक्ति, सेवा प्रदायक र वस्तु तथा सेवाको आपूर्तिकर्ता देहाय बमोजिमको आचारसंहिता पालना गर्न म (व्यक्तिको नाम) ............... ............... .................... ......प्रतिबद्ध भई प्रस्तुत आचारसंहिता पढीबुझी सहीछाप गरी एक प्रति विद्यालयमा बुझाएँ ।

**(क) बाल संरक्षण मापदण्ड तथा प्रचलित कानूनको पालन गर्नेछुः–**

१. बाल संरक्षण मापदण्ड लगायत बालबालिकाको अधिकार सम्बन्धी कानून, मूल्य मान्यता एवम् सिद्धान्तको पूर्ण पालना गरी मेरो व्यक्तिगत, पारिवारिक तथा पेशागत दायित्व उच्च व्यवसायिकताका साथ सम्पन्न गर्नेछु ।

२. प्रचलिल कानून तथा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धिका सिद्धान्त तथा प्रावधान बमोजिम बाल अधिकारको सम्मान, संरक्षण, परिपालना तथा प्रबद्र्धन गर्नेछु ।

३. बाल संरक्षण मापदण्डबारे विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारी तथा सदस्य, शिक्षक, प्रशिक्षक, कर्मचारी, अभिभावक तथा सरोकारवाला तथा विद्यार्थीलाई जानकारी दिई बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका कुनै सरोकार वा घटना भएमा विद्यालय तथा सम्बन्धित निकायमा उजूरी/रिपोर्ट गर्न प्रोत्साहित गर्नेछु ।

४. विद्यालयमा तथा विद्यालयको क्षेत्र (क्याचमेन्ट एरिया) मा बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे जानकारी पाएमा वा सोको जोखिम देखिएमा तत्काल बाल संरक्षण सम्पर्क शिक्षक, समिति, विशेष समिति, नेपाल प्रहरी, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल हेल्पलाइन सेवा, बालबालिका खोजतलास सेवा आदि निकायमा जानकारी दिनेछु ।

५. बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबारे गरिएको कुनै पनि उजूरी÷रिपोर्टलाई गहन रूपमा लिनेछु र उजूरी÷रिपोर्ट गर्ने व्यक्तिलाई सहयोग गर्नेछु र छानबिन प्रक्रियामा सघाउनेछु ।

६. बालबालिकाको– (अ) हक अधिकार, (आ) सुरक्षण, संरक्षण तथा जोखिमका सबाल, (इ) खास गरी बालबालिका विरूद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा अन्य दुर्व्यवहार लगायतका हानिबाट प्रभावित बालबालिकालाई उपलब्ध सेवाबारे आफूलाई थाहा भएको जानकारी बालबालिका, आमाबाबु वा अभिभावक, समुदाय तथा विद्यालयलाई दिनेछु ।

**(ख) बालबालिकासँग काम गर्दा र उनीहरूलाई सहभागी गराउँदा देहायका कार्य गर्नेछुः–**

१. बालबालिकासँग काम गर्दा उनीहरूमाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि हुन नदिनेगरी र त्यसबाट संरक्षण गर्ने गरी काम गर्नेछु

२. बालबालिर्कालाई कुनै कार्यक्रममा सहभागी गराउँदा निज तथा निजका अभिभावकलाई त्यस्तो कार्यक्रमको उद्देश्य, विधि, उपयोगिता, सम्भावित जोखिम र त्यसलाई सम्बोधन गर्न अवलम्बन गरिएको उपायबारे जानकारी गराई सुसूचित सहमति लिनेछु ।

३. बालबालिकालाई दलगत राजनीतिक गतिविधिमा सहभागी गराउने छैन वा त्यसको लागि दुरूत्साहन गर्ने छैन ।

४. बालबालिका सहभागी हुने कार्यक्रमको आयोजना र सञ्चालन गर्दा— (अ) दिनको समयमा, (आ) उज्यालो स्थानमा, (इ) दूर्घटना तथा बालबालिका विरूद्धको हिंसा वा बाल—यौन दुर्व्यवहारको जोखिम आङ्कलन गरी त्यसलाई सम्बोधन गरिएको यकीन गरेर मात्र सञ्चालन गर्नेछु ।

५. बालबालिकासँग व्यक्तिगत प्रकृतिको सूचना लिँदा, कथा÷घटना—विवरण सङ्कलन गर्दा, अन्तर्वार्ता लिँदा, तस्वीर वा भिडियो खिच्दा तथा श्रव्यदृश्य सामग्री बनाउँदा बलबालिका स्वयम् वा निजको बाबुआमा, अभिभावकको सुसूचित तथा लिखित सहमति लिनेछु र त्यसरी सङ्कलित सूचना जानकारी तथा श्रव्यदृश्य सामग्री तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु ।

६. बालबालिकालाई जिल्लाबाहिर लाँदा वा राति बास बस्नुपर्ने गरी कुनै कार्यक्रममा सहभागी गराउँदा निजसँग समान लिङ्गीय वयस्क वा महिला हेरालु÷संरक्षकको साथमा यात्रा गर्ने व्यवस्था मिलाउनेछु ।

**(ग) बालबालिका विरूद्ध भेदभाव, हिंसा, दुर्व्यवहार (यौन दुर्व्यवहार समेत), शोषण, वेवास्ता लगायतका हानि कहिल्यै गर्ने छैनः—**

१. बालबालिकालाई लिङ्ग, जातजाति, वर्ण, शारीरिक अवस्था, परिवारको आर्थिक हैसियत वा अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन ।

२. बालबालिकालाई गालीगलौज गर्ने, होच्याउने, हेप्ने, जिस्क्याउने, कुटपिट गर्ने, शारीरिक तथा मानसिक यातना दिने, दुर्व्यवहार गर्ने, अमानवीय व्यवहार गर्ने, अमर्यादित व्यवहार गर्ने तथा तनाव दिने काम गर्ने छैन ।

३. बालबालिकासँग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्ने छैन ।

४. बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्ने वा यौन सम्पर्क गर्ने छैन । बालबालिकाले स्वीकृति दिएको अवस्थामा पनि त्यो दण्डनीय अपराध हो भन्ने कुरामा मलपूर्ण जानकार छु ।

५. एकाघर परिवार वा नजिकका नातेदार बाहेक विद्यालयका कुनै विद्यार्थीलाई राती बास बस्नेगरी आफू बसेको ठाउँमा वा अन्यत्र कहीं लाने काम गर्ने छैन ।

६. बालबालिकासँग एउटै कोठा तथा एउटै ओछ्यानमा सँगै सुत्ने छैन ।

७. बालबालिकालाई कानूनले निषेध गरेका काम तथा श्रममा संलग्न गराउने तथा बाल श्रम प्रयोग भएको जानीजानी कुनै पनि उत्पादन तथा सेवा विद्यालय र घरमा प्रयोग गर्ने छैन ।

८. मनोविमर्श तथा स्वास्थ्य उपचारको लागि अत्यावश्यक भएकोमा बाहेक एक बालक वा बालिका र वयस्क मात्र भएको अवस्था सिर्जना हुनेगरी बालबालिकासँग काम गर्ने छैन ।

९. बालबालिकाको अगाडि कुनै किसिमको लागू पदार्थ, मद्यपान तथा धूमपान गर्ने छैन ।

१०. बालबालिकाले गर्नसक्ने कानून विपरीतका काम, असुरक्षित काम, भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणजन्य हुने काममा बालबालिकालाई प्रोत्साहन गर्ने छैन, आफू त्यसमा सामेल हुने छैन र यस्ता कार्यलाई वेवास्ता नगरी बालबालिकालाई समेत सुसूचित गराउने छु ।

११. विद्यालयको वा आफूले विद्यालयको कामको प्रयोजनका लागि प्रयोग गर्ने कम्प्यूटर र अन्य डिजिटल उपकरणहरूमा अश्लील सामग्री हेर्ने, डाउनलोड गर्ने, सङ्ग्रह गर्ने तथा त्यस्ता सामग्री बनाउने वा वितरण गर्ने काम गर्ने छैन ।

यस आचारसंहितामा लेखिएका सबै बुँदा पालना गर्न म प्रतिवद्ध छु भनी सहीछाप गरी एक प्रति विद्यालय व्यवस्थापनमा बुझाएँ र अर्को एक प्रति आफूसँग सुरक्षित रूपमा राखें ।

नामथरः ......................................

पद वा जिम्मेवारीः ...............................

हस्ताक्षरः ...............................

मितिः ................................

## अनुसुची ३

### दफा २५ (१) सँग सम्बन्धित

### सूचीकरण सम्वन्धी निवेदन पत्र

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,/वडा सचिवज्यू

भिमाद नगरपालिका, तनहुँ।

**विषयः बाल समूह सूचीकृत गरिपाउँ ।**

महोदय, भिमाद नगरपालिकाको बालसमूह गठन तथा सहजीकरण निर्देशिका, २०८२ बमोजिम हामिले भिमाद नगरपालिका वडा नं.........मा बाल समूह गठन गरी सूचीकृत गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं । निर्देशिकाको अनुसुची २ बमोजिम बैठकको निर्णय प्रतिलिपि, अनुसुची ३ बमोजिम कार्ययोजना, कार्यसमितिका पदाधिकारीहरूको जन्मदर्ताको प्रमाण-पत्रका प्रतिलिपीहरू र अनुसुची ६ बमोजिमको विधान यसैसाथ संलग्न गरी यो निवेदन पेश गरेका छौं ।

विवरण :

१) बाल समूहको नाम :

२) पदाधिकारीहरूको विवरण:

| सि.नं. | नाम | पद | ठेगाना | वर्ष | जात | लिङ्ग | कक्षा | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |

३) बाल समूहको ठेगानाः

४) सहजकर्ताको नाम र सम्पर्क नं.:

५) सल्लाहकारको नाम र सम्पर्क नं.:

## अनुसूची - ४

### दफा २५ (१) सँग सम्बन्धित

### बाल समूह बैठक माइन्युटको नमूना

बाल समूहको नाम :

बैठक नम्बर:

बैठक मिति :

सहजकर्ताकोनाम :

आज मिति........ मा भिमाद नगरपालिका वडा नं. ......... को बाल समूहको बैठक यस समूहका अध्यक्ष श्री........... को अध्यक्षतामा बस्यो । बैठकमा उपस्थित सदस्यहरूबीच तपशिलमा उल्लेखित प्रस्तावहरू उपर छलफल गरी निर्णय गरियो ।

बालसमूहका पदाधिकारी तथा सदस्यहरूको उपस्थिति :

१)

२)

3)

४)

५)

६)

७)

८) आमन्त्रित सहजकर्ता

९) आमन्त्रित अन्य

बैठकका प्रस्तावहरू

क)

बैठकका निणर्यहरू

क)

**अनुसुची- ५**

**दफा २५ (१) सँग सम्बन्धित**

**बाल समूह कार्ययोजना फारम**

१. बाल समूहको नाम :

ठेगाना :

सहजकर्ताका नाम र सम्पर्क नं:

अध्यक्षको नाम र सम्पर्क फोन :

सूचीकरण नं..........

| कार्यक्रमको नाम | विषय | कहाँ गर्ने | कहिले गर्ने | श्रोत व्यवस्था | प्रमुख जिम्मेवार निकाय |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची - ६

### दफा २५ (४) सँग सम्बन्धित

### बाल समूह कार्य प्रगति विवरण फारम

बाल समूहको नामः

बाल समूहको ठेगाना :

सहजकर्ताको नाम र सम्पर्क नं.

अध्यक्षको नाम र सम्पर्क फोन :

सूचीकरण नम्बर...

| सम्पन्न कार्यक्रमको नाम | विषय | कार्यक्रम भएको स्थान | मिति | खर्च भएको रकम र श्रोत | सहभागी संख्या |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची- ७

**दफा २५ (६) सँग सम्बन्धित**

**विधानको नमूना**

**.............बाल समूहको विधान २०.........**

**प्रस्तावना:** बालअधिकारको संरक्षण र सम्बर्द्धनमा हामी बालबालिकाहरूबाटै सहयोग पुऱ्याउने अभिप्रायले बालअधिकार प्राप्तिका लागि महत्वपूर्ण सहयोगी सरोकारवाला पक्षहरूमा सचेतना अभिवृद्धि गर्दै हामी बालबालिकाहरूको भविष्यलाई उज्यालोतर्फ डोऱ्याउन, बालबालिकामा भएको क्षमता र प्रतिभाको विकास र प्रस्फुटन गर्नुका साथै बालबालिकाहरूको बालबचाउ, बालविकास र बालसंरक्षणको अधिकार प्राप्तिमा महत्वपूर्ण योगदान गरी आफ्नो अधिकार प्राप्त गर्न बालसहभागिता मार्फत् हामी बाल समूहका सम्पूर्ण पदाधिकारीहरू सहमत भई हाम्रो बाल समूहको नाम ..... राखी भिमाद नगरपालिकाको वडा नं. ....., .....मा बाल समूहको सम्पर्क कार्यालय रहने गरी यो बाल समूहको विधान तयार गरी बाल समूह सूचीकरणका लागि यस....... बाल समूहको मिति....... को कार्यसमितिको वैठकको निर्णयानुसार यो विधान तयार गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

**१.१** यस बाल समूहको नाम............. रहनेछ । यो बाल समूह वडा/समुदाय/विद्यालय/नगरपालिका स्तरीय बाल समूहको रूपमा रहनेछ ।

**१.२** यो विधान भिमाद नगरपालिका/वडा कार्यालयमा सूचीकरण भएको मितिदेखि लागू हुनेछ ।

**१.३** यस बाल समूहको ठेगाना भिमाद नगरपालिका वडा न........ विद्यालय........../...........समुदायमा रहनेछ ।

**१.४** यस बाल समूहको छुट्टै छाप रहनेछ । छापमा गोलाकार घेरामा वरिपरि बाल समूहको नाम, ठेगाना र स्थापना मिति तथा बीचमा एक बालक र एक बालिका अंकित लोगो रहनेछ ।

### परिच्छेद-२
### परिभाषा, उद्देश्य र सदस्यता

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,

**२.१ "बाल समूह"** भन्नाले यस निर्देशिका बमोजिम समुदाय, वडा र विद्यालयमा रहेका १८ वर्ष उमेर पूरा नभएका बालबालिकाहरू जम्मा भएको बाल भेलाबाट गठित समुदायस्तरीय बालसञ्जाल, विद्यालय स्तरीय बालक्लव, वडास्तरीय बालसञ्जाल, र नगरपालिकास्तरीय बालमञ्चलाई जनाउनेछ ।

**२.२ "सदस्य"** भन्नाले यस विधान बमोजिम बाल समूहमा आवद्ध हुन योग्य १८ वर्षभित्रका सम्पूर्ण बालबालिका सम्झनुपर्दछ ।

**२.३ "विधान"** भन्नाले बाल समूहको विधान सम्झनुपर्नेछ ।

**२.४ "बालभेला"** भन्नाले बाल समूहको वार्षिकरूपमा हुने बालभेलालाई जनाउँदछ ।

**२.५ "कार्यसमिति"** भन्नाले विधान बमोजिम गठन भएको कार्यसमितिलाई जनाउनेछ ।

२.६ **"सल्लाहकार समिति"** भन्नाले बाल समूहमा काम गरी अनुभव प्राप्त पूर्व पदाधिकारी एवम् कार्यसमितिले मनोनित गरेकाअन्य व्यक्तिहरूको समूहलाई जनाउनेछ ।

२.७ **"उपसमिति"** भन्नाले आवश्यताअनुसार गठन भएका सदस्यहरूको समूहलाई जनाउनेछ ।

२.८ **"बालक"** भन्नाले बालक र बालिका दुबैलाई सम्झनुपर्दछ ।

**३. बाल समूहको उद्देश्य :** निम्न उद्देश्यहरू लिई यो बाल समूह स्थापना गरिएको छ।

(क) हामी बालबालिकाहरूको भविष्यको लागि राम्रो जग बसाउन,

(ख) हामी निस्क्रिय रहने समयको सदुपयोग गर्न,

(ग) समूहसँग बसेर छलफल गर्न,

(घ) बालबालिका, परिवार तथा समुदायका लागि उपयोगी हुने विषयहरूमा चेतना जगाई कार्य जिम्मा दिन र लिन,

(ङ) बालबालिकाहरूमा सामाजिक र एकताको भावना जागृत गराउन,

(च) कार्यक्रम र व्यवहारले सिकाएका राम्रा कुराहरू व्यवहारमा उतार्न र समुदायमा परिवर्तन ल्याउन,

(छ) बालअधिकारसँग सम्बन्धित समस्या केलाउन र समाधान गर्न सक्ने बन्न,

(ज) नेतृत्व र आत्मविश्वास विकास गर्न साथै हामी र हाम्रो भावनाको विकास गर्न,

(झ) बालअधिकारसँग सम्बन्धित विभिन्न क्रियालकलापहरूमा विद्यालय तथा समुदायमा रहेका दलित, अपांग, पछाडि पारिएका विद्यालय पढ्दै गरेका बालबालिकाहरूको समेत सामूहिक सहभागिता जुटाउन ।

**४. बाल समूहको उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने क्रियाकलापहरू**

(क) बाल समूहमा आबद्धता

(ख) कार्यसमितिको चयन

(ग) वार्षिक कार्ययोजना निर्माण

(घ) कार्यक्रमहरू संचालन गर्ने

**५. सदस्यता सम्बन्धी व्यवस्था**

**५.१ सदस्यको प्रकार :** हाम्रो बाल समूहमा देहाय बमोजिमका सदस्यहरू रहनेछन् ।

(क) साधारण सदस्य (१८ वर्षभित्रका बाल समूहमा आबद्ध हुन चाहने सम्पूर्ण बालबालिकाहरू)

(ख) कार्यसमिति सदस्य (बालभेलाबाट गठन भएको निर्देशिका बमोजिमका पदाधिकारीहरू)

(ग) आवश्यक परेमा अन्य प्रकारका सदस्यहरू समितिले निर्धारण गर्न सक्नेछ ।

**५.२ सदस्यता प्रदान गर्ने विधि र नियमहरू**

(क) यस बाल समूहको सदस्य बन्नका लागि ८ वर्ष देखि १८ वर्ष ननाघेको बालबालिका हुनुपर्नेछ ।

(ख) १८ वर्ष उमेर पूरा भईसकेपछि यस बाल समूहको सदस्यबाट स्वतः हटनेछन् र सल्लाहकारको रूपमा कार्य गर्न सक्नेछन्।

(ग) बाल समूहमा सदस्य बन्नका लागि कार्यसमितिले तोके बमोजिम सूचीकरण हुन सक्नेछन् ।

(घ) प्रत्येक सदस्यहरूले बाल समूहले निर्दिष्ट गरेका आचरणहरू पूरा गर्नुपर्नेछ ।

## परिच्छेद ३

## बालभेला तथा कार्यसमिति

**६. बैठक सम्बन्धी व्यवस्था**

**६.१** कार्यसमितिको बैठक बर्षमा कम्तीमा ३ पटक बस्नेछ, आवश्यकतानुसार बालभेलाको आयोजना गर्न सक्नेछ ।

६.२ पच्चीस प्रतिशत सदस्यहरूले बालभेला बोलाई पाऊँ भनी बाल समूहका अध्यक्षसमक्ष निवेदन गरेमा अध्यक्षले विशेष बालभेला बोलाउन सक्नेछ ।

६.३ बालभेलाका लागि ७ दिन अगावै भेलाहुने स्थान, समय, मिति र छलफल हुने बिषय सहित सम्पूर्ण सदस्यलाई उपस्थितिको लागि सूचना दिनुपर्नेछ ।

**७ कार्य समिति गठन विधि र पदावधि**

७.१ बालभेलाले प्रत्येक २ वर्षमा लोकतान्त्रिक प्रणालीबाट आफ्ना सदस्यहरूमध्येबाट अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, सहसचिव १, कोषाध्यक्ष १, र सदस्यहरू सहित कार्यसमितिको गठन गर्नेछ ।

७.२ यसरी गठन भएको कार्यसमितिको पदावधि २ वर्षको हुनेछ ।

**८. बालभेलाको काम, कर्तव्य र अधिकार**

८.१ सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तुत गरेका सूचीमा समावेश भएका विषयहरूमा छलफल गरी निर्णय गर्ने,

८.२ बाल समूहको गतिविधि समिक्षा गरी आवश्यक नीति निर्देशन तयार गर्ने,

८.३ वार्षिक कार्यक्रम र कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

८.४ विधान संसोधन गर्नुपर्ने भए सो कुरा उल्लेख गरी वडा कार्यालय/विद्यालयको सिफारिसका साथ भिमाद नगरकार्यपालिकामा पेश गरी संसोधन गर्ने,

८.५ अन्य तोकिएका कार्यहरू गर्ने ।

## परिच्छेद-४

## कार्य समितिका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार

**९. पदाधिकारीको काम, कर्तव्य र अधिकार**

**९.१ अध्यक्ष**

(क) कार्य समिति र बालभेलाको अध्यक्षता गर्ने,

(ख) संस्थाको हितको लागि गर्नुपर्ने कर्तव्यको प्रमुख दायित्व वहन गर्ने,

(ग) संस्थाका निर्णयहरू कार्यान्वयन गर्ने र गर्न लगाउने,

(घ) संस्थाको उद्देश्य पूरा गर्न अन्य आवश्यक काम गर्ने,

(ङ) मत बराबर भएमा निर्णायक मत दिने,

(च) समुदाय, वडा, विद्यालय, भिमाद नगरपालिका र अन्य सहयोगी संस्थाहरू बीच समन्वयकर्ताको भूमिका निर्वाह गर्ने।

**९.२ उपाध्यक्ष**

(क) अध्यक्षको अनुपस्थितिमा निजले गरी आएको अधिकारहरू प्रयोग गर्ने,

(ख) अन्य वखतमा अध्यक्षको सहयोगी भूमिका निर्वाह गर्ने,

(ग) अध्यक्ष तथा कार्यसमितिले तोकेको गर्ने ।

**९.३ सचिव**

(क) बालभेला र कार्य समितिको निर्णय अनुरूप संस्थाको कार्यसञ्चालनमा सहयोग गर्ने,

(ख) बैठक बोलाउने र बैठकको निर्णय अभिलेख राख्ने,

(ग) बैठकमा राखिने विषयहरूमा अग्रिम जानकारी गराउने,

(घ) बाल समूहमा प्राप्त भएका सूचनाहरू अन्य पदाधिकारीहरूलाई जानकारी गराउने,

(ङ) बैठकको माइन्युट गर्ने,

(च) कार्यक्रम सञ्चालन गर्ने ।

**९.४ सहसचिव**

(क) सचिव अनुपस्थित भएको खण्डमा सचिवले गर्ने सबै कामहरू गर्ने,

(ख) अध्यक्षले तोकेका अन्य कामहरू गर्ने ।

**९.५ कोषाध्यक्ष**

(क) संस्थाको सम्पूर्ण नगदी, जिन्सी सामानको जिम्मा लिने र त्यस सम्बन्धी श्रेस्ताहरू अद्यावधिक राख्ने,

(ख) संस्थाको आय व्ययको विवरण कार्यसमितिमा र बालभेलामा पेश गरी अनुमोदन गराउने,

(ग) आगामी वर्षको बजेट तर्जुमा गरी बालभेलामा पेश गर्ने ।

**९.६ सदस्य**

(क) संस्थाको बैठकमा नियमित उपस्थित हुने,

(ख) संस्थाको हितको लागि कार्य गर्ने,

(ग) बैठकमा उपस्थित भई आफ्नो अभिव्यक्ति प्रस्तुत गर्ने,

(घ) कार्यसमितिले निर्णय गरे अनुसारको जिम्मेवारी वहन गर्ने ।

## परिच्छेद-५

## विविध

**१०. विधान संसोधन :** यस विधानमा उल्लिखित दफा तथा उपदफाहरू संशोधन गर्नुपर्ने भएमा बालभेलाको दुई तिहाई बहुमतबाट संशोधन गर्न सकिनेछ ।

तर संशोधन भएको उक्त विधान भिमाद नगरपालिकाबाट स्वीकृत भएको मितिदेखि मात्र लागू हुनेछ ।

**११. निस्कृयता :** यस विधानमा लेखिएका कुराहरू प्रचलित कानूनसँग बाझिएमा वाझिएको हदसम्म स्वतः निस्कृय हुनेछन् ।

**बाल समूह दर्ता गर्दाका अवस्थामा रहेका कार्यसमिति सदस्यहरू र हस्ताक्षर**

| क्र.सं. | नामथर | उमेर | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |
| 3. | | | | |
| 4. | | | | |
| 5. | | | | |
| 6. | | | | |
| 7. | | | | |
| 8. | | | | |

| | | | | |
|---|---|---|---|---|
| 9. | | | | |
| 10. | | | | |
| 11. | | | | |
| 12. | | | | |
| 13. | | | | |
| 14. | | | | |
| 15. | | | | |

**अनुसूची- ८**

**दफा २५ (९) सँग सम्बन्धित**

**दर्ता प्रमाण-पत्र**

**दर्ता नं.** **दर्ता भएको मितिः**

गण्डकी प्रदेश, तनहुँ जिल्ला, भिमाद नगरपालिका वडा नं.......... स्थित १८ वर्ष मुनिका बालबालिकाहरूको वडा स्तरीय/समुदाय स्तरीय/विद्यालय स्तरीय/नगरपालिका स्तरीय बाल भेला बाट गठन भएको श्री............ बाल समूहलाई यस नगरपालिका/वडा कार्यालयमा दर्ता गराइएको जानकारी गराइन्छ ।

तपाईहरूको बाल समूहले सबै बालबालिकालाई बालमैत्री वातावरणमा सम्पूर्ण आधारभूत अधिकार प्रत्याभूति गर्नको लागि सक्रिय सहयोग गर्ने अपेक्षा गरिएको छ ।

प्रमाणित गर्नेको

हस्ताक्षर

नामथरः

पदः

मिति :

## अनुसूची ९

दफा ४२ उपदफा (१) सँग सम्वन्धित

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
भिमाद नगरपालिका, तनहुँ

विषयः सूचिकृत गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा................ प्रदेश ............. जिल्ला........ गा.पा./न.पा. ...................... वडा नं. ...... नगर/टोलः ............. बस्ने नाति/नातिनी ...................... को छोरा/छोरी म ....................... ले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि स्थानीय तहमा सूचिकृत भई बालबालिकाको संरक्षण गर्न ईच्छुक भएको हुँदा कार्यविधीको नियम ४२ बमोजिम देहायका कागज संलग्न राखि यो निवेदन पेश गरेको छु ।

**संलग्न गरिएका कागजातहरु**

१.
२.
३.
४.

दस्तखतः
नामः
ठेगानाः
सम्पर्क नं.

## अनुसूची १०

दफा ४ उपदफा (२) सँग सम्वन्धित

मितिः

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु,
भिमाद नगरपालिका, तनहुँ

विषयः सूचिकृत गरी पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा तनहुँ जिल्ला भिमाद पालिका वडा नं...... ............... टोलमा रहेको यस ......... ......... .......................... संस्थाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि ......... ......... ......... तहाँ स्थानीय तहमा सूचिकृत भई बालबालिकाको संरक्षण गर्न ईच्छुक भएको हुँदा कार्यविधीको नियम ४१ बमोजिम देहायका कागज संलग्न राखि यो निवेदन पेश गरेको छु ।

संलग्न गरिएका कागजातहरु

१.
२.
३.
४.
५.

दस्तखतः

नामः

पदः

सम्पर्क नं.

संस्थाको छापः

# अनुसूची ११

दफा ४३ उपदफा (३) सँग सम्वन्धित

भिमाद नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहुँ

गण्डकी प्रदेश, नेपाल

संस्था सूचीकरणको प्रमाण पत्र

सूचीकरण नं

सूचीकरण मितिः

श्री ................ ............... संस्था

ठेगाना ............ ..................

तनहुँ जिल्ला भिमाद नगरपालिकाको वडा नं .................. ................ मा रहेको ................ ............... संस्थालाई भिमाद नगरपालिकामा सूचीकरण गरी यस नगरपालिकाको बाल अधिकार संरक्षण तथा सम्वर्धन सम्बन्धी एकीकृत कार्यविधि २०८३ को दफा २८ को उपदफा (३) ले व्यवस्था गरे अनुसार सूचीकरण गरि प्रमाण पत्र प्रदान गरिएको छ ।

बालबालिकाको संरक्षणमा बालबालिका सम्बन्धी ऐन, २०७५ लगाएत बालबालिका सम्बन्धी विद्यमान कानूनको अधीनमा रही बालबालिकाको संरक्षणमा उल्लेखनीय भूमिकाको अपेक्षा गर्दछौ ।

प्रमाणित गर्ने

नामः

पदः

दस्तखतः

## अनुसूची १२

दफा ६२ (२) सँग सम्वन्धित

### प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्वन्धी मापदण्ड, २०८३

**प्रस्तावनाः** भिमाद नगरपालिका भित्र प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिशु विकास केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरूपता ल्याई गुणात्मक सुधार गर्ने उद्देश्यले भिमाद नगरपलिका शिक्षा ऐन, २०७७ को परिच्छेद- १२ को दफा ६८ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "प्रारम्भिक बालविकास सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८३" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "ऐन" भन्नाले भिमाद नगरपालिका शिक्षा ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले भिमाद नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले भिमाद नगरपालिकालाई सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) "शाखा" भन्नाले भिमाद नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(छ) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले चारवर्ष उमेर पूरा गरेका बालबालिकालाई एकवर्षको शिक्षा दिने प्रयोजनका लागि स्थापित केन्द्र सम्झनु पर्छ ।

(ज) "केन्द्र" भन्नाले नगरपलिकाको अनुमतिमा सञ्चालित प्रारम्भिक बाल विकास केन्द्र वा शिशु विकास केन्द्र वा दुबैलाई सम्झनु पर्छ ।

३. **केन्द्र स्थापनाः** (१) कुनै व्यक्ति वा संस्थाले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची–१ बमोजिमको ढाँचामा माघ १ गतेदेखि फागुन मसान्त भित्रमा शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदक संस्थालाई केन्द्र स्थापना गर्न नगरपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया पुरा गरेको अवस्थामा मात्र अनुमति दिनु पर्नेछ ।

यस मापदण्ड बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची–२ बमोजिमको ढाँचामा चैत्र १५ गतेभित्र नगर शिक्षा समितिको निर्णयानुसार नगर शिक्षा अधिकारीले अनुमति दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस निर्देशिकामा तोकिएका आधारहरू बमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

(४) निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनुपर्नेछ ।

(क) आफूले बालबालिकालाई उपलव्ध गराउन प्रस्तव गरेका सेवा सुविधाहरू ।

(ख) आफूले सञ्चालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालबालिकाहरूको उमेर समूह ।

(ग) अभिभावकहरू सँगको छलफल बैठक तथा निजहरूको अपेक्षा ।

(घ) भवनभित्र र भवन बाहिर बालबालिकाहरूलाई उपलव्ध गराईने सुविधा तथा सिकाइ प्रकृया।

(ङ) ध्वनी प्रदुषण, छिमेकीहरूबाट हुन सक्ने प्रदुषण तथा अवरोध, फोहोरमैला व्यवस्थापन, ढल निकास प्रवन्ध आदि बारे व्यवस्थापकीय योजना र त्यसबाट प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता।

४. **केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधारः** (१) केन्द्र स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन

(ख) खेल्ने चौर, बाल उद्यान र खेल सामाग्रीहरू

(ग) ~~उपयुक्त~~ धुलो तथा चिसो रहित बसाइ व्यवस्थापन भएको

(घ) सफा, स्वच्छ र शुद्ध खानेपानी र शौचालय भएको

(ङ) पौष्टिक खाजा खाने व्यवस्था गरिएको

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त केन्द्रले यस मापदण्डमा तोकिएका आधारहरू बमोजिम संस्थाको सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्द गर्न सकिनेछ ।

५. **आवश्यक जनशक्तिः** (१) केन्द्र स्थापना गर्नका लागि देहायका जनशक्ति व्यवस्था गरेको हुनु पर्नेछ।

(क) प्रति कक्षा कम्तीमा एकजना तालिम प्राप्त सहजकर्ता

(ख) बालबालिकाको हेरचाह गर्न आवश्यक सुसारेहरू

(ग) प्रति २० जना बालबालिकाको स्याहार सुसार गर्न एकजना सुसारे वा आया

(घ) आवश्यकता अनुसार अन्य कर्मचारी

६. **स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेः** केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवम् नगरपालिका बाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेछ ।

७. **स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेः** प्रारम्भिक बाल शिक्षा केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवम् नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नुपर्नेछ ।

८. **पारिश्रमिक सम्बन्धी व्यवस्थाः** केन्द्रमा कार्यरत शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक रूपमा भुक्तानी गर्नुपर्नेछ ।

९. **नियुक्तिपत्र दिनुपर्नेः** (१) केन्द्रमा कार्यरत सबै प्रकारका शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई अनिवार्य रूपमा नियुक्ति पत्र दिएर मात्र काममा लगाउनुपर्नेछ ।

(२) नियुक्ति पत्रमा कर्मचारीले पाउने सेवा सुविधा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

१०. **केन्द्रको व्यवस्थापन समितिः** (१) केन्द्रको सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्न देहाय बमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

(क) लगानीकर्ता मध्येबाट केन्द्रको सिफारिसमा नगरपलिकाद्वारा मनोनित -अध्यक्ष

(ख) सम्वन्धित वडा अध्यक्ष वा वडा समितिको सदस्य -सदस्य

(ग) अभिभावकहरू मध्येबाट व्यवस्थापन समितिद्वारा मनोनित एकजना महिला सहित दुई जना -सदस्य

(घ) केन्द्रको प्रमुख -सदस्य सचिव

(२) केन्द्र सञ्चालन सम्वन्धमा आवश्यक स्रोत जुटाउने, भौतिक पूर्वाधार तयार गर्ने जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ ।

(३) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक बस्नु पर्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा नगरपालिकाका सम्बन्धित शिक्षा अधिकृतलाई पर्यवेक्षकका रूपमा अनिवार्य रूपमा आमन्त्रण गर्नुपर्नेछ ।

११. **धरौटी राख्नु पर्नेः** (१) केन्द्र खोल्ने अनुमति लिँदा सञ्चालनको सुरक्षण प्रमाण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा मुद्धती खातामा राख्नु पर्नेछ ।

(क) प्रारम्भिक बाल शिक्षा केन्द्रको लागि एक लाख पचास हजार रूपैयाँ,

(२) मुद्धती खाताको सञ्चालन नगरपालिकाको अधिकृत कर्मचारी र केन्द्रको प्रतिनिधिको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

(३) मुद्धती खाताको व्याज रकम केन्द्रले खर्च गर्न पाउनेछ ।

१२. **दर्ता शुल्कः** केन्द्र दर्ता गर्दा देहाय बमोजिमको शुल्क लाग्नेछ ।

(क) निवेदन शुल्क रु. एक हजार

(ख) अनुमति शुल्क रु. पाँच हजार

१३. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) केन्द्रले शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अघावै शुल्क प्रस्ताव गरी नगरपलिकामा पेस गर्नुपर्नेछ ।

(२) केन्द्रले नगरपालिकाले तोकेबमोजिमको शुल्क लिनुपर्नेछ ।

(३) केन्द्रले मासिक तथा वार्षिक रूपमा लिने शुल्क वृद्धि भएपछि तीन वर्षसम्म शुल्क वृद्धि गर्न पाइने छैन।

१४. **विशेष व्यवस्थाः** (१) यो मापदण्ड लागु हुनुपूर्व नगरपलिकामा व्यवसाय दर्ता गरी सञ्चालित मन्टेश्वरी/शिशु विकास केन्द्रले यो नियमावली लागु भएको तीन महिनाभित्र शैक्षिक संस्थाको रूपमा अनुमतिका लागि नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपलिकाले आवश्यक छानविन गरी यो मापदण्ड जारी भएको छ महिनाभित्र प्रारम्भिक बाल शिक्षा केन्द्र वा शिशु विकास केन्द्रमध्ये उपयुक्तताका आधारमा कुनै एकको लागि अनुमति दिन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि निवेदन नदिएमा वा उपदफा (२) बमोजिम अनुमति प्राप्त नगरेमा त्यस्ता केन्द्रहरू यो मापदण्ड लागु भएको छ महिनापछि स्वतः खारेज हुनेछन् ।

१५. **प्रमाणपत्र जारी गर्न नपाउनेः** शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका बालबालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधि धारका औपचारिक कार्यक्रम गर्न पाउने छैन ।

१६. **सवारी साधनको प्रयोग गर्न नपाउने:** (१) केन्द्रले बालबालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन र लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैनन् ।
(२) उपदफा (१) बमोजिम बालबालिकालाई ल्याउन तथा लैजान सवारी साधन आवश्यक भएमा सवारी साधनको विवरण प्रमाणसहित नगरपालिकाको अनुमति लिनुपर्नेछ । अनुमति माग गर्दा चारपांङ्ग्रे सवारी साधानका लागि मात्र अनुमति माग गर्न पाइनेछ ।

(३) नगरपलिकाले अनुमति दिंदा सवारी साधन बालमैत्री भए नभएको यकिन गरेर मात्र अनुमति दिनेछ ।

(४) उपदफा (२) बमोजिम अनुमतिका लागि निवेदन पेस गर्दा सवारी साधन प्रयोग गर्ने बालबालिकाका अभिभावकको मञ्जुरी समेत निवेदन साथै पेस गर्नुपर्नेछ ।

१७. **प्रगति विवरण प्रमाण पेस गर्नुपर्ने:** (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निम्नलिखित कागजात सहित वार्षिक प्रगति विवरण महाशाखामा पेस गर्नुपर्नेछ ।
(क) लेखापरीक्षण प्रतिवेदन
(ख) व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि
(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
(घ) विद्यार्थी विवरण

१८. **जरिवाना:** (१) यो मापदण्ड बमोजिम अनुमति नलिई केन्द्र सञ्चालन गरेमा दसहजार रुपैयाँदेखि पचासहजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।
(२) केन्द्रले नगरपालिकाले तोकेको भन्दा बढी शुल्क लिएमा पाँचहजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवान गरिनेछ ।

१९. **पुनरावलोकन:** (१) कुनै संस्थालाई दफा १८ बमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा नगरपलिका समक्ष पुनरावलोकन गर्न सकिनेछ ।
(२) उपदफा (१) बमोजिम परेको पुनरावलोकन उपर नगरपालिकाले आवश्यक छानविन गर्नेछ।

२०. **लेखापरीक्षण: (**१) प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानुनबमोजिम आय–व्ययको लेखा राख्नुपर्नेछ ।
(२) प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानुनबमोजिम सूचीकृत लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

२१. **केन्द्रको नामकरण:–** प्रारम्भिक बाल विकास केन्द्र नामकरण गर्दा राष्ट्रिय महत्त्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तित्वको नाम, शिक्षा क्षेत्रमा महत्त्वपूर्ण प्रमाण योगदान गरेको शिक्षाप्रेमी तथा सञ्चालक संस्था आदिको नाम बाट सञ्चालन गर्नेगरी नामकरण गर्नु पर्नेछ । केन्द्र दर्ता भई सकेको नाममा अर्को केन्द्र दर्ता हुनसक्ने छैन ।

२२. **खुल्ने र बन्द हुने समय:–** शनिवार र अन्य सार्वजनिक विदाको दिन बाहेक वर्षमा वढीमा १० दिन केन्द्र बन्द हुन सक्नेछ।१० दिनमध्ये कम्तीमा ३ दिन प्र.अ./शिक्षक/सहजकर्ता/कर्मचारीलाई तालिम (पुर्नताजगी वा विषयगत) उपलव्ध गराउने प्रवन्ध केन्द्रको तर्फबाट नै गर्नुपर्नेछ ।

२३. **केन्द्रको न्यूनतम मापदण्ड:–** दफा ४ को अतिरक्ति केन्द्रको न्यूनतम मापदण्ड देहाय बमोजिम हुनुपर्नेछ ।
(क) केन्द्र बालबालिकाको घरबाट १५–२० मिनेटको पहुँचमा हुनुपर्नेछ ।

(ख) कम्तीमा प्रति बालबालिकाको लागि १.०० वर्गमिटर क्षेत्रफलको कोठा र ८ फिट उचाई, उज्यालो ढोका भएको ताला लगाउन मिल्ने कोठा हुनुपर्नेछ ।

(ग) कोठा बालबालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ साथै केन्द्र सञ्चालन गर्ने भवनको चारैतर्फ खुला र अन्य घर नजोडिएको शान्त, उज्यालो तथा दोहोरो हावा बहन गर्नसक्ने हुनुपर्नेछ । झ्यालमा ग्रिल राखेको हुनुपर्नेछ ।

(घ) कोठाको क्षेत्रफल बालबालिकाको लागि स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुका साथै भवनमा पर्याप्त पार्किङ सुविधा, स्थानीय मानिसहरूका लागि सहज तरिकाले आवत जावत गर्न मार्ग भएको हुनु पर्नेछ । प्रत्येक कक्षा कोठामा कम्तीमा ५ जनाको ५ वटा सानो सानो समूह र २० देखि २५ जना बालबालिकाको ठूलो समूहलाई स्वतन्त्र रूपले बस्न, चल्न, खेल्न, नाच्न, घेरामा वसेर छलफल गर्नउपयुक्त ठाउँ रहेको हुनु पर्नेछ । कोठा सफा, सुरक्षित, आकर्षक र सजिलै हिंडडुल गर्न सकिने हुनुपर्नेछ । साथै केन्द्र भवन आसपासमा पेट्रोल पम्प, मुख्य सडक, बसपार्क, खुलामञ्च, वाचनालय, कलकारखाना तथा ट्राफिक जोखिम नभएको स्थलमा हुनुपर्नेछ ।

(ङ) केन्द्र परिसर खुला इनार, पोखरी, भिर, खोला, फोहोर संकलन केन्द्र, बसपार्क, ध्वनी प्रदुषक उधोग धन्दा, मैदानबाट ५०० मिटर बाहिर हुनका साथै भवनमा अग्नी नियन्त्रक उपकरण समेत हुनुपर्नेछ।

(च) अनिवार्यतः भुँइतलामा सञ्चालन भएको हुनुपर्नेछ ।

(छ) भवनले ओगटेको जमिनको भागको कम्तीमा दुई तिहाइ खाली जमिन खेलमैदानको रूपमा हुनुपर्नेछ।

(ज) बालबालिकाको उमेर सुहाउँदो शौचालय हुनु पर्नेछ । शौचालय बालबालिकाको संख्या अनुसार पर्याप्त हुनु पर्नेछ । शैचालयमा अनिवार्यतः साबुन, रुमाल, पानी, ट्वाइलेट पेपर, नियमित सफा सुग्घर गर्ने सरसामानहरू तथा नियमित सरसफाई गर्ने प्रबन्ध हुनुपर्नेछ ।

(झ) प्रत्येक कक्षा कोठामा उपयुक्त शैक्षिक सामाग्री, सिकाई सामाग्री, पाठ्यपुस्तक (चित्र अंकित कम्तीमा ५० पुस्तक सहित अन्य पुस्तकहरू), बालबालिकाको व्यक्तिगत सामान छुट्टा छुट्टै राख्ने गरी प्रवन्ध गरेको हुनुपर्नेछ ।

(ञ) बालबालिकाले तयार पारेका क्रियाकलापहरू सबैले देख्ने गरी बालबालिकाको आँखाको लेवलमा भित्तामा टाँस्नु पर्नेछ । पाटीको साईज तथा झुण्ड्याइने स्थान बालबालिकाको सहज पहुँचमा हुनुपर्नेछ ।

(ट) बालबालिकाको लागि आवश्यक खेल सामाग्री कक्षामा नै हुनुपर्नेछ ।

(ठ) बालबालिकालाई भुँइको चिसो र फोहोरले असर नपर्ने गरी बसाईको लागि गुन्द्री/नरम चकटी/फल्याक/कार्पेटको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(ड) कार्यालय कोठा, कपडा फेर्ने कोठा, विरामी आराम कक्ष, प्राथमिक उपचार कक्ष, नुहाउने कोठा, कपडा धुने, भाँडा माझ्ने, खाना पकाउने जस्ता भौतिक संरचनाहरू भवन भित्र अलग्गै हुनु पर्नेछ । हातहतियार, औषधी, किटनाशक औषधीहरू तथा बालबालिकाको लागि हानिकारक हुने संरचनाहरू उनिहरूको पहुँच नहुने गरी राख्नु पर्नेछ ।

(ढ) बालबालिकाहरू एक अर्कासम्म सहजै पुग्न मिल्ने र हिंडडुल गर्न मिल्ने गरी बस्ने, खेल्ने, सुत्ने व्यवस्था गरिएको हुनुपर्नेछ ।

(ण) सिकाइको माध्यम अभिनय, खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप, स्वावलम्वन सिकाइ, विज्ञान सिकाई तथा अभ्यासजनक आवश्यक सिकाई सामाग्री प्रत्येक कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ ।

(त) प्रत्येक बालबालिकाको लागि पुग्दो सफा र शुद्द सुरक्षित पिउने पानी, सरसफाइको लागि पर्याप्त पानी, प्राथमिक उपचारको लागि आवश्यक औषधिहरू, स्वास्थ्य चौकीबाट उपलब्ध गराईने नियमित स्वास्थ्य सेवा सुनिश्चित गरिनु पर्दछ । खाजा तथा खाना उपलव्ध गराउने बार अनुसारको स्वस्थ तथा स्वास्थ्यवर्धक खाना खाजाको विवरण (उमेर अनुसार) यकिन गरी अभिभावक समेतलाई उपलव्ध गराउनु पर्नेछ । समय समयमा खानाको गुणस्तर परीक्षण गराउनु पर्नेछ ।

(थ) बालबालिकालाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी गराउन वास्तविकता झल्काउने खालका पूतली, व्लक, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, केन्द्र, टाँक, तुना, चेन, तराजु, स्केल, माटो, वालुवा, काठका टुक्रा, कागजतका टुक्रा, फूल, भाँडा वर्तन, लुगाफाटा, बाजागजा, साग सब्जी, फलफूल, माछा, भान्छाका सामानहरू, रबर बल, बाँसका टुक्राहरू, मकैको खोस्टाहरू, विभिन्न किसिमका बियाँहरू, नरिवलको खपडा, लप्सीका विया आदि खेलौनाहरूको नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(द) भर्ना पुस्तिका, दैनिक हाजिर पुस्तिका (कर्मचारी र बालबालिकाको लागि), बैठक पुस्तिका, स्वास्थ्य पुस्तिका, प्रत्येक बालबालिकाको लागि र प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीहरूको लागि १/१ वटा व्यक्तिगत फाइल तथा पूर्व लेखन अभ्यास पुस्तिका हुनु पर्नेछ । अभिभावकहरूको लागि आगमन तथा सुझाव पुस्तिका, विशेष घटना रेकर्ड पुस्तिका, बालबालिकाको उचाई तथा तौल नापजाँच पुस्तिका तथा अभिभावक सम्पर्क विवरण प्रमाण पुस्तिका अलग्गै रहनुपर्नेछ ।

(ध) विद्यार्थी रेकर्ड, आम्दानी खर्च रेकर्ड, विद्यार्थी प्रगति अभिलेख तथा अन्य रेकर्डहरू व्यवस्थित रूपमा राख्ने प्रवन्ध गर्नुपर्नेछ ।

(न) प्रत्येक बालबालिकालाई समान रूपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालबालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले नम्र व्यवहार गर्ने रुचि भएका, बालबालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्ने बाल सक्रियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचि राख्ने, सिकाइ सामग्रीहरूको उचित प्रयोग गर्नसक्ने सिपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्न जान्ने, नेपाली संस्कार, संस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको बान्छनीय योग्यता मानिनेछ ।

(ऩ) केन्द्रको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रमाणित गराई राख्ने प्रवन्ध हुनुपर्नेछ।

(प) फोहोरमैला तथा ढल व्यवस्थापनको तरिका फोहोरमैला व्यवस्थापन ऐन तथा नियमअनुसार भिमाद नगरपलिकाले तोकेबमोजिमको हुनेछ । केन्द्र परिसर विपद पर्दाको बखत समेत सुरक्षित हुने तरिकाले प्रवन्धित हुनुपर्नेछ ।

२४. **अनिवार्यतः दैनिक गर्नुपर्ने न्यूनतम क्रियाकलापः–** केन्द्रले प्रत्येक दिन कम्तीमा निम्नलिखित क्रियाकलापहरू अनिवार्य गर्नुपर्नेछ ।

(क) बालबालिकालाई न्यानो स्वागत

(ख) सरसफाई अवलोकन तथा सरसफाई

(ग) व्यायाम

(घ) प्रार्थना

(ङ) दिसा पिसाव गराउने

(च) घेरा समय

(छ) हाजिरी

(ज) गित, कथा, अभिनय, सृजनात्मक चाल, बालबालिकाहरूको मौलिक क्रियाकलाप

(झ) पुनरावलोकन/ठूलो समूहमा छलफल

(ञ) पूर्व साक्षरता/पूर्व लेखन क्रियाकलाप

(ट) सामूहिक स्वतन्त्र खेल, समूह खेल रस्वावलम्वन सीप विकास खेल, बाहिरी खेल,

(ठ) खाजा तथा खाना समय

(ड) पुस्तक तथापाठयसामाग्रीको प्रयोग,

(ढ) आराम कक्ष

(ण) मातापिता र गुरुप्रती आभारी हुने सिकाइ तथा विदाइ गीत लगायत ।

२५. **नक्सांकनका आधारमा मात्र केन्द्र खोल्न सकिने**: नगरपालिका भित्र खुलेका र भविष्यमा खुल्ने प्रारम्भिक बाल शिक्षा केन्द्रलाई नक्सांकनका आधारमा पुर्नवितरण प्रमाण गर्दा वा नयाँ खोल्दा नक्सांकन भित्र पर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

२६. **यस मापदण्ड बमोजिम हुने**: यस मापदण्डमा उल्लिखित कुराहरू यसै बमोजिम र अन्य कुराहरू प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

## अनुसूची– १

## प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री.............................

.................................

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।

शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति....................को निर्णयानुसार देहायका विवरण प्रमाण र काँगजात संलग्न गरी यो निवेदन पेश गरेको छु/छौं ।

**(क) प्रस्तावित केन्द्रको:–**

१. नाम :

२. ठेगाना : नगरपालिका ....................वडा नं. ......................... नगर वा टोल..................... फोन नं..........

३. सेवा पुर्याइने बालबालिकाको संख्या :

(ख) **सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने केन्द्रको: –**

(१) नामः–　　(२) ठेगनाः–　　(३) फोन नंः

**(ग) प्रस्तावित केन्द्रको भौतिक पूर्वाधारहरूः**

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की (इ) के ले बनेको (ई) भाडारणः आफ्नै/सार्वजनिक

(२) फर्निचरको विवरणः (अ) मेचः (आ) टेवुलः (इ) वेञ्च र डेस्कः

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः(अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

(४) शौचालयको अवस्थाः (अ) संख्या (आ) कच्ची र पक्की

**(घ) पानीको व्यवस्था भए नभएको:**

(१) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(२) पाठ्यसामाग्रीको नाम र संख्या : (अ) (आ) (इ)

(३) आर्थिक विवरणः (अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(४) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(५) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण प्रमाण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदकको,–                                                                 संस्थाको छाप

सहीः

नामः–

ठेगाना :

मितिः–

**संलग्न कागजात :**

१. भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।
२. संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।
३. आपसी सहयोग समूहबाट निवेदन दिएको भए त्यस्तो समूहको बैठकको निर्णय ।
४. कुनै केन्द्र सँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस ।

## अनुसूची–२

## प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री.........................................

..............................................

विषय : प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति

तपाईले त्यस संस्थाले प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस भिमाद नगर कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली,........ समेतको पूर्वाधार पूरा गरेको र यस कार्यविधी अनुसार मापदण्ड पुरा गरेको हुँदा शैक्षिकसत्र.................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको:–

कार्यालयको छाप

सही:

नाम :

पद:

मिति:

## अनुसूची - १३

दफा ७४ (४) सँग सम्वन्धित

बालमैत्री स्थानीय शासनका सूचकहरु र न्यूनतम प्रगति प्रतिशत

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्राप्ताङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| क | **बाल बचाऊ** | | | | | |
| १ | गर्भवती महिलाहरुले कम्तीमा प्रसूति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनेछन् । | | | ९५ | | |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनेछन् । | | | ९५ | | |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आइरन चक्की (जम्मा २२५ वटा) खाएको हुनेछन् । | | | ९५ | | |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | | | ८० | | |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको हुनेछन् । | | | ८० | | |
| ६ | ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक मिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | | | १०० | | |
| ७ | एक वर्षभित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | | | १०० | | |
| ८ | एचआइभि संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophylaxis पाएका हुनेछन् । | | | १०० | | |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | | | १०० | | |

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्रासाङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| १० | कम तौल, पुड्कोपन र ख्याउटेपन हुने पाँच वर्षमुनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | | | ८० | | |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या न्यून भएको हुनेछ । | | | १०० | | |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | | | १०० | | |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | | | १०० | | |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेको तथा वडा/नगरपालिका खुला दिसामुक्त घोषणा भएको हुनेछ । | | | १०० | | |
| **ख** | **बाल संरक्षण** | | | **१००** | | |
| १५ | ५ वर्षमुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | | | १०० | | |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पूनर्स्थापना भएको हुनेछ । | | | १०० | | |
| १७ | नगरपालिका बाल विवाहमुक्त भएको हुनेछ । | | | १०० | | |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका बिरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दूर्व्यवहारमा कमी आएको हुनेछ । | | | ८० | | |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ । | | | १०० | | |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | | | ९५ | | |

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्राप्ताङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| २१ | नगरपालिका/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेको हुनेछ । | | | १०० | | |
| २२ | नगरपालिकामा सडक बालबालिकाको सङ्ख्या शून्य भएको हुनेछ । (सडक बालबालिका भएमा उनीहरुलाई बालगृहमा राखी व्यवस्थापन भएको हुने) । | | | १०० | | |
| २३ | नगरपालिकामा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | | | १०० | | |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछ । | | | १०० | | |
| ग | बाल विकास | | | १०० | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भै टिकाउ दर सत प्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएको बालबालिकाहरुको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | | १०० | | |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सत प्रतिशत बालबालिकाले आधारभूत शिक्षा (कक्षा १ देखि ८ सम्म) पुरा गरेका हुनेछन् । | | | १०० | | |
| २७ | प्रत्यक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | | | १०० | | |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गमैत्री र सरक्षित भएको हुनेछन् । | | | १०० | | |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | | | १०० | | |

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्राप्ताङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग विसर्जन गर्ने व्यवस्था गरेको हुनेछन् । | | | १०० | | |
| घ | **बाल सहभागिता** | | | | | |
| ३१ | नगरपालिकामा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३२ | नगरपालिकाका बस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशिल (न्यूनतम् वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेको हुनेछन् । | | | ९५ | | |
| ३३ | कक्षा ५ भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहेको हुनेछ । | | | १०० | | |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ । | | | १०० | | |
| ३५ | नगरपालिकामा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | | | ९० | | |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु नगरपालिकाको योजनामा समावेश भएको हुनेछ । | | | १०० | | |
| ङ | **संस्थागत विकास** | | | | | |
| ३७ | नगरपालिका, वडा र वस्तीस्तरमा बाल अधिकार समिति वा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेको हुनेछन् । | | | १०० | | |

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्रासाङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| ३८ | नगरपालिकाले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुनेछन् । | | | १०० | | |
| ३९ | नगरपालिका/वडामा कम्तीमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | | | ८० | | |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा नगरपालिकाको विकास योजना र बालबालिकाका लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | | | १०० | | |
| ४१ | नगरपालिकाको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | | | १०० | | |
| ४२ | नगरपालिकामा बालबालिका सम्बन्धी स्थिति पत्र तयारी तथा प्रकाशन र अध्यावधिक भएको हुनेछ । | | | १०० | | |
| ४३ | प्रारम्भिक बाल विकास केन्द्रहरुले नगरपालिकाले तोकेका मापदण्ड पुरा गरेका हुनेछन् । | | | १०० | | |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुका लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | | | १०० | | |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट बञ्चित भएका बालबालिकाहरुको जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम) प्राप्त गरेका हुनेछन् | | | ८० | | |

| क्र. सं. | सूचक | आधार अवस्था | हालको अवस्था | न्यूनतम् प्रतिशत | प्रासाङ्क | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|
| ४६ | नगरपालिकामा रहेका प्रहरी कार्यालयहरुमा बालमैत्री कक्ष र बालमैत्री सम्पर्क इकाई रहेको हुनेछ । | | | १०० | | |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु नगरपालिकाले तोकेको न्यूनतम् मापदण्डअनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | | | १०० | | |
| ४८ | नगरपालिकाको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | | | १०० | | |
| ४९ | बस पार्क, सिनेमाहल, हाटबजार, खेलमैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानीको व्यवस्था भएको हुनेछ । | | | १०० | | |
| ५० | नगरपालिकाको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता संवोधन गरेन प्रावधान समावेश भएको हुनेछ । | | | १०० | | |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगका लागि संस्थागत व्यवस्था भएको हुनेछ । | | | १०० | | |

## अनुसूची – १४

दफा ८४ (१) सँग सम्वन्धित

नगरपालिकाको स्तर वर्गीकरणका आधारहरु

| **स्थानीय तहको वर्गीकरण** | **आधारभूत सूचक** | **घोषणाको स्वीकृति दिने निकाय** | **कैफियत** |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सो भन्दा बढी | वडा समितिको सिफारिसमा कार्यपालिकाको बैठक | ८०% वा सो भन्दा बढी |
| बालमैत्री उन्मुख वडा | ७०% देखि ७९% सम्म | वडा प्रतिवेदनको आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सो भन्दा बढी | प्रदेश सरकार | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह | ७०% देखि ७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अवलम्बन नगरेको स्थानीय तह | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |

## अनुसूची – १५

### दफा ८६ (१) सँग सम्वन्धित

### बालमैत्री स्थानीय शासन नगरपालिका वस्तुगत विवरणको खाका

**(क) प्रोफाइलको कभरपृष्ठ**

**(ख) गाउँपालिका/नगरपालिकाको नक्सा**

**(ग) मन्तव्य (आवश्यक भएमा)**

१. गाउँपालिका/नगरपालिकाको परिचय

१.१ गाउँपालिका/नगरपालिकाको भौगोलिक अवस्थिति

१.२ हावापानी, भू-उपयोग

१.३ ऐतिहासिक पृष्ठभूमि तथा विशेषता

१.४ गाउँपालिका/नगरपालिकाको आर्थिक अवस्था

१.५ गाउँपालिका/नगरपालिकाका बासिन्दाहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

१.६ विकासका सम्भावना, अवसर, चुनौती र समस्याहरू

**२. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र**

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता

२.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.३ जिल्ला, नगर तथा गाउँस्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था

२.४ बाल समूह वा बाल क्लबहरू

२.५ बालमैत्री गाउँपालिकाको अवधारणा

२.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

२.७ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बाल विकास, बाल सहभागिता)

२.८ बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरू

२.९ बालमैत्री सुशासनयुक्त गाउँपालिकाको स्थापनाका लागि अवसर र सम्भावनाहरू

**३. जनसंख्या**

३.१ उमेर समूह तथा जातिगत आधारमा जनसंख्या

३.२ मातृभाषाका आधारमा जनसंख्या

३.३ जनसंख्या वृद्धिदर

३.४ जन्म दर्तासम्बन्धी विवरण

३.५ बाल विवाहको अवस्था

३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

**४. बाल तथा मातृ स्वास्थ्य**

४.१ सुरक्षित मातृत्व कार्यक्रम

४.२ खोप लगाउने बालबालिकासम्बन्धी विवरण

४.३ बालबालिकामा पोषणको स्थिति

४.४ बालबालिकामा देखा पर्ने गरेका मुख्य रोगहरू र तिनको उपचार व्यवस्था

४.५ परिवार नियोजनको साधन प्रयोगकर्ताको विवरण

४.६ प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तीमा २ पटक स्वास्थ्य परीक्षण गराउने गर्भवती महिलाहरूको विवरण

४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरूको विवरण

४.८ नियमित रूपमा तौल लिइएका बालबालिकासम्बन्धी विवरण

४.९ भिटामिन “ए” तथा जुकाको औषधि खाएका बालबालिकासम्बन्धी विवरण

४.१० आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवारसम्बन्धी विवरण

४.११ सार्वजनिक तथा निजी चर्पी र सरसफाईसम्बन्धी विवरण

४.१२ खानेपानीको स्रोत तथा उपलब्धतासम्बन्धी विवरण

**५. शैक्षिक अवस्था**

५.१ महिला तथा बालबालिकाको साक्षरता विवरण

५.२ शैक्षिक संस्थाहरूको विवरण

५.३ छात्रछात्राको विवरण

५.४ विद्यार्थी भर्ना दर

५.५ कक्षा दोहोऱ्याउने विद्यार्थीसम्बन्धी विवरण

५.६ छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण

५.७ तहगत रूपमा कुल शिक्षकसम्बन्धी विवरण (शिक्षक शिक्षिका विवरण)

५.८ शिक्षकको तालिमसम्बन्धी विवरण

५.९ गाउँपालिकास्तरमा विद्यार्थी र शिक्षकको अनुपात

५.१० विद्यालयमा खानेपानीको सुविधा

५.११ छात्रछात्राको लागि शौचालयको व्यवस्था

५.१२ कक्षा कोठा, फर्निचर, खेल मैदानसम्बन्धी विवरण

५.१३ विद्यालय जान लाग्ने समय

५.१४ बिद्यालय जान छोड्नेहरूसम्बन्धी विवरण

५.१५ बाल विकास केन्द्र वा पूर्व प्राथमिक विद्यालयको विवरण

**६. बाल संरक्षण**

६.१ द्वन्द्व पीडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण

६.२ विस्थापित बालबालिकासम्बन्धी विवरण

६.३ बालश्रमिकसम्बन्धी विवरण

६.४ बाल यौन शोषण तथा बेचबिखनसम्बन्धी विवरण

६.५ सडक बालबालिकाको विवरण

६.६ कुलतमा लागेका बालबालिकाको विवरण

६.७ उमेर समूह अनुसार मृत्यु हुने बालबालिकाको विवरण

६.८ खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण

६.९ जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती महिला तथा बालबालिकाको विवरण

६.१० संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण

**७. आर्थिक विकास**

७.१ पेशा तथा रोजगारीको अवस्थासम्बन्धी विवरण

७.२ युवा रोजगारीसम्बन्धी विवरण

७.३ रोजगारीका लागि विदेशमा गएकाहरूको विवरण

७.४ दैनिक कार्य घण्टा विवरण (महिला, पुरुष)

**८. प्रकोप तथा शान्ति सुरक्षा**

८.१ प्रकोपको विवरण

८.२ प्रकोपबाट भएको क्षतिको विवरण

८.३ बाल अपराधको विवरण

## अनुसूची – १६

दफा ८६ (१) सँग सम्वन्धित

बालबालिकाको स्थिति सम्बन्धी प्रतिवेदनको ढाँचा

प्रतिवेदनको कभरपृष्ठ

जिल्ला / गाउँपालिका / नगरपालिकाको नक्सा

मन्तव्य (आवश्यक भएमा)

**भाग १ परिचय**

१.१ गाउँपालिका / नगरपालिकाको चिनारी

१.२ बालमैत्री स्थानीय शासनको अवधारणा

१.३ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता

१.४ बालबालिका सम्बन्धी विद्यमान ऐन कानूनहरू

१.५ बालमैत्री स्थानीय शासनका अवसर, चुनौति र समस्याहरू

**भाग २ बालबालिकाको विद्यमान अवस्था**

२.१ विभिन्न उमेर समूहका बालबालिकाको जनसंख्या

२.२ बाल श्रमको अवस्था

२.३ सडक बालबालिका

२.४ बाल यौन शोषण र दुर्व्यवहारको अवस्था

२.५ अपाङ्गता भएका बालबालिका

२.६ बालबालिका सम्बन्धी घटनाहरू

३.७ बाल विवाहको अवस्था

३.८ बालबालिका र एच.आई.भी एड्स

**भाग ३ बाल अधिकार र बालबालिकाको अवस्था**

३.१ बाँच्न पाउने अधिकार

३.२ संरक्षणको अधिकार

३.३ बाल विकासको अधिकार

३.४ बाल सहभागिताको अधिकार

**भाग ४ बालबालिका सम्बन्धी योजना तर्जुमा र कार्यान्वयनको अवस्था**

४.१ बालबालिकाको लागि स्थानीय विकास योजना

४.२ बालबालिकाको लगानी योजना

४.३ योजनाको अनुगमन तथा मुल्याङ्कन

४.४ साझेदार तथा सहयोगी संस्थाहरूको भुमिका

**भाग ५ बालबालिका सम्बन्धी भएका कार्यहरूको उपलब्धि**

५.१ दिगो विकास लक्ष्य र बालबालिका

५.२ बाल शिक्षा

५.३ बाल स्वास्थ्य

५.४ खानेपानी तथा सरसफाई

५.५ बाल अपराध र बाल न्याय

५.६ बृहत विद्यालय सुरक्षा

प्रमाणीकरण मितिः- २०८३/०३/३२

आज्ञाले,
शोभाखर पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रू.२५०/-